# विजयनगर गाउँपालिका
# गाउँपालिका  शिक्षा योजना
# (Rural Municipal Education Plan)
# (२०८२ – २०८६)

**विजयनगर  गाउँपालिका**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
**खुरहुरिया, कपिलबस्तु**
**लुम्बिनी प्रदेश,**
**नेपाल**

प्रकाशक : विजयनगर गाँउपालिका ,
गाँउपालिकाको कार्यालय
विजयनगरपालिका, कपिलबस्तु
लुम्बिनी प्रदेश, नेपाल

प्रकाशन प्रति :
सर्वाधिकार :
प्रकाशकमा
मुद्रण :

**सल्लाहकार समिति**

अध्यक्ष : श्री गोपाल बहादुर थापा मगर , विजयनगर गाँउपालिका
उपाध्यक्ष : श्री लक्ष्मी कुमारी चौधरी ,विजयनगर गाँउपालिका
प्रमुख प्रशासकीय अधिकृत : श्री शोभाराम रिजाल, विजयनगर गाँउपालिका
आर्थिक प्रशासन शाखा प्रमुख : श्री हिमकान्त आचार्य , विजयनगर गाँउपालिका

**शिक्षा योजना निर्माण कार्यदल**

संयोजकः श्री हरिहर बेल्वासे शिक्षा (शाखा प्रमुख)
सदस्यः श्री दिनेश कुमार चौधरी (सामाजिक विकास समिति संयोजक )
सदस्यः श्री वोधराज भुसाल (योजना शाखा प्रमुख)
सदस्यः श्री सुग्रिव प्रसाद कोरी (प्रधानध्यापक )
सदस्यः श्री अहमद हुसेन बढई (शिक्षा समिति सदस्य)
सदस्यः श्री राजेश कुमार उपाध्याय (वि.व्य.स.अ.)
सदस्यः श्री निर्मला महतरा थापा (बालविकास शिक्षक)

**सम्पादन मण्डल**

संयोजकः

सदस्यः

सदस्यः

सदस्यः

प्राविधिक सहयोगः   कालिका स्वावलम्बन सामाजिक केन्द्र, तौलिहवा, कपिलवस्तु

# विषयसूची


क) विषय प्रवेशः ... 9
परिच्छेद १: परिचय ... 12
१.१ वर्तमान अवस्था ... 12
१.२ गाउँपालिकाको परिचय ... 13
१.३ गाउँपालिकाको भौगोलिक अवस्थिति र सिमाना ... 13
१. ४ सामाजिक अवस्था ... 14
१.५ गाउँपालिकाको जनसङ्ख्या सम्बन्धी विवरण ... 14
१.६ शैक्षिक अवस्था ... 19
परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ... 28
२.१ शिक्षा क्षेत्र योजना निर्माणका आधारहरु ... 28
२.२ दुरदृष्टि ... 29
२.३ लक्ष्य ... 29
२.४ उद्देश्यहरू ... 29
२.५ रणनीति र कार्यनीति ... 30
२.६ अपेक्षित उपलब्धि ... 33
परिच्छेद ३: शिक्षाका उपक्षेत्रहरू ... 37
३.१ प्रारम्भिक बालविकास र शिक्षा ... 37
३.२ आधारभूत शिक्षा ... 42
३.३ माध्यमिक शिक्षा ... 49
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ... 55
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ... 58
परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र ... 60
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ... 60
४.२ शिक्षक व्यवस्थापन र विकास ... 63
४.३ शैक्षिक समता र समावेशीकरण ... 67
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ... 70
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ... 75
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ... 77
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ... 81
परिच्छेद ६ ... 86
६.१. सुशासन तथा व्यवस्थापन ... 86
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ... 89
परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन ... 91
परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन ... 95
अनुसुचीहरु ... 98

## शुभकामना

विजयनगर गाउँपालिकाले आगामी ५ वर्षलाई दृष्टिगत गर्दै तयार गर्न लागेको स्थानीय शिक्षा क्षेत्र विकास योजना हाम्रो गाउँपालिकाको शैक्षिक सुधार र समृद्धिको दिशामा एक महत्वपूर्ण मार्गचित्र हुनेछ । हाल शिक्षामा देखिएका विविध चुनौतीहरूको सम्बोधन र भविष्यका सम्भावनाहरूको उपयोग गर्न यो योजना एक सशक्त साधन बन्नेछ ।

हालको अवस्थाले देखाउँछ कि सामाजिक तथा आर्थिक रूपमा कमजोर पृष्ठभूमिका बालबालिकाहरू शिक्षामा पछि परिरहेका छन्, जसको प्रत्यक्ष असर गाँउपालिकाको शैक्षिक उपलब्धिमा देखिएको छ । स्रोतसाधनको उपस्थिति हुँदाहुँदै पनि अपेक्षित परिणाम प्राप्त हुन नसक्नु हामी सबैका लागि आत्ममूल्यांकनको विषय हो । यसले व्यवस्थापनमा देखिएका कमजोरीलाई सुधार गर्दै योजनाबद्ध रूपमा अघि बढ्नुपर्ने आवश्यकता औंल्याएको छ।

नेपालको संविधान र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७७ ले सबै बालबालिकालाई गुणस्तरीय, निःशुल्क र अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको भए तापनि त्यसको प्रभावकारी कार्यान्वयनमा केही चुनौतीहरू अझै विद्यमान छन् । विशेषगरी आर्थिक रूपले कमजोर वर्गका बालबालिकाहरूको पहुँच अझै सन्तोषजनक छैन।

यस योजनाले गाउँपालिकाको सम्पूर्ण शैक्षिक संस्थाहरूको स्तरोन्नति, स्रोतसाधनको न्यायसंगत वितरण, नियमित शिक्षक प्रशिक्षण, सहुलियत कार्यक्रम, प्रविधिको प्रयोग, र सिकाइ वातावरणको समग्र सुधारमा विशेष ध्यान दिनेछ । हामीले विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थी–शिक्षक अनुपात, र व्यवस्थापन प्रणाली सुधारमा पनि सन्तुलित ध्यान दिनु पर्नेछ।

बालमैत्री सिकाइ वातावरण निर्माण, नियमित उपस्थिति सुनिश्चितता, र विशेष आवश्यकता भएका विद्यार्थीहरूलाई लक्षित कार्यक्रमहरू सञ्चालन गरी समावेशी र उत्तरदायी शिक्षा प्रणाली निर्माण गर्नु हाम्रो लक्ष्य हो। अभिभावक, विद्यालय व्यवस्थापन समिति, समुदाय, शिक्षक र विद्यार्थी सबैको सहकार्य बिना यो सम्भव छैन ।

हामी विजयनगर गाउँपालिकामा उपलब्ध स्रोतसाधनलाई प्रभावकारी रूपमा परिचालन गरी, प्रविधि र नवप्रवर्तनको सहायताबाट शिक्षामा परिवर्तन ल्याउने दृढ संकल्पका साथ अघि बढिरहेका छौं। यो शिक्षा योजना सम्पूर्ण गाउँपालिकावासीहरूको सक्रिय सहभागितामा सफल कार्यान्वयनतर्फ उन्मुख हुनेछ भन्ने विश्वास लिएका छौं ।

अन्त्यमा, विजयनगर गाउँपालिकाका सम्पूर्ण बालबालिकाको उज्ज्वल भविष्य निर्माण गर्न हामी सबै मिलेर अघि बढ्न आवश्यक छ भन्ने भावनाका साथ यो योजनाको कार्यान्वयनको लागि पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु।

**धन्यवाद |**

**गा.पा. अध्यक्ष**

**मन्तव्य**

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचनासहित संघीय शासन प्रणालीलाई स्वीकार गरेको छ । स्थानीय तहहरू जनताको नजिक रहेका सेवा प्रवाह गर्ने जनप्रतिनिधिद्वारा निर्वाचित सरकार हुन् । संविधानको अनुसूचीमा उल्लेख गरिएअनुसार, स्थानीय तहलाई शिक्षा क्षेत्रसमेत स्पष्ट जिम्मेवारी र अधिकार प्रदान गरिएको छ।

संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। यस व्यवस्थाले स्थानीय तहहरूलाई शिक्षा क्षेत्रप्रति संवेदनशील भई गुणस्तरीय शिक्षा विकास गर्ने दिशामा अग्रसर हुन उत्प्रेरित गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यमिक शिक्षासम्बन्धी जिम्मेवारीलाई थप स्पष्ट पार्दै स्थानीय तहलाई आफ्ना अधिकार क्षेत्रभित्र रणनीतिक तथा लक्ष्यकेन्द्रित योजना बनाई कार्यान्वयन गर्ने जोहो गरेको छ।

संविधान र अन्य कानुनी व्यवस्थाले तोकेको अनुसारका जिम्मेवारीहरू निर्वाह गर्दै विजयनगर गाउँपालिकाले शिक्षा क्षेत्रको विकासका लागि योजनाबद्ध ढंगले अगाडि बढ्न **गाँउपालिका शिक्षा योजना (२०८/०८३ – २०८६/०८७)** तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

यस योजनाले शिक्षा सेवा प्रवाहको सन्दर्भमा गाउँपालिकाको हालको अवस्था, विद्यमान समस्या र चुनौतीहरू पहिचान गर्दै तिनको समाधानका लागि उपयुक्त रणनीति र प्रमुख कार्यक्रमहरू तय गरेको छ । साथै, यसले आगामी पाँच वर्षको लागि विजयनगर गाउँपालिकाको शिक्षा क्षेत्रको दिशानिर्देशन प्रदान गरेको छ ।

यस योजना कार्यान्वयन गरी तोकिएका समृद्ध शैक्षिक लक्ष्यहरू हासिल गर्न जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, आम नागरिक तथा संघ र प्रदेश सरकारको महत्त्वपूर्ण भूमिका रहनेछ । यस्तै, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकास साझेदारहरूसँगको सहकार्य बिना योजना सफल कार्यान्वयन तर्फ उन्मुख हुने विश्वास गरिएको छ ।

विजयनगर गाउँपालिकाले शिक्षा क्षेत्रको दिगो विकासका लागि तयार पारेको यो पांच वर्षीय विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा सरोकारवालाहरूको पूर्ण साथ, सहयोग र सहकार्यको अपेक्षा गर्दछ । अन्त्यमा, यो शिक्षा योजना तयार गर्न सक्रिय सहयोग गर्ने गा.पा.अध्यक्ष, उपाध्यक्ष, सामाजिक विकास समिति संयोजक, कार्यपालिका सदस्यहरू, शिक्षा समितिका पदाधिकारीहरू तथा सम्पूर्ण विजयनगर गाउँपालिका वासीहरू प्रति हार्दिक आभारसहित योजना कार्यान्वयनमा समेत निरन्तर साथ, सहयोग र सुझावको अपेक्षा व्यक्त गर्दछु।

**धन्यवाद** |

**प्रमुख प्रशासकीय अधिकृत**

## हाम्रो भनाइ

संघीय शासन प्रणाली कार्यान्वयनमा आएपछि मुलुकमा तीन तहका सरकार स्थापना भएका छन्। तीमध्ये माध्यमिक तहसम्मको शैक्षिक जिम्मेवारी मुख्यतः स्थानीय सरकारअन्तर्गत रहेको छ। कक्षा १२ सम्मको शिक्षा स्थानीय तहको मातहतमा रहेकाले यसलाई व्यवस्थित र गुणस्तरी ढंगले सञ्चालन गर्न विभिन्न प्रयासहरू भइरहेका छन्।

विजयनगर गाउँपालिकाको सन्दर्भमा कुरा गर्दा, २०७४ सालमा निर्वाचित जनप्रतिनिधिहरूको नेतृत्वमा शैक्षिक विकासका लागि उल्लेखनीय रचनात्मक कार्यहरू थालिएका छन् । गाउँपालिकाले शिक्षाका क्षेत्रमा गरेका कतिपय अभ्यासहरू अन्य स्थानीय तहका लागि पनि सिकाइको विषय बनेका छन् । विशेष गरी सामुदायिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण बढाउन पालिकाले भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । दरबन्दी नभएका विद्यालयहरूमा आफ्नै स्रोतबाट शिक्षक नियुक्त गर्ने, छात्राहरु लाई प्रोत्साहन गर्ने, बालमैत्री कक्षा निर्माण गर्ने लगायतका कार्यहरूले विद्यालयहरूमा उल्लेखनीय परिवर्तन ल्याएका छन् ।

हालसम्म गरिएका कार्यहरू आफैमा पूर्ण नभए पनि, ती कार्यहरूले यहाँको शैक्षिक क्षेत्रलाई सकारात्मक दिशामा अगाडि बढाउन योगदान पुर्‍याएका छन् भन्ने कुरा जो कोहीले महसुस गर्न सक्छ। यही पृष्ठभूमिमा विजयनगर गाउँपालिकाको शिक्षा प्रणालीलाई अझ व्यवस्थित, योजनाबद्ध, समावेशी, समतामूलक र गुणस्तरीय बनाउने उद्देश्यले यो दशवर्षीय शैक्षिक योजना निर्माण गरिएको हो।

यस योजनाको तयारीका क्रममा गाउँपालिकाभित्रका सरोकारवाला पक्षहरूसँग व्यापक छलफल, राय, सुझाव र परामर्श लिइएको छ । यो योजना लागू हुँदा विजयनगर गाउँपालिकाको  शिक्षामा नयाँ आयाम थपिने विश्वास लिएको छु । प्रस्तुत योजनाले बालबालिकालाई समावेशी र गुणस्तरीय शिक्षण सिकाइको वातावरणमा सहभागी गराउने सुनिश्चितता प्रदान गर्दै दीगो विकासका लक्ष्यहरू (SDGs) प्राप्त गर्ने मार्गमा टेवा पुर्‍याउनेछ ।

योजनाले संविधानद्वारा प्रत्याभूत सबै बालबालिकालाई आधारभूत शिक्षाको सुनिश्चितता गर्ने र माध्यमिक तहसम्म निःशुल्क शिक्षामा पहुँच पुर्‍याउने लक्ष्य लिएको छ। साथै विद्यालय छोडेका बालबालिकालाई पुनः शिक्षामा ल्याउने वातावरण निर्माणको पक्षलाई पनि यसले सम्बोधन गरेको छ।

अन्त्यमा, यस योजनाको निर्माण प्रक्रियामा प्रत्यक्ष वा परोक्ष रूपमा योगदान पुर्‍याउनुहुने विजयनगर गाउँपालिका का अध्यक्षज्यू , उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, राजनीतिक दल, सरोकारवाला संघसंस्थाहरू, शिक्षक, कर्मचारीलगायत सबैप्रति हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछु । साथै, योजनाको सफल कार्यान्वयनका लागि सबैको निरन्तर साथ, सहयोग, समन्वय र समर्थन रहनेमा पूर्ण विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद ।**

शिक्षा शाखा

## सारांश

लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्लामा अवस्थित विजयनगर गाउँपालिकाको द्रुतत्तर शिक्षाको उन्नति र विकासको लागि तयार पारिएको प्रस्तुत गाउँ  शिक्षा योजनाले मुलुकमा भएको राजनैतिक परिवर्तन पछि नेपालको संविधान २०७२ मा शिक्षाको सन्दर्भमा बोलिएको तथा लेखिएको अनिवार्य तथा निःशुल्क शिक्षाको मूल मर्मलाई समेट्न स्थानीय तह को शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन २०७९ अनुसार पाँच वर्षीय गाउँ शिक्षा योजना तयार पारिएको छ । यसमा नेपालको संविधान, संघीय शिक्षा ऐन, नियमावली,केन्द्रियस्तरमा भएका आयोगहरूका प्रतिवेदनलाई समेत आधार लिइएको छ । बदलिदो परिवर्तन तथा परिस्थितिलाई मध्यनजर गर्दै शिक्षामा समयानुकूल परिवर्तन गर्न जरूरी छ भनी विद्यालय तहको संरचनामा भएको परिवर्तन एवं आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू ल्याइएका छन् । गाउँ शिक्षाको सन्दर्भमा प्रारम्भिक बालविकास कार्यक्रम, आधारभूत शिक्षा, माध्यमिक शिक्षामा प्राविधिक तथा व्यवसायिक र अनौपचारिक शिक्षालाई जीवनपर्यन्त एवं सिपमूलक तथा प्रविधिमैत्री बनाउने गरी योजना तय गरिएको छ ।

विजयनगर गाउँपालिकाको शिक्षा योजनाले गुणस्तर सुधार र पहुँच विस्तार गर्ने उद्देश्य सहित विभिन्न शिक्षाका  उपक्षेत्रहरूमा व्यापक कार्यक्रमहरू समावेश गरेको छ। प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत चार वर्ष उमेरका सबै बालबालिकालाई तालिम प्राप्त सहयोगी कार्यकर्ता मार्फत बालमैत्री वातावरणमा कक्षा संचालन, अपाङ्ग बालबालिकाको पहिचान र सहायता, अभिभावक सहभागिता सुनिश्चित गर्ने क्रियाकलाप समावेश गरिएको छ । आधारभूत शिक्षामा गुणस्तर अभिवृद्धिका लागि पठन सामग्री, दिवा खाजा, स्वास्थ्य परीक्षण, सूचना–प्रविधिको उपयोग, स्थानीय भाषामा शिक्षण, कक्षा–आधारित मूल्यांकन, शिक्षक तालिम र अभिभावक–जनचेतना कार्यक्रम समावेश गरिएको छ। त्यसैगरी  माध्यमिक तहमा प्राविधिक शिक्षा, छात्रवृत्ति, पोषण/स्वास्थ्य कार्यक्रम, अतिरिक्त गतिविधि, विद्यालय पूर्वाधार सुधार, योग–ध्यान शिविर, मनोसामाजिक तथा शैक्षिक परामर्श , सुपरिवेक्षण आदि मार्फत विद्यार्थी प्रोत्साहन र गुणस्तरोन्नति गर्ने क्रियाकलाप समावेश गरिएको छ । प्राविधिक शिक्षा अन्तर्गत प्रयोगशाला र विभिन्न तालिमहरू सञ्चालन गरी सिपयुक्त  र प्रविधिमैत्री युवा उत्पादन गरिनेछ । अनौपचारिक तथा आजीवन शिक्षामा सामुदायिक सिकाइ केन्द्रमार्फत व्यवसायिक र सिपमुलक कार्यक्रममार्फत विद्यालयसम्म नपुगेका, रोजगारीमा नजाने वा नियमित अध्ययन नगर्ने बालबालिका, युवा, वयस्क, महिला र ज्येष्ठ नागरिकलाई समावेश गरिने सुनिश्चितता गरिएको छ।

साथै माथिल्लो कक्षामा शिक्षक–विद्यार्थी अनुपात अत्यधिक भएकाले गुणस्तरमा देखिएको कमजोरीलाई सम्बोधन गर्न दरबन्दी मिलान कार्यक्रम समावेश गरिएको छ । यसले विद्यार्थी संख्या र शिक्षक आवश्यकताको आधारमा  शिक्षण प्रभावकारितामा सुधार ल्याउने लक्ष्य राख्दछ । साथै, स्थानीय पहिचान र विकासलाई सम्बोधन गर्न स्थानीय  पाठ्यक्रम परिमार्जन गरेर आधारभूत शिक्षा स्थानीय आवश्यकता अनुरूप विकास गरिने योजना गरिएको छ । पूर्वाधार सुधार अन्तर्गत कक्षाकोठा, फर्निचर, स्वच्छ पानी, अपाङ्ग र महिला मैत्री शौचालय, पुस्तकालय, ICT कक्षा तथा स्मार्टबोर्डको प्रयोग गरेर सिकाइ वातावरणलाई आधुनिक एवम् समावेशी बनाई गुणस्तरीय बनाउने प्रयास गरिनेछ, जसबाट विद्यालय नआउने वा नियमित अध्ययन गर्न नसक्ने विभिन्न समुदायका बालबालिकाहरु व्यवसायिक, सिपयुक्त तथा प्राविधिक शिक्षामा पहुँच बढाउन  सुनिश्चित गरिएको छ |

यसका साथै अपाङ्गता भएका बालबालिका लगायत प्रौढहरूलाई विशेष व्यवस्था गरी एकीकृत शिक्षा तथा सिपयुक्त अपाङ्गमैत्री शिक्षा दिन समावेशी तथा समाहित शिक्षाको अवधारणालाई अगाडि सारिएको छ । यसरी योजनाको समग्र लक्ष्य र उद्देश्य प्राप्तिका

लागि योजनामा खर्च हुने लागतहरू नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा गैरसरकारी संघसंस्था र समस्त अभिभावक तथा सरोकारवालापक्षको योगदानमा आधारित रहेर सम्पन्न गर्ने कार्यक्रम रहेको छ।

---

**क) विषय प्रवेशः**

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । उक्त धाराले शिक्षा सम्बन्धि पहुँचको हक हुने र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । त्यसैगरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक संविधानले प्रदान गरेको छ । त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत समेत गरेको छ।

दिगो विकासको लक्ष्य नं ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रर्वधन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ। यसै गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धि २३ ओटा अधिकारहरू प्रदान गरिएको छ। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यस बिजयनगर गाउँपालिकाले पनि शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवं शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका ठहर गरी पाँच वर्षे शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ। नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको अवस्थामा यस बिजयनगर गाउँपालिकाको पाँच वर्षीय शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा थप सहयोगी भूमिका निर्वाह गर्नेछ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ। संघीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ भने विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको छ। यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु–व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामुलक शिक्षा सबै नागरिकलाई प्रदान गरि सम्वृद्ध नेपाल सुखि नेपालीको नारालाई साकार पार्न बिजयनगर गाउँपालिकाले शिक्षा योजना २०८२ तयार गरेको छ। यसका साथै गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठिहरू सञ्चालन गरी शिक्षा सम्वन्धि सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो। यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहनेछ। यसमा भएका व्यवस्थाहरूलाई आ–आफ्नो क्षेत्रमा लागू गर्नु सबै नागरिकको कर्तव्य रहनेछ। गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरिक तयार गर्न र समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न यस शैक्षिक योजनाले उल्लेख्य भूमिका खेलेको छ।

**ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्यः**

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, १६औ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीय संरचना अनुसार कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसाथ गर्न र

सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य समेत रहेको छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाई उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा क्षेत्र योजना (School Education Sector Plan २०७९-२०८८) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसै परिवेशमा यस विजयनगर गाउँपालिकाले पनि शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी यो पाँच वर्षीय स्थानीय शिक्षा योजना निर्माण र कार्यान्वयन गरी शिक्षा क्षेत्रमा अपेक्षित सुधार गर्नुपर्ने आवश्यकता र औचित्य देखेको छ।

### ग) विजयनगर गाउँपालिकामा शिक्षा योजना निर्माणको औचित्य

१. तिनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजय सहसम्बन्ध स्थापित गर्न
२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
५. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन
६. गाउँपालिकामा देखिएका मुख्य शैक्षिक समस्या, समस्याका कारणहरुको पहिचान गरि समस्या समाधानका उपायहरु कार्यान्वयन गर्न,

### घ) शिक्षा योजना निर्माणका आधारहरुः

विजयनगर गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ। यसका अतिरिक्त अन्य सान्दर्भिक र सन्दर्भ सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ।

(क) नेपालको संविधान
(ख) १६ औँ आवधिक योजना
(ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
(घ) घ) सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७
(ङ) ङ) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन नियमावली
(च) च) विद्यालय शिक्षा क्षेत्र योजना र सिकाई आपुरण तथा दुरत सिकाई योजना
(छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
(ज) विद्यालय शिक्षामा समता रणनीति
(झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
(ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

(ट) स्थानीय तहको मध्यमकालीन खर्च संरचना
(ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
(ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी संघसंस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि
(ढ) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको प्रतिवेदनहरू

**ङ) शिक्षा योजना निर्माण प्रक्रियाः**

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुर्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो। योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्छ। त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतिपूर्ण कार्य पनि हो। विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुयाई मिठो प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढंगले योजना निर्माणकार्य गरिएको छ । विजयनगर गाउँपालिकाको शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ।

१. गाउँ शिक्षा समितिको मिति २०८१/०४/०४ गतेको बैठकले गाउँ शिक्षा योजना निर्माणका लागि कार्यादेश सहितको सात सदस्यीय निर्माण कार्यदलको गठन भएको।
२. कार्यदलको मिति २०८१/०५/०९ गते बैठक बसी शिक्षा योजनाको लागि कार्ययोजना बनाई कामको जिम्मेवारी बाँडफाँड गरिएको।
३. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको। योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको।
४. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क संकलन र विश्लेषण गरिएको।
५. सरोकारवालाहरू सँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT analysis तथा gap analysis गरिएको।
६. शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको।
७. मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना गरिएको
८. विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको।
९. सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार गरिएको
१०. सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवालामाझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको।
**११.** गाउँ कार्यपालिकाको मिति २०८२/०३/२६ गतेको बैठकबाट स्वीकृत गरिएको|

**च) योजनाको लेखाजोखा**

**छ) योजनाको दस्तावेजको स्वरुपः**

योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरू सँगको प्रत्यक्ष सहभागितामा पालिकाका बर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर र योजनामा समेट्नुपर्ने मुख्य मुख्य उद्धेश्य, रणनिति र कार्यनितिहरुका सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतकारूपमा लिई योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थपरक

बनाउने प्रयत्न गरिएको छ। विजयनगर गाउँपालिकाको आगामी ५  बर्षे शिक्षाको स्पष्ट मार्गदर्शन नै शिक्षा योजनामा निहित रहने हुदा योजनामा समाबेश भएका प्रत्येक परिच्छेद र विषयवस्तुमा उल्लेख भएका क्षेत्रको परिचय वर्तमान, अवस्थाको विश्लेषण, अवसर र चुनौति, रणनीतिक क्रियाकलाप, बजेट व्यवस्था तथा कार्यान्वयनको योजनालाई जिम्मेवारीका साथ महत्वपूर्ण स्थान दिइएको छ। शिक्षा योजनाको दस्तावेजको स्वरुप यहाँ उल्लेख गरिएको छ।

## परिच्छेद १: परिचय

### १.१ वर्तमान अवस्था

वर्तमान नेपालको संविधानअनुसार राज्यको पुनरसंरचना भई एकात्मक राज्य व्यवस्थाबाट संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ। जसअनुसार हाल देशमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन्। संविधानले समग्रमा समतामूलक समावेशी समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ। नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हकसमेतको व्यवस्था गरेकोछ । राज्यको आर्थिक, समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहनेमा दुई मत छैन।

संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको छ। यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिकाहरूको हक र अधिकारलाई थप प्रत्याभूत गरेको छ। नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ।

संघीय स्वरूपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ। मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुऱ्याउन सकिन्छ। यही वृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरू बीच तादाम्यता सहित तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा योजना निर्माण हुनु सान्दर्भिक देखिन्छ । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५वर्षे दिगो विकास लक्ष्य, सोह्रौ आवधिक योजनाका लक्ष्यहरू र कोभिड १९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १०वर्षे (वि.सं.२०७९ देखि २०८८ सम्म) विद्यालय शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ। विद्यालय शिक्षा क्षेत्र योजना (वि.सं.२०७९ देखि २०८८ सम्म) नेपाल सरकार, शिक्षा, विज्ञान, तथा प्रविधि मन्त्रालयद्वारा तयार गरिएको दीर्घकालीन रणनीतिक योजना हो, जसको उद्देश्य विद्यालय शिक्षा प्रणालीलाई गुणस्तरीय, समावेशी, र सुलभ बनाउनु रहेको छ। तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरा गर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रूपमा भूमिका खेल्ने अपेक्षा अनुरूप विजयनगर  गाउँपालिकाले पनि स्थानीयतामा आधारित रहेर यो शिक्षा क्षेत्रको ५  बर्षे योजना निर्माण गरिएको छ।

### १.२ गाउँपालिकाको परिचय

नेपालको संविधान जारी भएपछि राज्य पुनर्संरचनाका क्रममा मन्त्रीपरिषद्को २०७३ फागुन २२ गते निर्णय विशेष रह्यो। सोही निर्णयका आधारमा २०७३ फागुन २७ गतेदेखि ७ सय ५३ स्थानीय तहहरू सञ्चालनमा आए। तीमध्ये विजयनगर गाउँपालिका पनि संविधान बमोजिम एक स्थानीय तहका बन्न सफल भयो।

विजयनगर गाउँपालिका लुम्विनी प्रदेशको कपिलवस्तु जिल्लामा अवस्थित छ। स्थानीय तहको पुनर्संरचनामा साविक गुगौली पत्थरदेईया खुरुहुरिया र गणेशपुर गा।वि।स हरु मिलेर यो विजयनगर गाउँपालिका बनेको हो। यो गाउँपालिका २३३ ६३. बर्ग कि मी क्षेत्रफलमा फैलिएको छ। यस गाउँपालिकामा कूल७ ओटा  वडाहरु रहेका छन। यस गाउँपालिकाको पूर्वमा शिवराज नगरपालिका पश्चिममा दाङ्ग जिल्ला तथा छिमेकी मुलुक भारत उत्तरमा दाङ्ग जिल्ला तथा दक्षिणमा कृष्णनगर नगरपालिका रहेका छन। वि स २०७८ को जनगणना अनुसार यस गाउँपालिकामा कूल ४३२९१ जनसङ्ख्या र७०५९  धरधुरी रहेका छन्।

करिव २७ ° देखि २७ '३५ °४७ 'उत्तरी अक्षांश र करीव ८३  ° देखि ८३ '०४ °१५' को पूर्वी देशान्तरमा रहेको यो गाउँपालिका समुद्री सतहको करिब १०५मीटरदेखि ४९५मिटरसम्मको उचाइमा अवस्थित छ यो गाउँपालिकाके केन्द्र जिल्ला सदरमुकामबाट ११.६६ कोश अर्थात करिब ७ घण्टाको पैदल दुरीमा वा ६० मिनेटमा यातायातके साधन मार्फत पुग्न सकिन्छ। जिल्लाको कूल १,७३८ वर्ग कि.मी. क्षेत्रफलमध्ये यस गाउँपालिकाले करीव २३३.६३  वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ|

### १.३ गाउँपालिकाको भौगोलिक अवस्थिति र सिमाना

| विषय | विवरण |
|---|---|
| परिचय | विजयनगर गाँउपालिका नेपालको लुम्बिनी प्रदेश अर्न्तगत कपिलवस्तु जिल्लामा हुलाकि रोडसगं जोडिएको एक गाँउपालिका हो। |
| **नेपालको मानचित्रमा विजयनगर गाँउपालिकाको  भौगोलिक अवस्थिति निम्नानुसार रहेको छ।** | |
| प्रदेश | लुम्बिनी |
| जिल्ला | कपिलवस्तु |
| गाँउपालिका | विजयनगर गाँउपालिका |
| वडा सङ्ख्या | ७ |
| भौगोलिक अवस्थिति | अक्षांश २७ ° देखि २७ '३५ °४७ ' र देशान्तर ८३  ° देखि ८३ '०४ °१५' |
| क्षेत्रफल | २३३.६३ वर्ग किलोमिटर |
| उचाई | १०५ देखि ४९५ मिटरसम्म |
| सिमाना | पूर्वतर्फ शिवराज नगरपालिका |
| | पश्चिमतर्फ दाङ जिल्ला तथा भारत सिमाना |
| | उत्तरतर्फ दाङ जिल्ला , |
| | दक्षिणतर्फ कपिलवस्तुको कृष्णनगर नगरपालिका |
| औसत लम्बाइ | पुर्व पश्चिम लम्वाइः २२ कि मि |
| औसत चौडाइ | उत्तर दक्षिण चौडाइः  १४ कि मि |
| जलवायु | उष्ण |
| प्रमुख धार्मिक, ऐतिहासिक तथा पर्यटकिय  स्थलहरु | शंकरपुर ताल, समयमाइ मन्दिर, थारु संग्रहालय, दुधाधारी बाबा मन्दिर |

## १. ४ सामाजिक अवस्था

यो गाउँपालिका प्राकृतिक रुपमा त्यति भरिपूर्ण नभएतापनि अनेकतामा एकता यहाँको सामाजिक परिवेश हो गाउँपालिकाको जम्मा जनसङ्ख्या ४३२९१ छ। उक्त जनसङ्ख्यामा महिलाको सङ्ख्या २१८८१ र पुरुषको सङ्ख्या २१४१० छ। कूल जनसङ्ख्यामा महिलाको प्रतिशत ५०.५ र पुरुषको प्रतिशत ४९.५ छ। गाउँपालिकाको औसत परिवार सङ्ख्या ६.१३ छ। गाउँपालिकामा मुख्यतः जनजाती, थारु, कुर्मी-चौधरी, मुसलमान, बाहुन, क्षेत्री, मधेशी, दलित आदि जातजातीहरूको बसोबास छ। उनीहरूमध्ये धेरैजसो आफ्नो परम्परा अनुसारका धर्म रीतिरिवाज र संस्कृति मान्दछन्। जाति र धर्म अनुसार चालचलन र संस्कृति पनि फरक फरक पाइन्छ। यहाँ बसोबास गर्ने मानिसहरूको आफ्नै भाषा र भेषभूषा रहेको पाइन्छ। छिमेकीको विवाह, भोज, व्रतवन्ध, मृत्यु जस्ता सामाजिक परम्परामा पनि यहाँका मानिसहरू रीतिथिति र परम्परा अनुसार मान्ने चलन छ। यहाँका मानिसहरू दशैं, तिहार, ईद, बकरईद, छठ, माघी, बड्की आईतवार तथा अन्य चाडहरू मान्नुका साथै धार्मिक विविधता भए तापनि एकआपसमा घुलमिल भएर बस्ने गरेका छन्। गाउँपालिकामा गैर कृषि पेशामा संलग्न हुनेहरूको सङ्ख्या न्यून छ। यस गाउँपालिकाका वहुसंख्यक मानिसहरू कृषि पेशामा संलग्न रहेको तथ्याङ्कले देखाएको छ। कृषि अन्तर्गत अन्न तथा तरकारी बाली, नगदेबाली पशुपालन आदि पर्दछन्। यहाँ उत्पादन हुने प्रमुख बालीमा धान, गहुँ, तरकारी खेती, केरा खेती आदि हुन्। गाउँपालिकाबासीको आम्दानीमा कृषिको योगदान सबैभन्दा बढी छ भने वैदेशिक रोजगारीको योगदान दोश्रोमा र नोकरी पेन्सनको योगदान तेस्रोमा छ।

## १.५ गाउँपालिकाको जनसङ्ख्या सम्बन्धी विवरण

विजयनगर गाउँपालिकाको जम्मा घरधुरी सङ्ख्या ७०५९ र जनसङ्ख्या ४३२९१ रहेको छ। उक्त जनसङ्ख्यामा पुरुषको सङ्ख्या २१४१० र महिलाको सङ्ख्या २१८८१ छ। गाउँपालिकाको जम्मा जनसङ्ख्यामा पुरुष भन्दा महिला ४७१ जनाले बढी छन्। कुल जनसङ्ख्यामा पुरुषको प्रतिशत ४९.५ छ भने महिलाको प्रतिशत ५०.५ रहेको छ । उक्त जनसङ्ख्या तथा घरधुरीको आधारमा औसत परिवार सङ्ख्या प्रति घरधुरी करीव ६.१३ जना रहेका छन् । औषत जनघनत्वलाई हेर्दा प्रति वर्ग कि.मी २५० जना बसोबास गर्ने रहेका छन् । राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस विजयनगर गाउँपालिकाको परिवार सङ्ख्या र जनसङ्ख्या विवरण यहाँ प्रस्तुत गरिएको छ।

**तालिका नं १**

**गाउँपालिकाको कुल जनसङ्ख्या**

| परिवार सङ्ख्या | जम्मा जनसङ्ख्या | पुरूष | महिला | परिवारको औसत आकार | लैंगिक अनुपात | बार्षिक जनसङ्ख्या बृद्दिर | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| ७०५९ | ४३२९१ | २१४१० | २१८८१ | ६.३१ | ९७.८५ | १.४६ | २५० |

**स्रोत: राष्ट्रिय जनगणना २०७८**

**तालिका नं २**

**जातिगत बिवरण :**

| क्र.स. | जातजातीहरू | पुरूष | महिला | जम्मा सङ्ख्या | पुरूष प्रतिशत | महिला प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सबै जातजाती | २१४१० | २१८८१ | ४३२९१ | ४९.४५ | ५०.५४ |
| २ | क्षेत्री | ५८६ | ६८४ | १२७० | ४६.१४ | ५३.८५ |
| ३ | ब्राम्हण | ४४२ | ५०७ | ९४९ | ५६.५७ | ५३.४२ |
| ४ | मगर | ९९३ | ११८४ | २१७७ | ४५.१६ | ५४.३१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | थारु | २६२८ | २७२० | ५३४८ | ४९.१३ | ५०.८६ |
| ६ | तमाङ | १७ | १५ | ३२ | ५३.१२ | ४६.८७ |
| ७ | नेवार | १८ | १७ | ३५ | ५१.४२ | ४८.५७ |
| ८ | विश्वकर्मा | ५०७ | ५९९ | ११०५ | ४५.८७ | ५४.१५ |
| ९ | मुसलमान | ३४१३ | ३५२९ | ६९४२ | ४९.१६ | ५०.८३ |
| १० | यादव | २७०५ | २५८० | ५२८५ | ५१.१८ | ४८.८१ |
| ११ | राइ | ८ | १५ | २३ | ३४.७८ | ६५.२१ |
| १२ | गुरुङ | ३८ | ५० | ८८ | ४३.१८ | ५६.८१ |
| १३ | परियार | २९१ | ३१२ | ६०३ | ४८.२५ | ५१.२४ |
| १४ | ठकुरी | ५१ | ५१ | १०१ | ४०.५ | ५०.४९ |
| १५ | मिजार | 43 | 59 | 102 | 42=15 | 57=84 |
| १६ | तेली | ६१५ | ५८१ | ११९६ | ५१.४२ | ४८.५७ |
| १७ | चमार हरिजन राम | ११८ | १७९ | ३६० | ५०.२७ | ४९.७२ |
| १८ | कोइरी कुसवहा | २८७ | २४२ | ५२९ | ५४.२४ | ४५.७४ |
| १९ | कुर्मी | १४०५ | १४०० | २८०५ | ५०.८ | ४९.९१ |
| २० | सन्यासी दसनामी | ३८ | ३७ | ७५ | ५०.६६ | ४९.३३ |
| २१ | दुसाद /पासवान /पासी | १०६३ | १०७८ | २१४१ | ४९.६४ | ५०.३५ |
| २२ | मल्लाह | १०६ | ९७ | २०३ | ५२.२१ | ४७.७८ |

**तालिका नं ३**

**५ बर्ष माथिको जनसङ्ख्या**

| उमेर समूह | पुरूष | महिला | जम्मा | पुरूष % | महिला % |
|---|---|---|---|---|---|
| ९५ माथि | १२ | २१ | ३३ | ३६.६ | ६३.६४ |
| ९०-९४ | १४ | १४ | २८ | ५० | ५० |
| ८५-८९ | ३४ | २८ | ६२ | ४५.१६ | ३१.४३ |
| ८०-८४ | ८० | ६३ | १४३ | ४४.६ | २६.९८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७५-७९ | २१४ | १८९ | ४०३ | ५३.२ | ४६.९ |
| ७०-७४ | ३९० | ३६४ | ७५४ | ५१.७ | ४८.३ |
| ६५-६९ | ५३८ | ५२९ | १०६७ | ५०.४ | ४९.६ |
| ६०-६४ | ५५१ | ५४३ | १०९४ | ५३.० | ४७.० |
| ५५-५९ | ६४० | ५६७ | १२०७ | ५१.६ | ४८.४ |
| ५०-५४ | ८३८ | ७८५ | १६२३ | ५०.५ | ४९.५ |
| ४५-४९ | ८९५ | ८७७ | १७७२ | ४९.१ | ५०.२ |
| ४०-४४ | १११५ | ११२५ | २२४० | ४९.१ | ५०.९ |
| ३५-३९ | १२९३ | १३४० | २६३३ | ४४.६ | ५०.९ |
| ३०-३४ | १२११ | १५०६ | २७१७ | ४४.६ | ५५.४ |
| २५-२९ | १५७३ | १७११ | ३२८४ | ४८.३ | ५२.३ |
| २०-२४ | १८६० | २०८२ | ३९४२ | ४७.२ | ५२.८ |
| १५--१९ | २३७५ | २४६७ | ४८४२ | ४९.१ | ५०.९ |
| १०- १४ | २७७४ | २७८७ | ५५६१ | ४९.९ | ५०.१ |
| ५ -९ | २७०० | २५८९ | ५२८९ | ५१.० | ४८.९ |

**तालिका नं ४**

**अपाङ्गता अनुसारको जनसंख्याः**

| उमेर समूह | जम्मा जनसङ्ख्या | अपाङ्गताका प्रकार | | | | | | | | | | | | नखुलाइएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शारीरिक अपाङ्गता | न्यून दृष्टियुक्त | दृष्टिविहीन | बहिरोपन | न्यून श्रवणशक्ति | बहिरोपन एवं दृष्टिविहीन | बेलाइ समस्या | मानसिक वा मनोसामाजिक | बौद्धिक अपाङ्गता | अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | अटिजम् | बहुअपाङ्गता | |
| ० देखि ०४ वर्ष | ४५९७ | ३० | ३ | ११ | ० | २ | ० | ३ | ० | २ | ० | १ | ३ | ४५४२ |
| ०५ देखि ०९ वर्ष | ५२८९ | ३७ | ३ | ९ | ३ | ३ | ० | ५ | १ | १ | ० | ० | ६ | ५२१९ |
| १० देखि १४ वर्ष | ५५६१ | १७ | ३ | ९ | ५ | ३ | १ | ५ | ४ | २ | ० | १ | ५ | ५५०६ |
| १५ देखि १९ | ४८४२ | २५ | १ | ६ | ५ | ४ | ३ | ७ | ४ | ४ | ० | ० | ८ | ४७७४ |
| २० देखि २४ | ३९४२ | ३३ | २ | १ | ३ | २ | ० | २ | ४ | ४ | ० | ० | ५ | ३८८६ |
| २५ देखि २९ | ३२८४ | १७ | १ | २ | ३ | १ | २ | ३ | १ | ४ | १ | १ | १ | ३२४७ |
| ३० देखि ३४ | २७१७ | १५ | २ | १ | १ | ० | १ | १ | १ | २ | १ | ० | ४ | २६८८ |
| ३५ देखि ३९ | २६३३ | २० | २ | ४ | ३ | १ | १ | २ | ३ | ३ | ० | ० | २ | २५९० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४० देखि ४४ | २२४० | ७ | २ | १ | २ | १ | २ | २ | ३ | २ | २ | १ | २ | २२१२ |
| ४५ देखि ४९ | १७७२ | ८ | ३ | ४ | ३ | ० | ० | १ | ३ | ३ | ० | ० | ३ | १७४४ |
| ५० देखि ५४ | १६२३ | १५ | ६ | १ | ४ | २ | ० | २ | ० | १ | ० | १ | ४ | १५८७ |
| ५५ देखि ५९ | १२०७ | १४ | ६ | ३ | ३ | ३ | ३ | ४ | २ | १ | ० | ० | २ | ११६७ |
| ६० देखि ६४ | १०९४ | १३ | १० | १ | १ | ४ | ० | ४ | १ | १ | ० | ० | ४ | १०५५ |
| ६५ देखि ६९ | १०६७ | १९ | २५ | १ | ४ | ४ | ३ | २ | १ | ० | ० | १ | १ | १००६ |
| ७० देखि ७४ | ७५४ | १४ | २८ | ४ | ३ | ८ | २ | १ | २ | ० | ० | ० | १ | ६९१ |
| ७५ भन्दा माथि | ६६९ | १५ | ४४ | २ | ७ | १३ | ४ | ० | ० | १ | ० | ० | ३ | ५८० |
| **जम्मा** | **४२९१** | **२९९** | **१४०** | **५९** | **५०** | **५१** | **२२** | **४४** | **३०** | **३१** | **४** | **६** | **५४** | **४२९४** |

**स्रोत: राष्ट्रिय जनगणना २०७८**

### १.६ शैक्षिक अवस्था

विजयनगर गाँउपालिकामा शिक्षा क्षेत्रको विकासलाइ प्राथमिकतामा राखिएको छ | गाउँपालिकाको शैक्षिक अवस्था अन्य पालिकाको तुलनामा त्यति सन्तोषजनक देखिँदैन । यस गाउँपालिकामा ५३ ओटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । जसमध्ये २६ सामुदायिक विद्यालय ९ संस्थागत विद्यालय र १८ ओटा मदरसा सञ्चालनमा रहेका छन । विद्यालयमा आधारित ३३ बालविकास केन्द्र सञ्चालनमा छन् । यस गाउँपालिकामा समुदायमा अधारित ५ ओटा बालविकास केन्द्र सञ्चालनमा छन । उच्च शिक्षा अन्तर्गत एउटा पनि क्याम्पस संचालन हुन सकेको छैन । अनौपचारिक तथा निरन्तर शिक्षातर्फ एउटा पनि सामुदायिक सिकाइ केन्द्र रहेका छैन । शिक्षाको माध्यमबाट देश विकासमा महत्वपूर्ण टेवा पुग्न सक्छ भन्ने मान्यताका साथ जीवन उपयोगी शिक्षा प्रदान गर्न गाउँपालिकाबाट प्रयास गरिएको छ । शिक्षक विद्यार्थी अभिभावक एवं सबै शिक्षासँग सरोकारवाला पक्षसँगको समन्वय र सहकार्यमा सिकाईलाई अगाडि बढाउन सकिएमा थप सकारात्मक नतिजा हासिल गर्न सकिन्छ भन्ने कुरामा कहिँ कसैको दुईमत नहोला तथापि शैक्षणिक सिकाई सुधारका लागि सबै शिक्षा सम्बद्ध सरोकारवाला पक्ष मिलेर अगाडि बढ्नु वर्तमान अवस्थाको आवश्यकता छ । सबै शिक्षा क्षेत्रसँग सम्बद्ध सरोकारवाला पक्षहरू बीच आपसी समन्वय र सहकार्य प्रभावकारी ढंगबाट अगाडि बढाई बालबालिकाहरुले प्राप्त गर्ने शिक्षाको गुणस्तरमा थप वृद्धि गरी हामी सबैले अपेक्षा गरे अनुरूपको सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ |

**तालिका नं ५**

**साक्षरता सम्बन्धी विवरण**

| कूल साक्षरता दर | पुरूष साक्षरता दर | महिला साक्षरता दर |
|---|---|---|
| ६४.२ | ७९.९ | ५६.७ |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

**तालिकानं ६**

**५ बर्षभन्दा माथिको साक्षरताको अवस्था**

| उमेर | जम्मा | जनसङ्ख्या जसले | | | नखुलाइएको |
|---|---|---|---|---|---|
| | | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न र लेख्न नसक्ने | |
| ०५ बर्ष | १०९० | ७१० | २५ | ३३८ | १७ |
| ६ बर्ष | १०६९ | ८५८९ | २५ | १८१ | ५ |
| ७ बर्ष | ९६४ | ८३१ | १७ | ११५ | १ |
| ८ बर्ष | १३५९ | १२१३ | २८ | ११८ | ० |
| ९ बर्ष | ८०७ | ७२५ | २५ | ५७ | ० |
| १० बर्ष | १३९६ | १३०५ | ८ | ८३ | ० |
| ११ बर्ष | ७५९ | ७१० | ८ | ४१ | ० |
| १२ बर्ष | १३५९ | १२७२ | ६ | ८१ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ बर्ष | ९६० | ८९६ | १ | ६२ | १ |
| १४ बर्ष | १०८७ | १०२६ | २ | ५९ | ० |
| १५ बर्ष | १११४ | १०१७ | १ | ९६ | ० |
| १६-१९ बर्ष | ३७२८ | ३२६२ | ६ | ४५९ | १ |
| २०-२४ बर्ष | ३९४२ | ३०१२ | १८ | ९१२ | ० |
| २५-२९ बर्ष | ३२८४ | २२०९ | ७ | १०६७ | १ |
| ३०-३४ बर्ष | २७१७ | १४७६ | १५ | १२२५ | १ |
| ३५-३९ बर्ष | २६३३ | १२३८ | ९ | १३८६ | ० |
| ४०-४४ बर्ष | २२४० | ९४० | ११ | १२८८ | १ |
| ४५-४९ बर्ष | १७७२ | ६५४ | ८ | १११० | ० |
| ५०-५४ बर्ष | १६२३ | ४९६ | ७ | ११२० | ० |
| ५५-५९ बर्ष | १२०७ | ३३२ | ५ | ८७० | ० |
| ६०-६४ बर्ष | १०९४ | २२८ | १ | ८६५ | ० |
| ६५-६९ बर्ष | १०६७ | २३१ | ३ | ८३३ | ० |
| ७०-७४ बर्ष | ७५४ | १२५ | ० | ६२९ | ० |
| ७५ बर्षभन्दा माथि | ६६९ | ९३ | ४ | ५७२३ | ० |
| **जम्मा** | **३८६९४** | **२४८५९** | **२४०** | **१३५६७** | **२८** |

**स्रोत: राष्ट्रिय जनगणना २०७८**

**तालिका नं ७**

**शैक्षिक संस्थाको विबरण**

| क्र स | तहगत विद्यालय विवरण | सामुदायिक | संस्थागत | धार्मिक (मदरसा) | जम्मा |
|---|---|---|---|---|---|
| १ | बाल विकास केन्द्र | ३८ | ९ | ० | ४७ |
| २ | आधारभूत तह १-५ | १३ | ७ | १६ | ३६ |
| ३ | आधारभूत तह १-८ | ४ | २ | २ | ८ |
| ४ | माध्यमिक तह १-१० | ६ | ० | ० | ६ |
| ५ | माध्यमिक तह १-१२ | ३ | ० | ० | ३ |
| | जम्मा | ६४ | १८ | १८ | १०० |

**स्रोत: IEMIS , 2081**

माथि उल्लेखित तालिकामा सामुदायिक विद्यालय ६४ संस्थागत विद्यालय १८ र मदरसा १८ गरी जम्मा १०० विद्यालय रहेको देखिन्छ । बालविकास केन्द्र ३८ पालिकामा एउटा पनि सामुदायिक सिकाइ केन्द्र रहेको छैन ।

**तालिका नं ८**

**वडागत सामुदायिक विद्यालय विबरण**

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिकधार |
|---|---|---|---|---|---|---|---|
| १ | ५ | १ | ३ | २ | ० | १ | १ |
| २ | १ | २ | १ | ० | २ | ० | ० |
| ३ | ३ | १ | २ | १ | ० | १ | १ |
| ४ | ४ | १ | ४ | ० | १ | ० | ० |
| ५ | १ | १ | १ | ० | १ | ० | ० |
| ६ | २ | १ | २ | ० | १ | ० | ० |
| ७ | १ | २ | ० | १ | १ | १ | ० |
| जम्मा | १७ | ९ | १३ | ४ | ६ | ३ | २ |

**स्रोत: IEMIS , 2081**

**तालिका नं ९**

**वडागत संस्थागत विद्यालय विबरण**

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिकधार |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ० | १ | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | २ | ० | २ | ० | ० | ० | ० |
| ४ | १ | ० | ० | १ | ० | ० | ० |
| ५ | ३ | ० | ३ | ० | ० | ० | ० |
| ६ | १ | ० | ० | १ | ० | ० | ० |
| ७ | १ | ० | १ | ० | ० | ० | ० |
| जम्मा | ९ | ० | ७ | २ | ० | ० | ० |

**स्रोत: IEMIS , 2081**

**तालिका नं १०**

**वडागत धार्मिक विद्यालय विबरण**

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिकधार |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ० | १ | ० | ० | ० | ० |
| २ | २ | ० | २ | ० | ० | ० | ० |
| ३ | ५ | ० | ४ | १ | ० | ० | ० |
| ४ | ५ | ० | ५ | ० | ० | ० | ० |
| ५ | ३ | ० | ३ | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | २ | ० | १ | १ | ० | ० | ० |
| जम्मा | १८ | ० | १६ | २ | ० | ० | ० |

**स्रोतः IEMIS , 2081**

**तालिका नं ११**

**विद्यार्थी बिवरण**

| | बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१२ |
|---|---|---|---|---|
| सामुदायिक | ११८८ | ६४६३ | २६२३ | १६०० |
| संस्थागत | ६२१ | ७४१ | ४३ | ० |
| धार्मिक | ४२ | २७५९ | १४१ | ० |
| जम्मा | १८५१ | ९९६३ | २८०७ | १६०० |

**स्रोतः IEMIS २०८१**

२०८१ मा बालविकास तर्फ १८५१ , कक्षा १- ५ मा ९९६३ , कक्षा ६- ८ मा २८०७ , र कक्षा ०९-१२ मा जम्मा १६०० गरी बालविकास देखि कक्षा १२ सम्म कुल विद्यार्थी सङ्ख्या १६२२१ जना रहेको छ। माध्यमिक तहको कक्षा ११ मा विद्यार्थी ढिलो भर्ना हुन गई विद्यालयहरूले समयमै रिपोर्टिङ नगरेकोले विद्यार्थी सङ्ख्या कम देखिएको छ।

**तालिका नं १२**

**शिक्षक विवरण**

| | दरबन्दी | | | | राहत अनुदान | शिक्षण सिकाइ अनुदान संघ | शिक्षण सिकाइ अनुदान गा.पा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | तह | अस्थायी | स्थायी | जम्मा | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | वाविके | ३८ | | ३८ | ० | ० | ० | ३८ |
| २ | प्राथमिक | ३ | ६३ | ६६ | १३ | ० | ३८ | ११७ |
| ३ | निम्नमाध्यमिक | ० | ७ | ७ | २ | ११ | १२ | ३२ |
| ४ | माध्यमिक | ० | ५ | ५ | २ | १३ | ८ | २८ |
| ५ | साविक उ.मा. तह | २ | ० | २ | ० | ० | ४ | ६ |
| ६ | प्रशिक्षक | १० | ० | १० | ० | ० | ० | १० |
| ७ | कार्यालय सहायक | ९ | ० | ९ | ० | ० | ० | ९ |
| ८ | विद्यालय सहयोगी | ३८ | ० | ३८ | ० | ० | ० | ३८ |
| | कुल जम्मा | १०० | ७५ | १३७ | १७ | २४ | ५८ | २७८ |

**स्रोतः गाउँपालिकाको तलबी प्रतिवेदन प्रथम त्रैमासिक २०८१**

**क) शैक्षिक समस्या**

१. आधारभूत विद्यालय उमेर समूहका बालबालिकाहरू विशेषत सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिर हुनु
२. विद्यालय भर्ना भएकामध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु
३. सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्वमा कमी हुनु
४. सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दो क्रममा हुनु
५. सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालय विद्यार्थी र अभिभावकको रोजाइमा पर्नु
६. शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न नसकिनु
७. विज्ञान, अङ्ग्रेजी र गणित विषयका शिक्षकहरूको अझैपनि गाउँपालिकामा अभाव रहनु
८. शिक्षकहरूको पेशागत विकास तालिम प्राप्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठामा विशेषतः शिक्षणमा कम प्रयोग हुनु
९. विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन नसक्नु
१०. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गर्न विद्यालय शिक्षक र विद्यार्थी इच्छुक भएर पनि विद्यालयमा त्यस किसिमको वातावरण नहुनु
११. विद्यालय अनुगमन निरीक्षण सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य प्रयाप्त हुन नसक्नु
१२. विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु
१३. प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने भएकोले विद्यालय व्यवस्थापन गर्न कठिनाई रहनु
१४. संघीय शिक्षा ऐन जारी नहुनु।

**ख ) शिक्षा क्षेत्र को समस्या तथा चुनौतिको SWOT विश्लेषण**

विजयनगर गाउँपालिकाको वर्तमान अवस्थाको विश्लेषणबाट शिक्षा क्षेत्रमा रहेका सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती हरु पहिचान गरि विश्लेषण गरिएको छ । सरोकारवालाहरूको सहभागितामा समस्याको विश्लेषण गर्न समस्या वृक्ष र Gap analysis प्रक्रिया अवलम्बन गरिएको छ । सरोकारवालाहरूबाट प्राप्त विश्लेषणबाट समस्याका कारणलाई नै योजनाको रणनीति तथा कार्यनीतिको रुपमा ल्याइएको छ । जसले गर्दा निर्माण भएको शिक्षा योजना प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सकिने भएकाले विशेषगरी शिक्षा योजनामा समावेश गरिएका शैक्षिक समस्याहरु उल्लेख गर्दा समतामूलक पहुँच, निरन्तरता, गुणस्तर, सक्षमता विकास, सहभागिता व्यवस्थापन आदि क्षेत्रगत पक्षसँग सम्बन्धित रहेर विश्लेषण गरिएको छ । गाउँपालिकाको क्षेत्रको तथ्याङ्क, अवस्थाहरूको विश्लेषणका आधारमा शिक्षा क्षेत्रको विकासका सबल पक्ष ,कम्जोर पक्ष, चुनौती र अवसरहरुलाई प्रस्तुत गरिएको छ।

**सबल पक्षहरू**

१स्थानीय तहको संलग्नता र स्वामित्व .

स्थानीय सरकारहरूले शिक्षामा आफ्नै बजेट विनियोजन गरी योजना बनाउने र कार्यान्वयन गर्ने कार्य गरिरहेका छन्। यसले स्थानीय आवश्यकता अनुसार शिक्षा प्रणालीलाई परिमार्जन र सुधार गर्न सहज बनाएको छ।

२ शिक्षा .क्षेत्रको सुधारमा बजेट र स्रोतको वृद्धि

पछिल्ला वर्षहरूमा स्थानीय तहहरूले शिक्षामा ठोस बजेट छुट्याउने गरेका छन्। यसले विद्यालयहरूलाई आधारभूत पूर्वाधार सुधार, पाठ्यपुस्तक र अन्य शैक्षिक सामग्री उपलब्ध गराउन सघाउ पुऱ्याएको छ।

३.विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक र छात्रवृत्तिको व्यवस्था

धेरै स्थानीय तहहरूले न्यून आय भएका परिवार, दलित, जनजाति, र महिला विद्यार्थीहरूलाई छात्रवृत्ति र निःशुल्क पाठ्यपुस्तक वितरण गर्दै आएका छन्। यसले यी समुदायका विद्यार्थीहरूलाई शिक्षामा आकर्षित गरिरहेको छ।

४प्राविधिक . शिक्षा र व्यावसायिक तालिमको प्रवर्द्धन

माध्यमिक तहमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमको व्यवस्था गर्न थालिएको छ, जसले विद्यार्थीहरूलाई रोजगारमुखी बनाउँदैछ र उनीहरूको क्षमता विकासमा टेवा पुऱ्याइरहेको छ।

५अभिभावक र समुदायको संलग्नता .

समुदाय र अभिभावकहरूको बढ्दो संलग्नताले विद्यालयहरूको सुधारमा मद्दत पुर्याएको छ। विद्यालय व्यवस्थापन समितिहरूमा अभिभावक प्रतिनिधिको सहभागिताले विद्यार्थीहरूलाई अध्ययनमा ध्यान दिन प्रोत्साहित गरिरहेको छ।

६बालविवाह र बालश्रम . मुक्त गाउँपालिकाको घोषणा ले गर्दा विद्यार्थीहरूको विद्यालयमा उपस्थिती बढाएको छ

७विद्यार्थीहरूको नियमित उपस्थितिका लागि प्रोत्साहन कार्यक्रमहरू .

यस पालिकाले विद्यार्थीहरूको नियमित उपस्थिति सुनिश्चित गर्न प्रोत्साहन कार्यक्रमहरू, जस्तै पौष्टिक खाजा कार्यक्रम, खेलकुद कार्यक्रम, र अन्य प्रतियोगिता आयोजना गरिदै आईरहेको छ जसले गर्दा विद्यार्थीहरूमा मनोबल उच्च बनाउने र विद्यालयमा रमाउने वातावरण सिर्जना गरेको छ।

८प्राविधिक र डिजिटल शिक्षामा वृद्धि .

कम्प्युटर, इन्टरनेट र डिजिटल तालिमका कार्यक्रमहरू बढाइरहेको छ । यस्ता कार्यक्रमले विद्यार्थीहरूलाई नयाँ सीप सिक्न र भविष्यका लागि तयार बनाउन सहयोग पुर्याइरहेका छन् ।

९शिक्षकहरूको क्षमता विकास .

शिक्षकहरूका लागि तालिम, कार्यशाला र सेमिनार संचालन गरिएको छ ,यसले शिक्षकहरूको शिक्षण क्षमतालाई सुधार्न सहयोग पुर्याएको छ र विद्यार्थीहरूको सिकाइ स्तरमा सकारात्मक असर पारेको छ।

**समस्या तथा चुनौतीहरू**

१शैक्षिक पूर्वाधारको अभाव .

धेरै विद्यालयहरूमा पर्याप्त कक्षा कोठा, पुस्तकालय, प्रयोगशाला, र खेल मैदानजस्ता आधारभूत पूर्वाधारको कमी छ। यसले सिकाइ वातावरणलाई प्रभावित पारिरहेको छ।

२योग्य शिक्षकहरूको कमी .

पर्याप्त र योग्य शिक्षकहरूको अभावले शिक्षणको गुणस्तरमा असर पुर्‍याएको छ।

३ बजेटको .कमी

शिक्षाका लागि पर्याप्त बजेटको अभाव छ। यसले शिक्षण सामग्री, टेक्नोलोजी र आधारभूत सुविधाको व्यवस्था गर्न कठिनाइ सिर्जना गरेको छ।

४पाठ्यक्रम र शिक्षण विधि अद्यावधिक गर्ने चुनौती .

स्थानीय आवश्यकता अनुसार पाठ्यक्रम परिमार्जन गर्न र आधुनिक शिक्षण विधि अपनाउन कठिन भएको छ। परम्परागत शिक्षण विधिका कारण विद्यार्थीहरूको सिकाइ परिणाम अपेक्षाकृत राम्रो छैन।

५प्रविधिको सीमित पहुँच .

ग्रामीण क्षेत्रमा कम्प्युटर, इन्टरनेटजस्ता डिजिटल पहुँचको कमी छ। यसले विद्यार्थीहरूलाई प्रविधिमैत्री सिकाइ अवसरहरूबाट वञ्चित गराएको छ।

६ .कक्षा छाड्ने दर बढी हुनु

आर्थिक अवस्था कमजोर भएका परिवार  र सामाजिक परम्पराका कारण विद्यार्थीहरूको विद्यालय छोड्ने दर उच्च छ। यसले माध्यमिक शिक्षामा निरन्तरता दिन चुनौती सृजना गरेको छ।

७समावेशी र समान शिक्षा पहुँचको कमी .

महिला, दलित, जनजाति, र अपांगता भएका विद्यार्थीहरूलाई शिक्षा प्रणालीमा समावेश गराउन कठिनाइ छ। पहुँच र समान अवसरको अभावले यी समुदायका विद्यार्थीहरूको सिकाइमा बाधा पुर्‍याएको छ।

८अभिभावक र समुदायको सहभा .गिता कमी

केहि समुदायका अभिभावकहरुको शिक्षामा संलग्नता कमी रहेकोले विद्यार्थीहरूलाई शिक्षा प्रति प्रेरित गर्ने र सिकाइमा निरन्तरता दिन प्रोत्साहन गर्न कठिन बनाएको छ।

**अवसरहरू**

१स्थानीय सरकारको स्वायत्तता र जिम्मेवारी .

संघीय संरचनामा स्थानीय तहलाई शिक्षा व्यवस्थापनमा महत्वपूर्ण अधिकार दिइएको छ, स्थानीय आवश्यकताअनुसार शिक्षा ऐन , , कार्यविधि ,नियमावलीनीति र योजना बनेका छन् यसले विद्यालय सुधारका लागि योजना बनाउन र स्रोत परिचालन गर्न अवसर प्रदान गरेको छ ।

२ विद्यार्थी .सङ्ख्यामा वृद्धि र शिक्षा प्रति आकर्षण

विद्यालयमा भर्ना दर बढ्दै गएको छ र अभिभावकहरू पनि शिक्षाको महत्त्व बुझ्दैछन्। यो प्रवृत्तिले विद्यार्थीलाई नियमित रूपमा विद्यालय आउन र शिक्षामा निरन्तरता दिन प्रोत्साहित गरिरहेको छ।

३प्रविधि र डिजिटल शिक्षाको अवसर .

आधुनिक प्रविधि र इन्टरनेटले शिक्षालाई डिजिटल बनाउन र विद्यार्थीहरूलाई ईलर्निङ तथा अनलाइन स्रोतहरू मार्फत नयाँ सीप - सिक्न मद्दत पुर्याएको छ। स्थानीय तहले डिजिटल तालिम, कम्प्युटर कक्षाहरू, र अनलाइन शिक्षाको सुरुवात गरेर सिकाइ स्तर बढाउन सक्नेछ ।

४ सार्वजनिक .निजी साझेदारी **(PPP)** को सम्भावना

स्थानीय तहले निजी क्षेत्रसँग सहकार्य गरी विद्यालय सुधार, पूर्वाधार विकास, र सीपमूलक शिक्षामा सुधार ल्याउन सक्ने अवसर रहेको छ ।

५प्राविधिक र व्यावसायिक शिक्षामा विस्तारको अवसर .

प्राविधिक र व्यावसायिक शिक्षामा रुचि बढिरहेको छ, जसले विद्यार्थीहरूलाई रोजगारमूलक र सीपयुक्त बनाउने अवसर प्रदान गर्छ। स्थानीय तहले सीप विकास, उद्यमशीलता र स्वरोजगारको लागि तालिम कार्यक्रमहरू ल्याएर यस अवसरको सदुपयोग गर्न सकिन्छ ।

६राष्ट्रिय तथा . अन्तराष्ट्रिय गैरसरकारी सहयोगको सम्भावना

विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था र गैरसरकारी संस्थाहरूले शिक्षामा सहयोग पुर्याउँदै आएको हुँदा स्थानीय तहले यी साझेदारहरूसँग सहकार्य गरेर विद्यालयका पूर्वाधार, गुणस्तरीय शिक्षा र शिक्षकको पेशागत विकासमा अवसर लिन सकिन्छ ।

७स्थानीय पाठ्यक्रम विकासको अवसर .

स्थानीय तहले आफ्नो क्षेत्रको सांस्कृतिक, भौगोलिक, र आर्थिक अवस्थालाई सम्बोधन गर्नेगरी पाठ्यक्रम विकास गर्न सक्छ। यसले विद्यार्थीहरूलाई आफ्नो परिवेशसँग सम्बन्धित शिक्षा प्रदान गर्न मद्दत पुर्याउँछ र तिनीहरूको समग्र विकासमा योगदान पुर्याउँछ।

८ . अभिभावक र समुदायको संलग्नता बढाउन सम्भावना

स्थानीय तहले विद्यालय व्यवस्थापन समितिहरूमा अभिभावक र समुदायको प्रतिनिधित्व बढाएर तिनीहरूको संलग्नता सुनिश्चित गर्न सक्छ । यसले विद्यालयमा अभिभावकको चासो बढाउने र विद्यार्थीहरूको शिक्षामा सुधार ल्याउने अवसर दिन्छ ।

**कमजोर पक्ष**

- भौतिक पूर्वाधारको कमी

- पर्याप्त कक्षा कोठाको अभाव।
- पुस्तकालय, प्रयोगशाला र शुद्ध पिउने पानीको पर्याप्त व्यवस्था नहुनु।
- बालमैत्री तथा छात्रा मैत्री शौचालय सुविधाको कमी हुनु।

२. शिक्षण सिकाई सामग्रीको कमी

- आधुनिक शिक्षण सामग्रीको अभाव।
- सूचना प्रविधि )**ICT)** को न्यून उपयोग।

३. बिद्यार्थी सङ्ख्याको आधारमा शिक्षकको अभाव

- बिषयगत शिक्षकको अभाव।
- शिक्षक बिद्यार्थी अनुपात बढी हुनु |

४. नीतिगत समस्या

- शिक्षामा लगानी अपर्याप्त हुनु।
- योजना निर्माण र कार्यान्वयनमा कमजोरी।
- संघिय शिक्षा ऐन निर्माण नहुनु |

७. सामाजिक र सांस्कृतिक चुनौतीहरू

- अभिभावकहरूको शिक्षाप्रति चेतनामा कमी |
- रुढिवादी परम्परा कायमै रहनु |

# परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ शिक्षा क्षेत्र योजना निर्माणका आधारहरु

नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुरुप कार्य गर्न शिक्षालाई महत्वपूर्ण बिषयका रुपमा आत्मसाथ गर्दै आएको छ साथै यस क्षेत्रको शैक्षिक विकासका लागि विजयनगर गाउँपालिकाले विभिन्न प्रयासहरू समेत गरेको छ। विद्यालयमा नयाँ नेतृत्व विकास, शिक्षक कर्मचारी व्यवस्थापनका लागि अनुदानको व्यवस्था गरिएको छ। कम्तिमा एक सामुदायिक विद्यालयमा एक बालविकास कक्षा तथा समग्र शैक्षिक क्षेत्रमा समावेशी, बालमैत्री र अपाङ्गतामैत्री प्रणालीको विकास गरिनेछ। विद्यालयको भौतिक पूर्वाधार विकासका लागि भवन, कक्षाकोठा निर्माण, खानेपानी, शौचालय निर्माणका लागि हरेक बर्ष विशेष महत्वका साथ सम्बन्धित क्षेत्रमा बजेट विनियोजन हुदै आएको छ। बालबालिकाको शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि आधारभूत तह सम्मका विद्यालयहरूमा निःशुल्क र अनिवार्य शिक्षा लागु गरिनेछ। शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धिका कामहरूलाई निरन्तरता दिदै आइराखेको छ। वालिकाहरुलाइ विद्यालय निरन्तरता बढाउनको निम्ति विभिन्न खालका छात्रवृति प्रदान गरिएको छ। उच्च शिक्षा अध्ययनका लागि गरिब तथा जेहेन्दार छात्र छात्राहरूका लागि विशेष छात्रवृत्ति कार्यक्रमको व्यवस्था गरिनेछ। यस गाउँपालिकाले शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न सरकारी गैरसरकारी सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य हुर्दै आइरहेको छ। मुलुकको समृद्धि र समुन्नतिका लागि आवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम भएको हुनेछ। साधारण शिक्षा, प्राविधिक शिक्षा र सिपमूलक तालिमलाई एकीकृत र समन्वयात्मक ढङ्गले अघि बढाउदै यस गाउँपालिका शिक्षाको लागिसबैको आकर्षणको केन्द्र बनाउने तर्फ यो योजना केन्द्रित रहनेछ। यही सन्दर्भलाई दृष्टीगत गरी यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा पालिकाले अवको ५ वर्ष सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटिने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, उद्देश्यहरू, र रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरीएको छ।

विजयनगर गाउँपालिका को शैक्षिक प्रणालीलाई सहज र व्यवस्थित रुपमा सञ्चालन गर्नकोलागि विगत देखि नै विभिन्न प्रयासहरू भैरहेका छन्। नेपालको सबै क्षेत्रमा शैक्षिक अवसरमा समान पहुँच पुर्याउनु राज्यको दायित्व हो। हाल स्थानीय तह विजयनगर गाउँपालिका कार्यपालिकाको मातहतमा शिक्षा शाखाको रुपमा स्थापना भई सेवा प्रवाह गर्दै आएको छ। विजयनगर गाउँपालिकाको शैक्षिक सुधार एवं विकासका लागि जनमुखी, जवाफदेही, पारदर्शी तथा जनसहभागितामूलक, शैक्षिक प्रशासनको विकास गर्न र शिक्षाको प्रतिफल सरोकारवालालाई उपलव्ध गराई कानुनको शासन भ्रष्टाचार मुक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा स्रोतको कुशल व्यवस्थापन जस्ता अशल शासनका आधारभूत मान्यतालाई आत्मासात गरी सर्वसाधारणमा गुणस्तरीय शैक्षिक सेवा छिटोछरितो र कम खर्चिलो ढङ्गबाट प्रदान गर्ने अवस्था सिर्जना गर्न गाउँ शिक्षा समितिको व्यवस्था गरिएको छ। शिक्षा समिति एउटा शैक्षिक एकाइको रुपमा रहेको शिक्षा क्षेत्रको सुदृढ र विकास गर्न शिक्षा समितिले शिक्षा शाखालाई प्रभावकारी,उत्तरदायी र प्राविधिक सेवा प्रदान गर्ने शैक्षिक खम्बाको रुपमा कार्य गर्ने सवल,सक्षम संस्थाको रुपमा प्रस्तुत हुने सम्मानजनक आधारहरू तयार गरिरहेको अवस्था छ। त्यसैले विजयनगर गाउँपालिका ले पनि संघीय सरकारको प्राप्त जिम्मेवारी बमोजिम तपशिलमा उल्लेख गरे अनुसारका आधारमा पाँच वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ।

१. स्थानीय आवश्यकताहरूको पहिचानः समुदायका बालबालिका, शिक्षक, र अभिभावकहरूको आवश्यकता तथा समावेशी समानताका आधारमा सबैलाई शिक्षा क्षेत्रमा समेट्नका लागि स्थानीय सरोकारवालाहरुसँग छलफल गरियो। यसबाट शिक्षा क्षेत्रको प्राथमिकता र चुनौतिहरू पहिचान गर्न सहज भएको छ।
   स्रोत र पूर्वाधारको मूल्याङ्कन.विद्यालयको भौतिक पूर्वाधार, जनशक्ति, सिकाइ सामग्री, र वित्तीय स्रोतको उपलब्धता र अवस्था अध्ययन गरिएको छ।

२. समावेशी शिक्षाः  महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति, र अन्य पिछडिएको समुदायको शिक्षामा पहुँचलाई प्राथमिकतामा राखिएको छ।

३. नीतिगत निर्देशनः नेपाल सरकारको शिक्षा नीति, संविधानमा व्यवस्था भएका शिक्षा अधिकारहरू, स्थानीय सरकार संचालन ऐन २०७४, संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७ (योजना निर्माण सम्बन्धी), अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७, १६औं योजना, विद्यालय शिक्षा क्षेत्र योजना (२०८८–२०७९), विजयनगर गाउँपालिकाको आवधिक योजना,  सिकाई आपूरण तथा द्रुत सिकाई योजना र ,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षा मानकहरूको अध्ययन गरी योजना निर्माणमा समावेश गरियो।

४.  गुणस्तरीय शिक्षा प्रवर्धनः  गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नपाठ्यक्रम, शिक्षक तालिम, प्रविधिमैत्री सिकाई, बालमैत्री शिक्षण सिकाई विधि र सिकाइको अनुगमन तथा मूल्याङ्कनलाई आधार बनाईयो।

५. सहकार्य र साझेदारीः तीनवटै तहका सरकार संघ, प्रदेश र स्थानीयका विचमा आपसी समन्वय , शिक्षामा सुधार गर्न स्थानीय संघसंस्था, गैरसरकारी संस्था, र समुदायसँगको सहकार्य र साझेदारीलाई ध्यानमा राखीएको।

६. दिगो विकास लक्ष्यहरू: विशेष गरी चौथो लक्ष्य लाई ध्यानमा राखिएको (गुणस्तरीय शिक्षा), जसले समग्र शिक्षा प्रणालीमा सुधार ल्याउने उद्देश्य राख्दछ।

७. पूर्व अनुभव र उपलब्धिः  गाउँपालिकाको विगतका शिक्षा सम्बन्धि क्रियाकलापहरुको समीक्षा गरी तिनबाट सिकेका पाठहरूलाई योजनामा समावेश गरिएको।

### २.२ दुरदृष्टि

**गुणस्तरीय, व्यवहारिक, सुसंस्कृत र समतामुलक शिक्षा, समृद्ध विजयनगर गाउँपालिका हाम्रो ईच्छा |**

### २.३ लक्ष्य

सक्षम, प्रतिस्पर्धि र सुसंस्कृत जनशक्ति तयार गरि स्थानीय एवम् राष्ट्रिय आवश्यकता पुर्तिमा टेवा पुर्याउने |

### २.४ उद्देश्यहरू

१. गाउँपालिका भित्रका सबै प्रकारका बालबालिकाहरुलाई समावेशी र समतामूलक शिक्षाको पहुँच सुनिश्चित गर्नु,

२. शैक्षिक सुशासन प्रवर्द्धन गर्दै सिकाइका लागि सुरक्षित भौतिक पूर्वाधार सहितको बालमैत्री वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु,

३. व्यावसायिक, सीपयुक्त, सूचना तथा संचार प्रविधिमा आधारित रोजगारमूलक शिक्षालाई जोड दिदैं विद्यार्थीहरुमा ज्ञान सीप क्षमताको अभिवृद्धिको विकास गरी र प्रतिस्पर्धि नागरिक तयार गर्नु,

४. उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधि प्रति अभिप्रेरित, प्रतिस्पर्धि र उधमशिल मानव शंसाधनको विकास गर्नु,

५. विद्यार्थीहरुमा नैतिक आचरण सहितको मानव मूल्यमा आधारित शिक्षा प्रदान गर्नु,

६. अनौपचारिक शिक्षा र आजीवन सिकाईका अवसर सुनिश्चित गर्नु,

७. स्थानीय भाषा, कला, साहित्य, लिपी, सँस्कृतिको जगेर्ना र स्थानीय सीपलाई प्रबर्द्धन गर्नु र

८. आपतकालिन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाईको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु

९. संस्थागत तथा नीजि विद्यालयलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु |

## २.५ रणनीति र कार्यनीति

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| गाउँपालिका भित्रका सबै प्रकारका बालबालिकाहरुलाई समावेशी र समतामूलक शिक्षाको पहुँच सुनिश्चित गर्नु | • सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि विद्यालयको नक्साङ्कन गरी आवश्यकताको आधारमा शैक्षिक सेवाको पहुँच विस्तार गर्ने,<br>• अनिवार्य तथा निःशूल्क शिक्षाको मापदण्ड बमोजिम विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम संचालन गर्ने, | • विद्यालय नक्साङ्कनको आधारमा विद्यालयको स्थापना, समायोजन वा विस्तार गरिनेछ।<br>• आवश्यक कानून, नियम, कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरिनेछ।<br>• विद्यार्थीको स्वास्थ्यमा सुधार ल्याउन र सिकाई उपलब्धिमा वृद्धी गर्न दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गर्दै विद्यार्थीहरुको स्वास्थ्य परीक्षण र रिफरल सेवा समेत गरिनेछ।<br>• लक्षित वर्गका वालवालिकाहरुलाई छात्रवृति स्टेशनरी तथा अन्य आवश्यक सामग्रीको व्यावस्था गरिनेछ।<br>• छात्राहरुको विद्यालयमा नियमित उपस्थितिका लागि गुणस्तरिय र निःशूल्क सेनेटरी प्याडको व्यवस्था मिलाईने छ। |
| शैक्षिक सुशासन प्रवर्द्धन गर्दै सिकाइका लागि सुरक्षित भौतिक पूर्वाधार सहितको बालमैत्री वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु | • विद्यालयमा शैक्षिक सुशासन कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्ने,<br>• विद्यार्थी संख्या, विषयगत र तहगत आधारमा शिक्षकहरुको व्यवस्था गर्ने,<br>• भवन निर्माण संहिताको पालना गर्दै आवश्यकताको आधारमा सुरक्षित भौतिक पूवाधार निर्माण गर्ने,<br>• गुणस्तरिय शिक्षाको सुनिश्चितका लागि शिक्षकहरुको क्षमता विकास गर्दै विद्यालयलाई आवश्यक शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने, | • एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई यथार्थपरक तथा वस्तुनिष्ठ बनाईनेछ।<br>• निर्धारित समयमा सामाजिक परीक्षण, लेखापरीक्षण गर्ने, विद्यालय सुधार योजना निर्माण र विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ गठन गर्ने व्यवस्था मिलाईनेछ ।<br>• शिक्षक दरबन्दी मिलान, पुनर वितरण तथा नियमानुसार प्र.अ. व्यवस्थापन गरिनेछ।<br>• शिक्षकहरुको पेशागत क्षमता विकासका लागि आवश्यकता अनुसार कार्यक्रमहरु संचालन गरिनेछ।<br>• शिक्षक, कर्मचारी र विद्यार्थीहरुका लागि ई-हाजिरीको व्यवस्था, विद्यालयको सम्पूर्ण आर्थिक कारोबारलाई बैकिङ्ग प्रणालीमा आबद्ध गरिनेछ।<br>• आवश्यकताका आधारमा विद्यालयमा भौतिक संरचना निर्माण गर्दै लगिनेछ।<br>• शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरुको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन जस्ता कार्यक्रम संचालन गरिनेछ।<br>• एक विद्यालय एक बगैंचा निर्माण कार्यक्रम संचालन गरिनेछ।<br>• विद्यालयमा बालमैत्री,अपाङ्गमैत्री,छात्रामैत्री समावेशी र सुरक्षित सिकाई वातावरण कायम गरिनेछ। |

| | | |
|---|---|---|
| व्यावसायिक, सीपयुक्त, प्राविधिक , सूचना तथा संचार प्रविधिमा आधारित रोजगारमूलक शिक्षालाई जोड दिदैँ विद्यार्थीहरुमा ज्ञान , सीप र अभिवृद्धिको स्ृजनशिल र प्रतिस्प्रधि नागरिक तयार गर्नु | • प्रत्येक विद्यालयमा प्रविधि मैत्री शिक्षाको विस्तार गरी विद्यालयमा सूचना प्रविधिका सामग्रीहरुको व्यवस्थापन गर्ने, <br> • आवश्यकतका आधारमा प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गरी सक्षम मानवस्रोत तयार गर्ने, | • गुणस्तरिय ईन्टरनेट र विद्युतको व्यवस्था गरिनेछ । <br> • प्रत्येक विद्यालयमा कम्तिमा एक/एक वटा स्मार्ट कक्षा र माध्यमिक तहमा ई-लाईब्रेरीको निर्माण गरिनेछ । <br> • क्रमशः साझेदारीमा एक शिक्षक एक ल्यापटपको व्यवस्था गरिनेछ । <br> • प्राविधिक शिक्षा संचालन भएको विद्यालयहरुको स्तरोन्नती गर्दै कक्षा, शिक्षक तथा शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरिनेछ । <br> • उत्पादन भएका सीपयुक्त जनशक्तिलाई संघ संस्था, उद्योग र रोजगारदाताहरुसँग रोजगारीका लागि समन्वय, पहल तथा सहजिकरण गरिनेछ । <br> • विद्यार्थीहरुका लागि सीपमूलक छोटो अवधिका तालिम संचालन गरिनेछ । |
| उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधि प्रति अभिप्रेरित, प्रतिस्पर्धि र उधमशिल मानव शंसाधनको विकास गर्नु, | • उच्च शिक्षा अध्ययनको लागि विभिन्न शैक्षिक संस्थाहरुमा समन्वय तथा सहकार्य गर्ने, <br> • विज्ञान तथा प्रविधि सम्बन्धी विषयहरु अध्ययन गर्ने विद्यार्थीहरुको लागि प्रोत्साहन गर्ने, | • अन्य स्थानीय तह, जिल्लामा संचालनमा रहेका उच्च शिक्षा प्रदायक संस्थाहरुसँगको समन्वयमा अध्ययनको व्यवस्था मिलाउन पहल गरिनेछ । <br> • उच्च शिक्षामा विज्ञान तथा प्रविधि सम्बन्धी विषयहरु अध्ययन गर्ने लक्षित समूहका विद्यार्थीहरुका लागि आर्थिक सहायता उपलब्ध गराईनेछ । <br> • उच्च शिक्षामा विद्यार्थीहरुको आकर्षण अभिवृद्धि गर्न माध्यमिक तहबाट नै परामर्श सेवा संचालन गरिनेछ । |
| विद्यार्थीहरुमा नैतिक . आचरण सहितको मानव मूल्यमा आधारित शिक्षा प्रदान गर्नु | • पाठ्यक्रममा भएमा नैतिक शिक्षाका विषयवस्तुहरुलाई व्यवहारमा देखिने गरी शिक्षण सिकाई गर्ने, | • अभिभावक शिक्षा संचालन गर्ने, <br> • विद्यार्थीहरुमा व्यवहार कुशल सीपहरुको अभ्यासको लागि शिक्षक, विद्यार्थी र अभिभावकहरुबीचमा अन्तर्कृया कार्यक्रम संचालत गरिनेछ । |
| अनौपचारिक शिक्षा र आजीवन सिकाईका अवसर सुनिश्चित गर्नु, | • सामुदायिक सिकाई केन्द्र स्थापना गरी बहुउद्देश्य संयन्त्रको रुपमा बिकास गरी समावेशी र समतामा आधारित आजीवन सिकाई थलोको रुपमा विकास गर्ने, <br> • आवश्यकता तथा मागमा आधारित वैकल्पिक शिक्षाका विभिन्न कार्यक्रमहरु संचालन गर्ने, | • सामुदायिक सिकाई केन्द्रहरुलाई आधारभूत सुविधा सम्पन्न (पुस्तकालय, सूचना प्रविधि सम्बन्धी सामग्री, फर्निचर आदि) गर्दै सिकाई केन्द्रको रुपमा विकास गरिनेछ । <br> • सि.एल.सि. व्यवस्थापन समिति र सहजकर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ । <br> • सि.एल.सिहरुबीच असल अभ्यासहरुको आदान प्रदान गर्न गाउँपालिकाको समन्वयमा कम्तिमा त्रैमासिक रुपमा बैठक बस्ने व्यवस्था मिलाईने छ । <br> • साक्षरताको वर्तमान अवस्था साथै विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचानको लागि घर धुरी सर्वेक्षण गरिनेछ |

| | | |
|---|---|---|
| | | ।<br>● विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुको समन्वय तथा सहयोगमा निरन्तर साक्षरता कक्षा तथा वैकल्पिक शिक्षाका विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।<br>● अनौपचारिक शिक्षाबाट साक्षर भएकालाई व्यवसायिक सीपमा आबद्ध गर्न आवश्यक सहयोग गरिनेछ। |
| स्थानीय भाषा ,कला , ,लिपी,साहित्य सँस्कृतिको जगेर्ना र स्थानीय सीपलाई ,प्रबर्द्धन गर्नु | ● स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको निर्माण र कार्यान्वयन गर्दै स्थानीय कला, साहित्य र सँस्कृतिको जगेर्ना गर्ने,<br>● स्थानीय परम्परागत (रैथाने) सीपहरुको पहिचान, संरक्षण र प्रबर्द्धन गर्ने, | ● स्थानीय परिवेश सुहाँउदो पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको निर्माण गरी कार्यान्वयन गरिनेछ।<br>● स्थानीय कला, साहित्य र सँस्कृतिको जगेर्ना गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।<br>● स्थानीय सीप पहिचान गरी अन्तरपुस्ता हस्तान्तरण गर्न सहजिकरण गर्दै जीविकोपार्जनसँग आबद्ध गरिनेछ।<br>● भाषा, कला तथा साहित्यको संरक्षण, प्रबर्द्धन र विकासका लागि पालिकास्तरमा प्रतिष्ठान तथा सामुदायिक पुस्तकालय स्थापना गरिनेछ। |
| आपतकालिन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाईको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु, | ● विपद्को समयमा शिक्षाको निरन्तरताको लागि आवश्यक योजना, नीति तथा कार्यविधि निर्माण गरी आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने,<br>● कोभिड १९ लगायतका अन्य महामारी र प्रकोपका कारणले शिक्षण सिकाइलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाउने, | ● विपद् व्यवस्थापनका लागि संयन्त्र निर्माण, क्षमता अभिवृद्धि गर्दै श्रोत साधनको व्यवस्था गरिनेछ।<br>● बृहत विद्यालय सुरक्षा सम्बन्धी कार्यक्रमहरु सबै विद्यालयहरुमा संचालन गरिनेछ।<br>● सिकाई आपुरण तथा दृत सिकाई योजना (ReAL Plan) साझेदारीमा प्रभावकारी रुपमा संचालन गरिनेछ।<br>● महामारी तथा प्रकोपका कारणले विद्यालय संचालन हुन नसक्ने अवस्था भएमा अनलाईन तथा भर्चुवल सिकाईको व्यवस्था गरिनेछ।<br>● स्थानीय स्तरमा शिक्षा समूह निर्माण तथा परिचालन गरिनेछ। |
| संस्थागत तथा नीजि विद्यालयलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु | ● निजी विद्यालयहरूको दर्ता, सञ्चालन, र शुल्क संरचनालाई नियमन गर्ने स्पष्ट मापदण्ड बनाउने<br>● शिक्षालाई व्यापारिक लाभभन्दा सेवामूलक कार्यका रूपमा सञ्चालन गर्न प्रोत्साहन गर्ने<br>● निजी विद्यालयहरूलाई स्थानीय समुदाय र | ● विद्यालय शुल्कको अधिकतम सीमा तोक्न र शुल्कसम्बन्धी सार्वजनिक जानकारी उपलब्ध गराउन कानूनी व्यवस्था गरिनेछ,<br>● विद्यालयहरूको शैक्षिक गतिविधि, विद्यार्थीहरूको सिकाइ स्तर, र पूर्वाधारको अनुगमन गर्न सरकारी निकायको सशक्त भूमिका हुनेछ।,<br>● न्यून आर्थिक अवस्थाका विद्यार्थीहरूलाई छात्रवृत्ति वा निःशुल्क शिक्षा उपलब्ध गराउन निजी विद्यालयहरूलाई प्रोत्साहन दिइनेछ। |

| | | |
|---|---|---|
| | सामाजिक उद्देश्यसँग जोड्ने । | |

## २.६ अपेक्षित उपलब्धि

१. गाउँपालिका भित्रका सबै प्रकारका बालबालिकाहरुलाई समावेशी र समतामूलक शिक्षाको पहुँच सुनिश्चित भएको हुनेछ,

२. विद्यालयमा शैक्षिक सुशासन प्रवर्द्धन भएको हुनेछ,

३. गुणस्तरीय शिक्षा प्राप्त गर्न सुरक्षित भौतिक पूर्वाधार सहितको बालमैत्री वातावरण निर्माण भएको हुनेछ,

४. व्यावसायिक, सीपयुक्त, प्राविधिक, सूचना तथा संचार प्रविधिको प्रयोग गर्न सक्ने मध्यमस्तरको जनशक्ति तयार भएको हुनेछ,

५. उच्च शिक्षमा पहुँच अभिवृद्धि भएको हुनेछ,

६. प्रतिस्पर्धि र क्षमतावान मानव शंसाधनको विकास भएको हुनेछ,

७. विद्यार्थीहरुमा नैतिक आचरण सहितको मानव मूल्यमा आधारित असल व्यवहार देखिनेछ,

८. अनौपचारिक शिक्षा र आजीवन सिकाईका अवसर सुनिश्चित भएको हुनेछ,

९. स्थानीय भाषा, कला, लिपी, सँस्कृतिको जगेर्ना र स्थानीय सीपको प्रबर्द्धन भएको हुनेछ,

१०. आपतकालिन अवस्थामा पनि वैकल्पिक माध्यमबाट विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ,

११ . संस्थागत तथा नीजि विद्यालयहरु  नियमन र व्यवस्थापन भई सेवामुलक भएका हुनेछन्|

२.७ मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्यहरु

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार बर्ष २०८१ | लुम्विनी प्रदेशको आधार बर्ष २०८१ | कपिलवस्तु जिल्लाको आधार बर्ष २०८१ | विजयनगर गा.पा.को आधार बर्ष २०८१ | विजयनगर गा.पा.को लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ९९.९ | १०६.८ | ८९.० | ७३.८ | ७५ | ८० | ८५ | ९० | ९५ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ७०.६ | ७२.६ | ७९ .४ | ४९.५ | ५५ | ६२ | ७० | ८० | ९० |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७६.९ | ८४.३ | ७७.३३ | ८४.५ | ८६ | ८८ | ९० | ९३ | ९७ |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.८२ | ०.८१ | ०.७९ | ०.७४ | ०.८० | ०.८५ | ०.९० | ०.९५ | १.० |
| ५ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेशदर | ९५.७ | ९५.८ | ९५.७ | ९५.३ | ९७.० | ९८ | ९८.५ | ९९ | १०० |
| ६ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको कुल प्रवेशदर | ११५.९ | ११९.५ | ११७.९ | ११७.९ | ११५ | ११० | १०५ | १०३ | १०० |
| ७ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.६ | ९५.५ | ९५.५ | ९५.४ | ९६ | ९८ | ९८.५ | ९९ | १०० |
| ८ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १२४.८ | १२८.४ | १२८.२ | १३१.१ | १२५ | १२० | ११५ | ११३ | ११० |
| ९ | आधारभूत तह कक्षा १–५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९२ | ०.९१ | ०.८९ | ०.८९ | ०.८५ | ०.९० | ०.९५ | ०.९७ | ०.९९ |
| १० | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९५.२ | ९५.१ | ९५.२ | ९४.६ | ९६ | ९७ | ९८.५ | ९९ | १०० |
| ११ | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | १२१.६ | १२३.९ | १२५.१ | १२२.२ | ११७ | ११४ | १११ | १०८ | १.०५ |
| १२ | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.३ | ८६.२ | ८५.९ | ८६.२ | ८८ | ९० | ९२ | ९३ | ९५ |
| १३ | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९३ | ०.९१ | ०.८७ | ०.८५ | ०.८८ | ०.९२ | ०.९६ | ०.९८ | १.० |
| १४ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७६.५ | ७५.७ | ७६.२ | ७२.३ | ७५ | ८० | ८५ | ८९ | ९२ |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार बर्ष २०८१ | लुम्विनी प्रदेशको आधार बर्ष २०८१ | कपिलवस्तु जिल्लाको आधार बर्ष २०८१ | विजयनगर गा.पा.को आधार बर्ष २०८१ | विजयनगर गा.पा.को लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| १५ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ९८.७ | ९६.८ | १०६.९ | ८७.२ | ८५ | ८२ | ८० | ८५ | ९० |
| १६ | माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९६ | ०.९७ | ०.८७ | ०.८४ | ०.८० | ०.८५ | ०.८९ | ०.९२ | ०.९५ |
| १७ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | ३७.१ | ३५.९ | ३७.८ | १६.४ | २० | २५ | ३० | ३५ | ४० |
| १८ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ६७.७ | ६६.० | ८२.७ | ३०.५ | ३५ | ४० | ४५ | ५० | ५५ |
| १९ | माध्यमिक तह (कक्षा ११–१२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०२ | १.०६ | ०.८४ | ०.८९ | ०.९२ | ०.९५ | ०.९८ | ०.९९ | १.० |
| २० | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ५६.८ | ५५.२ | ५६.१ | ४८.४ | ४९.५ | ५२ | ५४ | ५६ | ५८ |
| २१ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ८३.२ | ८०.९ | ८४.२ | ८६ | ९२ | ९५ | ९८ | ९९ | १०० |
| २२ | माध्यमिक तहको कक्षा ९–१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १.०१ | ०.८५ | ०.८६ | ०.८९ | ०.९१ | ०.९६ | ०.९९ | १.० |
| २३ | कक्षा चढ्ने दर १ देखि ५ | ८३.८ | ८२.९ | ७६.० | ८५.२ | ८७ | ८९ | ९१ | ९२ | ९५ |
| २४ | कक्षा चढ्ने दर ६ देखि ८ | ८८.२ | ८७.३ | ८७.० | ९१.५ | ९२ | ९४ | ९५ | ९८ | ९९ |
| २५ | कक्षा चढ्ने दर ९ देखि १० | ९३.४ | ९३.१ | ८९.९ | ९६.३ | ९७ | ९८ | ९८.५ | ९९ | १०० |
| २६ | कक्षा चढ्ने दर ११ देखि १२ | ९१.३ | ९१.२ | ९१.१ | ८९.१ | ९१ | ९४ | ९८.५ | ९९ | १०० |
| २७ | कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ | ८.७ | ९.५ | १४.० | ८.६ | ६ | ५ | ४ | ३ | २ |
| २८ | कक्षा दोहोर्याउने दर कक्षा ६ देखि ८ | ५.२ | ६.३ | ५.१ | ३.९ | ३ | २.५ | २ | २.५ | १ |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तरको आधार बर्ष २०८१ | लुम्विनी प्रदेशको आधार बर्ष २०८१ | कपिलवस्तु जिल्लाको आधार बर्ष २०८१ | विजयनगर गा.पा.को आधार बर्ष २०८१ | विजयनगर गा.पा.को लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| २९ | कक्षा दोहोर्याउने दर कक्षा ९ देखि १० | २.२ | २.३ | ३.८ | १.२ | १ | ० | ० | ० | ० |
| ३० | कक्षा दोहोर्याउने दर कक्षा ११ देखि १२ | ०.८ | ०.५ | २.५ | ०.६ | ० | ० | ० | ० | ० |
| ३१ | कक्षा छाड्ने दर कक्षा १ देखि ५ | ३.२ | ३.३ | ५.० | २.९ | १ | ०.५ | ० | ० | |
| ३२ | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ | २.८ | २.९ | ३.७ | २.२ | १ | ०.५ | ० | ० | ० |
| ३३ | कक्षा छाड्ने दर कक्षा ९ देखि १० | १.९ | २.१ | ३.० | १.४ | १ | ०.५ | ० | ० | ० |
| ३४ | कक्षा छाड्ने दर कक्षा ११ देखि १२ | ०.९ | १.० | १.३ | १.५ | १ | ०.५ | ० | ० | ० |
| ३५ | नयाँ भर्ना दर कक्षा १ देखि ५ | ४.३ | ४.३ | ४.९ | ३.३ | ५ | ८ | १० | ११ | १२ |
| ३६ | नयाँ भर्ना दर कक्षा ६ देखि ८ | ३.८ | ३.६ | ४.३ | २.४ | ५ | ८ | १० | ११ | १२ |
| ३७ | नयाँ भर्ना दर कक्षा ९ देखि १० | २.५ | २.५ | ३.३ | १.२ | ५ | ८ | १० | ११ | १२ |
| ३८ | नयाँ भर्ना दर कक्षा ११ देखि १२ | ७.८ | ७.९ | ७.६ | ९.४ | ११ | १३ | १५ | १६ | १७ |

## परिच्छेद ३: शिक्षाका उपक्षेत्रहरू

देशको समग्र आर्थिक, सामाजिक विकास र समाज रूपान्तरणको प्रमुख माध्यम शिक्षा हो। नेपालको संविधान २०७२ ले गुणस्तरीय शिक्षा प्राप्त गर्ने हक प्रत्येक नागरिकलाई प्रदान गरेको छ। त्यसै गरी शिक्षाको सञ्चालन तथा व्यवस्थापनका लागि संविधानतः तिन ओटै तहका सरकारलाई जिम्मेबार बनाएको छ। औपचारिक विद्यालय शिक्षा बाहेक स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन र विकास, गुणस्तरीय शिक्षा, दूर तथा खुला शिक्षा, सूचना प्रविधि शिक्षा, पोषण तथा विद्यालय सरसफाइ र विपद् व्यवस्थापन लगायतका शैक्षिक क्रियाकलापहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी पनि स्थानीय सरकारलाई प्रदान गरेको छ।

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१,१ वर्तमान अवस्था

यस विजयनगर गाउँपालिका अन्तर्गत कुल ३८ ओटा प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन्। जसमध्ये ५ ओटा समुदायमा आधारित रहेको छ। २०७८ सालको राष्ट्रिय जनगणना अनुसार ४ वर्ष उमेर समूहका ९३६ जना वालवालिकाहरू रहेका छन्। बालविकास केन्द्रका जम्मा ३८ जना सहजकर्ताहरू रहेकोमा सबैजना आधारभूत तालिम प्राप्त छन्। शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित फ्ल्यास प्रतिवेदन सन् २०२३-२०२४ अनुसार प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर ७३.८ प्रतिशत र खुदभर्ना दर ४९.५ प्रतिशत रहेको छ। त्यसैगरी प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका ८४.५ प्रतिशत रहेको छ। शिक्षक विद्यार्थी अनुपात १:६० रहेको छ। प्रारम्भिक बालविकास केन्द्र सञ्चालनका लागि छुट्टै भवन तथा कक्षा कोठा व्यवस्थापन गर्न कठिनाइ रहेको छ। प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूको सेवा, सुविधा समेत स्पष्ट गर्नु पर्ने अवस्था रहेको छ। विशेष गरेर स्तरयुक्त कक्षाकोठा, प्रयाप्त शैक्षिक सामग्री, आवश्यक खेल सामग्री, पोषणयुक्त दिवा खाजा प्रवन्ध, सहजकर्ताको पारिश्रमिक, क्षमता विकासका अवसरहरु, समुदायको सहयोग र सहभागिता र निरन्तर अनुगमन तथा सुपरिवेक्षण अपेक्षाकृत हुन नसकेको अवस्था छ।

#### ३.१.३ प्रमुख समस्या तथा चुनौती

१. कम उमेर र बढि उमेरका प्रारम्भिक बालविकास कक्षामा भर्ना हुनु,
२. प्रारम्भिक बालबालिका केन्द्रमा भित्री र बाहिरी खेल सामग्री उपलब्ध नहुनु,
३. पोषणयुक्त दिवा खाजाको व्यवस्थापनका लागि छुट्याईएको रकम कमी ,
४. व्यक्तिगत स्वास्थ्य तथा सरसफाईको प्रवन्ध गर्न नसक्नु,
५. प्रारम्भिक बालविकास केन्द्रमा आयाको व्यवस्थापन गर्न नसक्नु,
६. बालमैत्री कक्षा व्यवस्थापन गर्न नसक्नु र नियमित अनुगमन तथा निरीक्षणको कमी ,
७. प्रारम्भिक बालविकास तथा शिक्षाका कक्षाहरू अपाङ्ग मैत्री नहुनु,
८. उमेर समूह अनुसार शौचालय तथा खानेपानी को प्रबन्ध नहुनु

#### ३.१.५ अवसर

- संविधान,ऐन कानुन तथा नीतिगत रूपमा स्पष्ट कानुनी आधार तय हुनु,
- पालिकालाई प्रारम्भिक बाल विकास र शिक्षाको विकास तथा सुधार गर्ने कानुनी आधार हुनु,
- योजनावद्ध विकासको थालनी हुनु,
- पालिकाले शिक्षाको पहुँच तथा गुणस्तरमा प्राथमिकता प्रदान गर्नु,

- अन्य गैरसरकारी निकायहरूबाट प्रारम्भिक बाल विकास र शिक्षाको विकास गर्ने पर्याप्त अवसर हुनु ।

सामुदायिक विद्यालयतर्फ (मदरसा समेत) र संस्थागत विद्यालयमा प्रारम्भिक बालविकास र शिक्षा सञ्चालनहुने विद्यालय र लाभान्वित बालबालिकाको वडागत अवस्था

**तालिका नं १३**
**वडागत बालविकास केन्द्र**

| क्र.सं. | वडा नं. | सामुदायिक विद्यालयमा आधारित | समुदायमा आधारित |
|---|---|---|---|
| १ | १ | ६ | ३ |
| २ | २ | ५ | ० |
| ३ | ३ | ५ | ० |
| ४ | ४ | ५ | ० |
| ५ | ५ | ३ | ० |
| ६ | ६ | ५ | १ |
| ७ | ७ | ४ | १ |
| जम्मा | | ३३ | ५ |

स्रोतः *EMIS dashboard 2081*

**तालिका नं १४**
**प्रारम्भिक बालविकासको अवस्था**

| वाल विकास संख्या | सहजकर्ताको तालिमको अवस्था | | छुट्टै कोठाको व्यवस्था | | | बसाई व्यवस्था | | भित्ता सजावट | | सिकाई सामाग्री व्यवस्था | | | खेल सामाग्री व्यवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तालिम पाएको | तालिम नपाएको | छ | छैन | खाली भुई | उपयुक्त फर्निचर सहित कार्पेटिङ | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीकै | हुँदै नभएको | Indoor out door दुबै | Indoorमात्र | out door मात्र | कुनै छैन | कैफियत |
| ३८ | ३८ | ० | ३८ | ० | ० | | ३८ | ३१ | | | ३१ | | | ३८ | | | |

(| यस तालिका संग सम्बन्धित विवरण अनुसूची नं १ मा रहेको छ)

### ३.२.३ उद्देश्य

१. बालबालिकाहरूको शारीरिक, मानसिक, भाषिक, संवेगात्मक, नैतिक, आध्यात्मिक पक्षको विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा समता मूलक पहुँच सुनिश्चित गर्नु,

२. प्रारम्भिक बालविकास र शिक्षाकार्यक्रमको गुणस्तर अभिवृद्धि गराउनु,

३. कक्षा १ मा भर्ना हुने सबै बालबालिकाहरुलाइ प्रारम्भिक वालशिक्षाको अनुभव गराउनु,

### ३.१.७ रणनीति

१. प्रारम्भिक बाल विकास र शिक्षाको अवसर सुनिश्चित गर्ने

२. बाल मैत्री, अपाङ्गमैत्री वातावरणमा बालविकास केन्द्र सञ्चालन गर्ने

३. तालिम प्राप्त तथा योग्य शिक्षकहरूको प्रबन्ध गर्ने

४. अभिभावक सचेतीकरण गरी उपयुक्त वाल स्याहार, स्वास्थ्य र सुरक्षित वातावरण सिर्जना गर्न सक्रिय बनाउने

५. बालविकास र शिक्षाका कार्यक्रमहरूको गुणस्तर अभिवृद्धि गर्ने

### ३.१.८ प्रमुख उपलब्धि तथा नतिजा

**अपेक्षित उपलब्धि**

१. बालबालिकाहरूको शारीरिक, मानसिक, भाषिक, संवेगात्मक, नैतिक, आध्यात्मिक पक्षको विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा समता मूलक पहुँच सुनिश्चित भएको हुनेछ,

२. प्रारम्भिक बालविकास र शिक्षाकार्यक्रमको गुणस्तर अभिवृद्धि भएको हुनेछ,

३. कक्षा १ मा भर्ना हुने सबै बालबालिकाहरुलाइ प्रारम्भिक वालशिक्षाको अनुभव हुनेछ,

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक (उदाहरण) | एकाइ | आधारवर्ष २०८१ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना दर % मा | प्रतिशत | ७३.८ | ७५ | ८० | ८५ | ९० | ९५ |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | सङ्ख्या | २० | २३ | २६ | २८ | ३० | ३८ |
| ५. | भौगोलिक दुरी रहेका र अपाङ्गता भएका बालबालिकाहरुलाई | सङ्ख्या | ५ | ५ | ६ | ६ | ६ | ६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समेट्न आवश्यकतामा आधारित जस्तै ः टोलमा आधारित, समुदायमा आधारित, तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने । | | | | | | | |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघ संस्था , धार्मिक संस्था र विद्यालयहरु जिम्मेवार भएको हुने । | सङ्ख्या | ३११३३१ | ३८ | ३९ | ३९ | ३९ | ३९ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | भर्ना अभियान कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | नक्साङ्कनका आधारमा बालविकास केन्द्र समायोजन तथा स्थापना | पटक | ० | १ | ० | १ | ० | २ |
| ३ | एउटा बच्चाको भर्ना मेरो सामाजिक दायित्व कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | बालविकास केन्द्रको अभिलेखीकरण | केन्द्र | ३८ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ५ | सिमान्तकृत तथा विद्यालय बाहिर रहेका बालबालिकाको लागि शैक्षिक सहयोग कार्यक्रम | संख्या | ४० | ४० | ५० | ५० | ६० | २४० |
| ६ | बालविकास सहजकर्ताको | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षमता विकासका लागि छोटो अवधिको तालिम सञ्चालन | | | | | | | |
| ७ | मापदण्ड अनुसारको पूर्वाधार सहित शैक्षिक तथा खेल सामाग्रीको व्यवस्थापन र प्रयोग | केन्द्र | १६९२ | १७०२ | १७५० | १८०० | १८५० | ३९ |
| ८ | स्थानीय लागतमा एक बालउद्यान निर्माण कार्यक्रम सञ्चालन | केन्द्र | ५ | ५ | ६ | १० | १२ | ३९ |
| ९ | बार्षिक उत्कृष्ट बालविकास सहजकर्ता लाइ प्रोत्साहन तथा सम्मान कार्यक्रम | जना | ३ | ३ | ३ | ३ | ३ | १५ |
| १० | बालविकासका बालबालिकालाई पोषण सहितको खाजा कार्यक्रम सञ्चालन | जना | १६९२ | १७०२ | १७५० | १८०० | १८५० | ७०९४ |
| ११ | बर्षको २ पटक बालबालिकाहरुको नजिकको स्वास्थ्य चौकिबाट स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० |
| १२ | अभिभावक शिक्षा कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० |
| १३ | प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित प्रागति विवरण कार्यक्रम | संख्या | ३८ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| १४ | न्युनतम मापदण्डमा आधारित प्रारम्भिक बालविकास केन्द्रको कक्षाकोठा र बसाइ व्यवस्थापन | पटक | ५ | ५ | ५ | ८ | १५ | ३९ |
| १५ | स्थानिया तह तथा वडा स्तरमा प्रारम्भिक बालविकास केन्द्र समिति गठन तथा परिचालन | केन्द्र | ३८ | ० | ० | ३९ | ० | ३९ |
| १६ | स्थानिया शैक्षिक सामग्री निमार्ण सम्बन्धि तालिम तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १७ | ECED कक्षाका सहयोगी कार्यकर्ताशिक्षकको तलब / | जना | ३८ | ३९ | ३९ | ३९ | ३९ | १९४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भत्ता | | | | | | | |
| १८ | ECED कक्षाका सहयोगी कार्यकर्ताशिक्षकका लागि / पोशाक भत्ता | जना | ३८ | ३९ | ३९ | ३९ | ३९ | १९४ |

**३.२ आधारभूत शिक्षा**

**३.२.१ परिचय**

नेपालमा वि.स. १९९६ सालमा जारी भएको शिक्षाको इस्तिहारले शैक्षिक विकास क्रमको थालनी भएको हो। यसले नेपालको शिक्षा पद्दतिलाई प्राथमिक कक्षा १-३, मिडिल स्कुल कक्षा ४-७ र हाइस्कुल कक्षा ८ -१० का रूपमा वर्गीकरण गरेको थियो। नेपालको शैक्षिक विकास क्रमलाई विभिन्न समयमा उच्चस्तरीय शिक्षा आयोगहरूको प्रबन्ध गरी समय समयमा सुधार गरिदै आएको छ। तहगत संरचनामा वेला वखत फेरवदल हुने क्रम जारी रहेको छ। हाल अन्तर्राष्ट्रिय स्तरमा शिक्षामा भईरहेको विकासलाई दृष्टिगत गरी आधारभूत तहलाई कक्षा ८ सम्म कायम गरिएको छ। आधारभूत तहमा प्रारम्भिक बाल विकास र शिक्षालाई समेत समाहित गरिएको छ।

नेपालको संविधानले आधारभूत शिक्षालाई अनिवार्य र निशुल्क हुने व्यवस्था गरेको छ। सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षा पाउने हक सुनिश्चित गरेको छ। त्यसै गरी ब्रेल तथा साङ्केतिक भाषामा शिक्षा पाउने अधिकार सविधानले सुनिश्चित गरेको छ। यी कानुनी व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकारले अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको छ। विद्यालय तहसम्मको शिक्षाको सञ्चालन तथा व्यवस्थापनका लागि तीन तहको सरकारको भूमिका किटान गरेको छ। आधारभूत तहको शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ।

**३.२.२ विद्यमान अवस्था**

विजयनगर गाउँपालिकामा हाल ४४ ओटा आधारभूत विद्यालय सञ्चालनमा रहेका छन्। जसमा कक्षा १-५ सञ्चालन भएका ३६ ओटा विद्यालयहरू छन। जसमा कक्षा १-८ सञ्चालन हुने विद्यालयको सङ्ख्या ८ रहेका छन। शैक्षिक सत्र २०८१ को तथ्यांक अनुसार आधारभूत तह (कक्षा १–५) को राष्ट्रिय तहमा खुद भर्नादर ९५.६ प्रतिशत रहेको छ भने यस गाउँपालिकाको खुद भर्नादर ९८.४ रहेको छ। यसै गरी आधारभूत (कक्षा १–८) को राष्ट्रिय तहमा खुद भर्नादर ९५.२ प्रतिशत रहेको छ भने यस गाउँपालिकाको आधारभूत तह १-८ को खुद भर्नादर ९४.६ प्रतिशत रहेको छ। राष्टिय तहमा आधारभूत तह (कक्षा १–८) को कुल भर्नादर १२१.६ प्रतिशत रहेको छ। यस गाउँपालिकाको आधारभूत तह (कक्षा १–८) को सहजै देखिने भर्नादर १२२.२ प्रतिशत रहेको छ। कक्षा ५ सम्मको टिकाउ दर ८८.९ प्रतिशत र कक्षा ८ सम्मको टिकाउदर ७४.४ प्रतिशत रहेको छ। कक्षा उत्तीर्ण दर कक्षा १ मा ८८.७ प्रतिशत, कक्षा ५ मा ९४.७ प्रतिशत र कक्षा ८ मा ९६.६ प्रतिशत रहेको छ। त्यसैगरी कक्षा छोड्ने दर कक्षा १ मा ६.७ प्रतिशत, कक्षा ५ मा ३.७ र कक्षा ८ मा ३.८ प्रतिशत रहेको छ। कक्षा दोहोर्याउने दर कक्षा १ मा ४.७ प्रतिशत, कक्षा ५ मा २.८ प्रतिशत र कक्षा ८ मा ०.२ प्रतिशत रहेको छ। (स्रोतः CeHRD)

समग्रमा राष्ट्रिय औषत उपलब्धिको तुलनामा यस गाउँपालिकाका आधारभूत शिक्षा सम्बन्धि केही सूचकहरु सकारात्मक देखिएको भएता पनि अझै सुधारका लागि धैरै गर्नुपर्ने अवस्था विद्यमान रहेको छ। सामुदायिक र संस्थागत विद्यालय बीचको शैक्षिक असमानताको बीचमा रहेको अन्तरलाई कम गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ। प्रविधिको उपयोग गर्दै सबैका लागि गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु वर्तमान समयको आवश्यकता हो।

**तालिका नं १५**

**अधारभूत तहगत शिक्षक दरवन्दी विवरण सामुदायिक तर्फ**

| क्र.सं | तह | अस्थायी | स्थायी | राहत | शिक्षण सिकाइ अनुदान गा.पा | शिक्षण सिकाइ अनुदान संघ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| २ | प्राथमिक | ३ | ६३ | १३ | ३८ | ० | ११७ |
| ३ | निम्नमाध्यमिक | ० | ७ | २ | १२ | ११ | ३२ |
|  | कुल जम्मा | ३ | ७० | १५ | ५० | ११ | १४९ |

*स्रोतः तलबि प्रतिवेदन प्रथम त्रैमासिक २०८१/८२*

**तालिका नं १६**

**विद्यार्थी सङ्ख्या (सामुदायिक, मदरसा र संस्थागत)**

| कक्षा | दलित |  | जनजाति |  | अन्य |  | ब्राम्हण |  |
|---|---|---|---|---|---|---|---|---|
|  | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | २४४ | २५८ | ३५६ | ३७६ | २६३ | ३३१ | ५३ | ६४ |
| २ | २३२ | २३० | ३९६ | ३८३ | ६७२ | ५७५ | ३३ | २९ |
| ३ | २१९ | २११ | ४०१ | ३९६ | ४२१ | ३६१ | २० | १९ |
| ४ | २०७ | १९२ | ४०४ | ३६५ | ४०३ | ३६६ | २१ | १८ |
| ५ | १६० | १८० | ४३१ | ४१५ | २५४ | २०७ | १७ | २१ |
| ६ | ९७ | १३२ | ३३२ | ३४७ | २४२ | २२४ | १९ | १८ |
| ७ | १०८ | १०५ | २८६ | २५७ | १४६ | १२२ | १२ | १६ |
| ८ | ८६ | ९० | २३९ | २७३ | ८३ | ९८ | १७ | १८ |
| जम्मा | १४५३ | १५३० | २८४५ | २८१२ | २४८४ | २२८४ | १९२ | २०३ |

स्रोतः *EMIS dashboard 2081*

**तालिका नं १७**

**२०८० सालको परीक्षाको नतिजा बमोजिम कक्षा ८ को कक्षागत सिकाइ उपलब्धि**

यस तहको शिक्षाको पहुँचमा आर्थिक तथा सामाजिक अवस्थाले असमानता रहेको। दलित छात्राहरूको अति गरिबी विद्यालयको पहुँच पुऱ्याउन कठिन छ। विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ। बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित पार्ने पोषण स्वास्थ्य सरसफाइ दिवा खाजा जस्ता सेवालाई सुधार गर्नुपर्ने छ। पेशागत रुपमा सक्षम योग्य शिक्षकको अपर्याप्तता, विद्यालय नेतृत्व र व्यवस्थापनमा भएको समस्याले पनि आधारभूत शिक्षाको पहुँच र

गुणस्तर व्यवस्थापनमा असर परेको देखिन्छ । यस तहमा विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने, उच्च दरका कारण तह पूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नुपर्ने देखिन्छ । यस तहमा प्रारम्भिक कक्षाको पढाइ तथा गणितीय सिपको सिकाइ स्तर न्युन छ । कोभिड महामारीको कारणले क्षती भएको शिक्षण सिकाइ उपलब्धिले थप समस्या सिर्जना भएको छ । प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थितिमा पनि सिकाइ निरन्तर हुन सकेको छैन । पाठ्यक्रमको सान्दर्भिकता वृद्धि गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा सुधारको आवश्यकता छ । सिकाइ स्तर सुधारमा शिक्षकको पेशागत विकास, अनुगमन सुपरीवेक्षण व्यवस्थित गर्नु आवश्यक छ । सिकाइप्रति विद्यार्थी जवाफदेही भई विद्यालयमा आवश्यक न्युनतम सिकाइ पूर्वाधार र वातवारण तयार गर्नुपर्ने छ । केन्द्र प्रदेश र स्थानीय तहका कार्यक्षेत्र तथा कार्य प्रक्रिया र उत्तरदायित्व सम्बन्धमा थप स्पष्टताका लागि थप कानुनी प्रबन्ध आवश्यक छ । त्यसै गरी प्र.अ.मा शैक्षिक नेतृत्व, व्यवस्थापन सीप शिक्षकको तथा कर्मचारीमा उत्प्रेरणा तथा वृत्ति विकास तालिमको सिकाइ कक्षाकोठामा रुपान्तरण, अनुगमन सुपरीवेक्षण र क्षमता विकासमा सुधार गर्न आवश्यक छ । विद्यालयको गुणस्तरमा अभिभावकहरूको सहभागिता बढाई वि.व्य.स. र शि.अ.सङ्घको विकासमा ध्यान दिनुपर्ने देखिन्छ ।

**३.२.२ समस्या र चुनौतीहरू**

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्न नसकिनु ,
२. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न नसकिनु ,
३. आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने,
४. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने,
५. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने,
६. विद्यालयहरूलाई पुनर्वितरण, समायोजन र वैकल्पिक प्रबन्धसमेत गरी पहुँच र सहभागिता सुनिश्चित गर्ने,
७. आवश्यक शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति (शिक्षक तथा प्रअ तथा कर्मचारीसमेत) व्यवस्थापन गर्ने,
८. पोषण, स्वास्थ्य, दिवा खाजालगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्ने,
९. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने,
१०. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने,
११. शिक्षक तथा विद्यार्थीलाई प्रविधिको पहुँच वृद्धि गर्ने,
१२. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउने,
१३. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र बैध बनाउने,
१४. शिक्षकको वृत्ति विकासलाई व्यवस्थित बनाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाउने

**.३.३ आधारभूत तहका उद्देश्यहरू**

यस योजनाको आधारभूत शिक्षाको मुख्य उद्देश्य गुणस्तरीय आधारभूत शिक्षामा समन्यायिक पहुँच सुनिश्चित गर्नु रहेको छ । यसका लागि योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्न लिखित विशिष्ट उद्देश्यहरु तय गरेको छ

१. आधारभूत तह उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई अनिवार्य रुपमा गुणस्तरीय आधारभूत शिक्षाको प्रत्याभूति दिलाई उच्चस्तरीय सिकाइ उपलब्धि सहित माध्यमिक शिक्षाको लागि तयारी गराउनु ,
२. विविधताको सम्मान गर्दै स्वावलम्बी,उद्यमशील जीवनोपयोगी सीप र मूल्यमा आधारित शिक्षा हासिल गराउनु,
३. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा सिकाइ मैत्री बनाउनु
४. विद्यालय शिक्षा प्रणालीको व्यवस्थापकीय सुधारमार्फत जवाफदेहिता र सुशासनको प्रत्याभूति गराउनु ।

### ३.३.४ रणनीति

१. आधारभूत तहको शिक्षाको गुणस्तर सुधार गर्ने शिक्षा सम्बद्ध सरोकारवाला निकाय शिक्षक, अभिभावक,बुद्धिजीवि,समाजसेवी सबैलाई जागरण अभियान सञ्चालन गर्ने,

२. विद्यालय छोड्ने, कक्षा दोहर्‍याउने दर घटाउने तथा खूद भर्ना दर तह पुरा गर्ने दरमा वृद्धि गर्न यस्ता बालबालिकाको अवस्था पहिचान गरी लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने,

३. सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको पुनर्वितरण गरी अपुग रहेका विद्यालयहरु विद्यार्थी सङ्ख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पुरा नहुन्जेल सम्मका लागि गाउँपालिकाले स्वंयमसेवक शिक्षक परिचालन गरी गुणस्तर कायम गर्ने, यसका लागि दक्ष, सक्षम, योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा छनोट गर्ने,

४. संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने कार्यक्रमहरू समस्याको प्राथमिकताको आधारमा व्यवस्थितगर्ने,

५. विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी सबै बालबालिकाका लागि सिकाइमैत्री वातावरणको विकास गर्ने,

६. प्रत्येक बालबालिकालाई आत्म सम्मानपूर्वक सिक्ने वातावरण निर्माण गर्न सम्बन्धित विद्यालयका शिक्षक ,अभिभावक विद्यालय व्यवस्थापन समितिर शिक्षक अभिभावक संघलाई जिम्मेवार बनाउने,

७. विद्यालयमा सिकाऔँ,टिकाऔँर विकाऔँ भन्ने कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न विद्यालयमा सरसफाइ, दिवा खाजा भण्डारण तथा तयारी लगायतका कार्यक्रमहरु अनुगमन गरी उत्कृष्टलाई पुरस्कार तथा कमजोरलाई सुधार गर्न प्रेरित गर्ने,

८. कक्षा १ मा भर्ना भएका सबै बालबालिकाहरुलाइ कक्षा ८ सम्म अनिवार्य रुपमा निरन्तरता दिने कुरामा सुनिश्चितता गरिनेछ।

९. विद्यालयहरुले गरेका राम्रा अभ्यासहरुको प्रचार प्रसार तथा अनुसरण गर्नका लागिप्रोत्साहन गरिनेछ।

१०. विद्यालयमा सूचना संकलन तथा तथ्याङ्क व्यवस्थापन प्रणालीमा सुधारल्याई समग्र गाउँपालिकाको शैक्षिक गुणस्तर मापन गर्ने प्रक्रिया अंगाल्ने,

११. आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षा भित्र सहभागी गराउन वैकल्पिकशिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्ने,

१२. गरेर सिक्ने वातावरण निर्माण गर्न प्रत्येक विद्यालयमा विज्ञान प्रयोगशाला र स्वयम् खोज्ने बानीको विकास गर्न पुस्तकालय, इ-पुस्तकालय,अनलाइन पढाइ आदिको अनिवार्य व्यवस्था गर्ने,

१३. स्थानीय भाषा, कला, संस्कृति, सभ्यताको जगेर्ना, जीवनोपयोगी सिप, व्यावहारिक सिप र मूल्यमा आधारित शिक्षाको विकास गर्न स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने,

१४. गैरसरकारी संघ संस्था, समुदायमाआधारित संघ संस्थाआदिसँग सहकार्य गरी संकटमा शैक्षिकव्यवस्थापन गर्न विद्यालयहरुलाई सक्षमबनाइनेछ।

१५. शिक्षण सिकाइमा सूचनातथा सञ्चार प्रविधिको प्रयोग गर्न पूर्वाधार विकास तथा क्षमता विकास गरिनेछ।

१६. विद्यालयको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाई शिक्षक तथा विद्यालयलाई आवश्यक प्राविधिक सहायताप्रदान गरिनेछ।कक्षा १-३ सम्मका बालबालिकाको पढाइसिपको विकास गर्न अभिभावकद्वारा हाम्रा बाबु हाम्रा नानी आफैले नै बनाउछौँ ज्ञानी कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ,

१७. प्रत्येक विद्यालयमा बाल सञ्जाल गठन गरी पढाइ लेखाइका साथै अतिरिक्त क्रियाकयाप प्रतियोगिता आयोजना गरी बहुमुखी प्रतिभाको विकासमा सहयोग पुर्‍याउने,

१८. प्रत्येक विद्यालयमा विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाई उपलब्धि समीक्षा गरिनेछ,

१९. विद्यालयमा विद्यार्थीको नियमितता वृद्धी गर्नका लागि मेरो साथी खोइ अभियान सञ्चालन गरिनेछ,

२०. विद्यालयमा अधिकतम हाजिरी हुने विद्यार्थी र तिनका अभिभावकहरुलाइ सम्मान गरिनेछ,

२१. कक्षाकोठाभित्र  शिक्षक र विद्यालयमा अभिभावकको उपस्थितिलाइ वृद्धि गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ।

**३.३.५ अपेक्षित उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागि हुने | प्रतिशत | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ |
| २ | बालबालिकाको न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने विद्यालय सङ्ख्या | सङ्ख्या | १७ | २५ | २८ | ३० | ३५ |
| ३ | सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेको हुने | सङ्ख्या | ५ | ८ | १० | १२ | १५ |
| ४ | न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइसामग्रीको उपलब्धता भएको हुने बिघालय सङ्ख्या | सङ्ख्या | १९ | २५ | २८ | ३० | ३५ |
| ५ | आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने | सङ्ख्या | १९ | २५ | २८ | ३० | ३५ |
| | बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने विद्यालयमा सङ्ख्या | सङ्ख्या | ६ | १० | १५ | २० | ३५ |

**३.२.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | |
| १ | विद्यालय मा भर्ना अभियान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | बालमैत्री खानेपानी तथा शौचालयको निर्माण | विद्यालय | २ | २ | २ | २ | २ | १० |
| ३ | आर्थिक रुपमा विपन्न तथा सिमान्तकृत | बिद्यार्थी | १० | २० | ३० | ४० | ५० | १५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बालबालीकाहरुका लागी शैक्षिक सामग्री सहयोग | | | | | | |
| ४ | बालमैत्री कक्षा कोठा तथा सिकाई सामाग्री को व्यवस्थापन | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ५ | विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | कक्षा १ देखी ३ मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाई तथा गणीतिय सिप परिक्षण संचालन | पटक | २६ | २६ | २६ | २६ | २६ | १३० |
| ७ | उत्कृष्ट शिक्षकलाई सम्मान कार्यक्रम | शिक्षक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ८ | सामुदायिक आधारभूत विद्यालय मा -कक्षा १)५ ( स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता सहित खर्च | संख्या | ७९ | ७९ | ७९ | ७९ | ७९ | ३९५ |
| ९ | सामुदायिक आधारभूत विद्यालय मा -कक्षा ६)८ ( स्वीकृत र राहदरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता सहित खर्च | पटक | ९ | ९ | ९ | ९ | ९ | ४५ |
| १० | सामुदायिक आधारभुत तह -कक्षा १)८विद्यालयहरुमा ( कार्यरत विद्यालय सहयोगीहरुका लागि तलब भत्ता र पोशाक | संख्या | १७ | १७ | १७ | १७ | १७ | ८५ |
| ११ | सामुदायिक आधारभुत तह -कक्षा १)८विद्यालयहरुका ( सन्चालन /लागि व्यवस्थापन शिक्षण) खर्च सिकाई समाग्री, | विद्यालय | १३२६६ | १३२९५ | १३३३५ | १३४११ | १३४८९ | ६६७९६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि( | | | | | | | |
| १२ | आधारभूत तह -कक्षा १)८ ( भत्ता.अ.का लागि प्र | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ८५ |
| १३ | आधारभूत तह -कक्षा १)५ ( का लागि पाठ्यपुस्तक खरिद | विद्यार्थी | १०४०९ | १०२५० | १०२९८ | १०३५५ | १०४११ | ५१७२३ |
| १४ | सामुदायिक आधा।भूत विद्यालय -कक्षा १)८ ( विद्यालयहरुका लागि सन्चालन/व्यवस्थापनखर्च | विद्यार्थी | १७ | १७ | १७ | १७ | १७ | ८५ |
| १५ | आधारभूत तह -कक्षा ६)८ ( का लागि पाठ्यपुस्तक खरिद | पटक | २८५७ | २९०० | २९५५ | २८९८ | ३०२४ | १४६३४ |
| १६ | सिकाई आपूरण तथा द्रुत सिकाई योजना )ReAL) कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १७ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १८ | समावेशी शिक्षा संजाल गठन कार्यविधि निमार्ण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १९ | गुनासो सुनुवाइ कार्यविधि निमार्ण तथा कार्यान्वयन | पटक | १ | ० | १ | ० | १ | ३ |
| २० | गुनासो सुनुवाई सुझाव पेटिका सहयोग | पटक | १८ | ० | ० | ० | ० | १८ |
| २१ | पालिका स्तरीय अन्तर विद्यालय खेलकुद प्रतियोगिता संचालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| २२ | गाँउपालिकाबाट स्वयं सेवक शिक्षक माध्यमिक विद्यालय पोशाक भत्ता (५-१) सहित खर्च | सङ्ख्या | ३८ | ४० | ४० | ४० | ५० | २०८ |
| २३ | गाँउपालिकाबाट स्वयं सेवक शिक्षक माध्यमिक विद्यालय पोशाक भत्ता (८-६) सहित खर्च | सङ्ख्या | १२ | १४ | १४ | १६ | १८ | ७४ |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी विभाजन गरेको छ। यसले कक्षा १- ८ लाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ। माध्यमिक तहको शिक्षाको कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको संविधानले माध्यमिक शिक्षा नि:शुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ। नेपालको संविधानले माध्यमिक विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहूँच निशुल्क हुने व्यवस्था उल्लेख गरेको छ। विज्ञान प्रविधि तथा नवपर्वतन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान प्रविधि तथा सीपका बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ।

माध्यमिक शिक्षालाई साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा भनि ३ प्रकारमा वर्गीकरण गरिएको छ ।आधारभूत तहको सिप सिकेर वा प्रारम्भिक स्तरको प्राविधिक दक्षता हासिल गरेर पेसागत हिसावले स्वरोजगारी वा रोजगारीमा जान चाहनेहरुका लागि यो विद्यालय शिक्षाको सबैभन्दा महत्वपूर्ण खुड्किलो हो। हरेक व्यक्तिमा लुकेर रहेको गुण, क्षमता र प्रतिभाको पहिचान गरी त्यसको प्रस्फुटन र विकास गर्ने महत्वपूर्ण ठाउँ पनि माध्यमिक तह नै हो ।उच्च शिक्षालाई आधारभूत शिक्षासँग जोड्ने मुख्य सेतु पनि माध्यमिक तहको शिक्षा नै हो।

नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिकहक र राज्यको जिम्मेवारीको रुपमा परिभाषित गर्दै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक शिक्षा निशुल्क हुने, गरिब, दलित, असहाय र अपांगको लागि उच्च शिक्षा समेत निशुल्क हुने व्यवस्था गरेको छ। संविधानमा नागरिकका आधारभुत आवश्यकता सम्बन्धि नीति अन्तर्गत "शिक्षालाइ वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने" भन्ने उल्लेख छ शिक्षामा राज्यको लगानी बढाउँदै निजी लगानीमा रहेका विद्यालयहरु लाई नियमन र व्यवस्थापन गर्दै त्यसलाई सेवामूलक बनाउने र उच्च शिक्षा समेत निशुल्क बनाउँदै लैजाने विषय संविधानमा उल्लेख छ। माध्यमिक शिक्षा विद्यार्थीलाई सिपमूलक शिक्षा दिई कामको संसार सँग सम्बन्धित हुनु सान्दर्भिक हुन्छ। आज विद्यालयमा सिकेको सिपले भोलिको संसारमा बिक्ने जनशक्ति उत्पादनमा माध्यमिक शिक्षा केन्द्रीत हुनु पर्दछ ।उत्पादित जनशक्ति सैद्धान्तिक ज्ञानमा मात्र सीमित भइ रोजगार उन्मुख हुन नसकेको अवस्थामा यस योजनाले कुन क्षेत्रमा के कस्ता र कति जनशक्ति उत्पादन गर्ने र तिनीहरूलाई स्वरोजगार, उद्यमशील, राष्ट्रप्रेमी कसरी बनाउने भन्ने कुरालाई हेक्का राख्नु अपरिहार्य हुन्छ। विद्यार्थीहरूमा सैद्धान्तिक ज्ञानको साथै प्रयोगात्मक ज्ञान र सिकेको सिपको व्यवहारमा उपयोग गराउनेतर्फ शिक्षा योजना केन्द्रित हुनु पर्दछ।

**बर्तमान अवस्था :**

विजयनगर गाउँपालिका भित्र ४ वर्षदेखि १६ वर्ष उमेर समूहका वालवालिकाहरू जम्मा ११७८६ जना रहेका छन्। आधारभूत तह(१–८)मा भर्ना हुने उमेरका वालवालिका १३८०३ छन् भने माध्यमिक तहमा १५१६ रहेका छन्। यस गाउँपालिका भित्र जम्मा ९ ओटा माध्यमिक सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन्। उच्च शिक्षा तर्फ एउटा पनि क्याम्पस सञ्चालनमा रहेको छैन|

विजयनगर गाउँपालिकाका १३ देखि १६ वर्ष उमेर समूहका लगभग सबै बालबालिका विद्यालयमा रहेको तर केही विद्यार्थी मथिल्लो कक्षा (कक्षा ९–१०) मा पुगेर विद्यालय छोड्ने गरेको पाइएको छ। विपन्न समुदायका बालबालिका ज्याला मजदुरी र घरायसी कामका कारण विद्यालय भर्ना भए पनि अनियमित हुने गरेका छन। आर्थिक विपन्नताका कारण छात्राहरु कक्षा ८ पछि विद्यालय छाड्ने गरेको अवस्था छ। विद्यालयको थप कक्षा अनुमति दिदा शिक्षक अभाव हुने भएकाले मा.वि थप गर्दा मौजुदा भौतिक संरचनाको आधारमा दरबन्दी सहितको अनुमति मात्र दिनुपर्ने देखिन्छ। पालिकामा भएका सामुदायिक माध्यमिक विद्यालय (९ देखि १२ कक्षा) ३ ओटा

मात्र भएकाले सबै बालबालिकाको पहुँचको शुनिश्चितता हुन सकेको छैन। माध्यमिक तहमा कक्षा १२ सम्मको पाठ्यपुस्तक पालिका मार्फत निःशुल्क रुपमा उपलब्ध गराईएको छ। माध्यमिक विद्यालयहरु सबैमा विज्ञान प्रयोगशालाको अवस्था सुधार गर्नुपर्ने रहेको छ। सबै माध्यमिक विद्यालयहरुले सूचना प्रविधि सहयोग (कम्प्युटर तथा इन्टरनेट) सुविधा प्राप्त गरेको अवस्था छ। सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय व्यवस्थापन र प्रयोगमा रहेका छन। सरकारको शसर्त अनुदान मार्फत सबै बालिकाहरुका लागि सेनेटरी प्याड निःशुल्क उपलब्ध गराईएको छ। विशेष शिक्षाको पठनपाठनका लागि पालिकामा विशेष विद्यालय नभएका कारणले अपाङ्गता भएका बालबालिकाहरुका लागि विशेष शिक्षाको अवसर प्राप्त छैन।

**तालिका नं १८**

**विद्यार्थी सङ्ख्या**

| सामुदायिक | | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|
| क्र.स | माध्यमिक | कक्षा ९–१० | कक्षा ११–१२ | माध्यमिक | कक्षा ९–१० | कक्षा ११–१२ |
| १. | | ११०७ | ४९३ | | ० | ० |

***स्रोत: EMIS dashboard 2081***

**तालिका नं १९**

**जातीगत विद्यार्थी विवरण**

| कक्षा | दलित | | जनजाति | | अन्य | | ब्राम्हण | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| ९ | ४७ | ५८ | १७२ | १५६ | ६४ | ९२ | १३ | १७ |
| १० | ४८ | ४७ | १६४ | १३५ | २५ | ३९ | १५ | १५ |
| ११ | २६ | ४० | ८५ | ७८ | ० | ० | १४ | ९ |
| १२ | ६ | १५ | ५९ | ५६ | ० | ० | ९ | १२ |
| जम्मा | १२७ | १६० | ४८० | ४२५ | ८९ | १३१ | ५१ | ५३ |

***स्रोत: EMIS dashboard 2081***

**३.३.२ समस्या र चुनौतीहरू**

१. माध्यमिक विद्यालयमा केहि संस्थागत विद्यालय मा शैक्षिक सामग्रीहरुको निर्माण गरेर शिक्षण गरिने तर सामुदायिक विद्यालयमा पाठगत शिक्षण सामग्री निर्माण र प्रयोगमा कमी रहेको

२. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला रहेको तर निरन्तर प्रयोग नहुनु

३. सबै माध्यमिक विद्यालयमा पुस्तकालयको व्यवस्था हुन नसकेको

४. माध्यमिक तहका बालबालिकाको शैक्षिक उपलब्धि स्तर कमजोर हुनु

५. शिक्षण कार्यमा कम्प्युटर, ल्याटप, प्रोजेक्टर तथा सूचना प्रबिधिको न्युन प्रयोग हुनु

६. विद्यार्थीहरुको कक्षा टिकाउ दर न्यून रहनु

७. विद्यालय मा कक्षा छाड्ने दर कायमै रहनु

८. सामुदायिक विद्यालयमा प्रयाप्त मात्रामा खेल सामग्री, सांगीतिक सामग्री तथा शिक्षकहरुलाई क्षमता वृद्धि सम्बन्धि तालिमको व्यवस्था गर्न नसकिएको हुदा विद्यार्थीहरुको सम्पूर्ण पक्षको विकास हुन नसकेको

९. माध्यमिक विद्यालयमा अनुगमन, निरिक्षण र परामर्शको पक्ष निरन्तर नहुनु

१०. सबै माध्यमिक विद्यालय स्वास्थ्यकर्मी सहितको प्राथमिक उपचार कक्षको व्यवस्थापन हुन नसकेको |

**४.३ उद्देश्यहरू**

१. गुणस्तरीय माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,

२. प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गरी स्वरोजगार, उद्यमशील र देश निर्माणको लागि योग्य र मूल्यमा आधारित जनशक्ति उत्पादन गर्नु,

३. माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउनु,

४. राष्ट्र, राष्ट्रियता र लोकतान्त्रिक भावना र संस्कारको विकास गर्नु,

५. विद्यालय शिक्षा प्रणालीमा जवाफदेहिता र सुशासनको प्रत्याभूति गराउनु ।

**३.४.४ रणनीतिक क्रियाकलापहरु**

१. माध्यमिक शिक्षामा पहुँच नभएका बालबालिकाहरूको पहिचान गरी आवश्यकतामा आधारित लक्षित कार्यक्रम सञ्चालन गर्ने र सरोकारवाला निकायहरूमा चेतनाको विकास गरी पहुँच विस्तार गरिनेछ,

२. शारीरिक मानसिक बौद्धिक लगायत विभिन्न प्रकृतिका अपाङ्गता भएका बालबालिकाहरुको माध्यमिक तहको अध्ययनलाइ निरन्तरता दिन सम्बन्धित कार्यक्रमहरु सञ्चालित भएका विद्यालयहरुमा सिफारिस गर्ने |

३. गरिबी,विपन्न र विविध समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरुका लागि आर्थिक सहयोग तथा आवाससहितको अवसरको व्यवस्था गर्ने,

४. कक्षा ८ उत्तीर्ण गरेका मेधावी विद्यार्थीहरूका लागि माध्यमिक शिक्षा र उच्च शिक्षा प्रदान गर्न गाउँपालिकाले आवश्यक सहयोग गर्ने,

५. सम्पूर्ण बालबालिकाहरूलाई सुरक्षित विद्यालय वातावरण निर्माण गर्न प्राकृतिक प्रकोप पूर्व सजकता, उद्दार तथा पुनस्थापनाको व्यवस्था गर्ने,

६. विद्यार्थीको मनोबल बढाउन मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने,

७. दिगो विकासको लक्ष्यमा आधारित विद्यालयहरूको भौतिक पूर्वाधार विकास गरी विद्यालय सरसफाइ, हरियो विद्यालय, सुरक्षित घेरबारको व्यवस्था गर्ने,

८. प्रत्येक माध्यमिक विद्यालयमा विषयगत दरबन्दीका लागि नेपाल सरकार समक्ष माग गर्ने, दरबन्दी उपलब्ध नभएसम्मका लागि गाउँपालिकाले प्रतिस्पर्धाका आधारमा शिक्षण स्वयमसेवकको व्यवस्था गर्ने

९. विद्यालयको नियमित सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाई शिक्षक तथा विद्यालयलाई आवश्यक प्राविधिक सहायता प्रदान गर्ने,

१०. निश्चित अन्तरालमा विद्यालयको भौतिक, शैक्षिक, आर्थिक लगायत समग्र पक्षको कार्य सम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेही बनाउने |

**३.३.५ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

- गुणस्तरीय माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित भएको हुनेछ,

- प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गरी स्वरोजगार, उद्यमशील र देश निर्माणको लागि योग्य र मूल्यमा आधारित जनशक्ति उत्पादन भएको हुनेछ,
- माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटेको हुनेछ,
- राष्ट्र, राष्ट्रियता र लोकतान्त्रिक भावना र संस्कारको विकास भएको हुनेछ,
- विद्यालय शिक्षा प्रणालीमा जवाफदेहिता र सुशासनको प्रत्याभूति भएको हुनेछ।

**क) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | २०८१ (अधार वर्ष ) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | सबै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना दर वृद्धि हुने विद्यार्थी % मा | ४८.४ | ५२ | ५७ | ६२ | ६९ | ७५ |
| २. | माध्यमिक विद्यालयले न्युनतम मापदण्ड पूरा गरेको विद्यालय सङ्ख्या | ३ | ५ | ६ | ७ | ८ | ९ |
| ३. | माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने विद्यालय सङ्ख्या | ३ | ५ | ६ | ७ | ८ | ९ |
| ४. | माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने विद्यालय सङ्ख्या | २ | ३ | ५ | ७ | ८ | ९ |
| ५. | माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने विद्यालय सङ्ख्या | २ | ३ | ५ | ७ | ८ | ९ |

३.५.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य ५बर्षे | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | निशुल्क माध्यमिक शिक्षाको कार्यान्यिनका लागी आवश्यक पर्ने कानुन कार्यविधि निर्देशिकाहरु तयार गर्ने | पटक | ० | ० | 0 | 0 | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार यातायातको व्यवस्था | बिद्यालय | १ | १ | १ | ० | ० | ३ |
| ३ | गुणस्तरीय शिक्षाका लागि सरोकारवाला पक्षहरुका बिचमा समन्वय, छलफल र अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | आवश्यकताको आधारमा लागत सहभागिताको आधारमा भौतिक पूर्वधारका कार्यक्रम संचालन गर्ने भवन तथा कक्षा कोठा फर्निचर शौचालय, खानेपानी, खेलमैदान घेराबार र खाजा घर व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | ९ | ९ | ९ | ९ | ९ | ४५ |
| ६ | विद्यालयलाइ शैक्षिक सामग्री सहयोग कार्यक्रम | पटक | ९ | ९ | ९ | ९ | ९ | ४५ |
| ७ | विद्यालय शिक्षाको गुणस्तर सुधारका लागी अनुगमन सुपरिवेक्षण प्र. अ . तथा शिक्षकलाई सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | बाल क्लब, स्काउट गठन , क्षमता विकास र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ का पदाधिकारीहरुलाई नेतृत्व विकास सम्बन्धि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीलाइ शिक्षण सामग्री सहयोग | सङ्ख्या | १० | १५ | २० | २५ | ३० | १०० |
| ११ | उत्कृष्ट विद्यालयलाई सम्मान कार्यक्रम | विद्यालय | २ | २ | २ | २ | २ | १० |
| १२ | आर्थिक रुपमा विपन्न तथा सिमान्तकृत बालबालिकाका लागि छात्रवृत्ति | जना | १२७ | १५० | १७५ | २०० | २२५ | ८७७ |
| १३ | पालिका स्तरीय शैक्षिक सामग्री प्रदर्शनी आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | पालिका स्तरीय खेलकुदको आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ |
| १५ | प्रहरुको लागि नेतृत्व बिकास.अ. तालिमको आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ |
| १६ | विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालनका कार्ययोजना निर्माण तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| १७ | विज्ञान, गणित र सामाजिक विषयका बिषय शिक्षकहरुको लागि पठन पाठन सुधार सम्बन्धि प्रशिक्षण प्रशिक्षक तालिम )TOT ) | पटक | १ | १ | १ | १ | १ | ५ |
| १८ | उत्कृष्ट सिकाई अनुभव आदानप्रदान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १९ | सिकाई उपलब्धि न्यून भएको विद्यार्थीहरुको लागी अतिरिक्त कक्षा संचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २० | विज्ञान प्रयोगशाला, पुस्तकालय , कम्पुटर प्रयोगशाला को व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| २१ | विद्यालयमा साङ्गितिक प्रयोशालाको व्यवस्था गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| २२ | मनोसामजिकध्यान संचालन-योग/ परामर्श कक्षा | पटक | १ | १ | १ | १ | १ | ५ |
| २३ | शैक्षिक परामर्श कार्यक्रम संचालन )carireer counciling ) | पटक | १ | १ | १ | १ | १ | ५ |
| २४ | लागुपदार्थ दुर्व्यसन न्यूनीकरण तथा रोकथामका लागि अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २५ | सामुदायिक माध्यमिक विद्यालय मा -कक्षा ९)१०स्वीकृत र राहत ( दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता पोशाक सहित खर्च | संख्या | ७ | ७ | ७ | ७ | ७ | ३५ |
| २६ | सामुदायिक आधारभूत विद्यालय मा -कक्षा ११)१२स्वीकृत र ( राहदरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता पोशाक सहित खर्च | विद्यालय | २ | २ | २ | २ | २ | १० |
| २७ | सामुदायिक माध्यमिक विद्यालय (कक्षा ९ (१२-विद्यालयहरुमा कार्यरत विद्यालय सहयोगीहरुका लागि तलब | | १३ | १४ | १५ | १७ | १८ | ७७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भत्ता र पोशाक | | | | | | | |
| २८ | सामुदायिक माध्यमिक विद्यालय -कक्षा ९)१०विद्यालयहरुका लागि ( व्यवस्थापनसन्चालन खर्च/ | | ९ | ९ | ९ | ९ | ९ | ४५ |
| २९ | प्राविधिक धार सञ्चालित (१२-९) मा अध्ययपन गराउने प्रशिक्षक र सहायक प्रशिक्षक तलब भत्ता र पोशाक | | १० | १० | १० | १० | १० | ५० |
| ३० | माध्यमिक विद्यालय-कक्षा ९)१२ ( भत्ता.अ.का लागि प्र | | ९ | १० | ११ | ११ | ११ | ५२ |
| ३१ | प्राविधिक धार सञ्चालित (१२-९) विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि ओजेटी खर्च व्यवस्थापन | | ४२ | ४५ | ५५ | ६० | ६५ | २६७ |
| ३२ | माध्यमिक विद्यालय -कक्षा ९)१० ( का लागि पाठ्यपुस्तक खरिद | | ८८३ | ९२५ | ९७६ | १०१५ | १०७६ | ४८७५ |
| ३३ | माध्यमिक विद्यालय -कक्षा ११)१२ ( का लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान | | ३६७ | ३९८ | ४३७ | ४८९ | ५३५ | २२२६ |
| ३४ | गाँउपालिकाबाट स्वयं सेवक शिक्षक माध्यमिक विद्यालय पोशाक (१०-९) भत्ता सहित खर्च | | ८ | ९ | ९ | १० | ११ | ४७ |
| ३५ | गाँउपालिकाबाट स्वयं सेवक शिक्षक माध्यमिक विद्यालय (१२-११) पोशाक भत्ता सहित खर्च | | ४ | ४ | ४ | ४ | ६ | २२ |
| ३६ | प्राविधिक उच्च शिक्षा अधेययन गर्ने उत्कृष्ट विद्यार्थीलाइ छात्रवृति | | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ३७ | विद्यालयमा व्यवहारिक शिप विकास लागि पढ्दै कमाउदै कार्यक्रम | | १ | १ | १ | १ | १ | ५ |

### ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.५.१ वर्तमान अवस्था

कुनै पनि पेसा वा व्यवसायको लागि आवश्यक पर्ने ज्ञान, सीप तथाप्रवृत्तिको विकास गर्ने उद्देश्यले प्रविधिसँग सम्बन्धित व्यावहारिक ज्ञान प्रदान गर्ने शिक्षा प्राविधिक शिक्षा हो। कुनै तहको पाठ्यक्रममा व्यावसायिक विषय समाहित गरी कुनै निश्चित पेसा वा व्यवसायको ज्ञान, सीप तथा प्रवृत्ति प्रदान गरिने शिक्षालाई व्यावसायिक शिक्षा भनिन्छ भने कुनै पेसागत तथा व्यवसायको लागि आवश्यक पर्ने ज्ञान, सीप र प्रवृत्ति विकास गर्न दिइने छोटो समयको तालिमलाई व्यावसायिक तालिम भनिन्छ। प्राविधिक शिक्षाले व्यक्तिलाई उसमा

रहेको क्षमताको उजागर र उपयोगबाट जीवन निर्वाह, सन्तुष्टि र सम्मान प्राप्तिमा सहयोग पुर्याउँछ । समाज र राष्ट्रको विकासको आवश्यकता अनुरूप दक्ष र सिपयुक्त जनशक्ति उत्पादनका लागि प्राविधिक तथा व्यावसायिक शिक्षालाई  महत्वपूर्ण माध्यमको रुपमा लिइन्छ।

नेपालको संविधानले शिक्षा, रोजगारी तथा श्रम सम्बन्धीहकलाई मौलिक हक अन्तर्गत राखेको छ। यी हकहरूको सुनिश्चितताका लागि एकातिर व्यापक रूपमा रोजगारीको सिर्जना गर्नुपर्ने हुन्छ भने अर्कातिर आवश्यक दक्षजन शक्तिको उत्पादन गर्नुपर्ने हुन्छ। समाजवाद उन्मुख आर्थिक, सामाजिक रुपान्तरणका लागि प्रतिस्पर्धी, प्रविधिमैत्री रोजगार मूलक र उत्पादनमुखी शिक्षा अपरिहार्य हुन्छ, जसको आधार प्राविधिक र व्यवसायिक शिक्षा बन्न सक्दछ। वर्तमानका युवा तथा वयस्कहरूलाई प्राविधिक तथा व्यसायिक शिक्षा प्रदान गरी उत्पादनशील जनशक्तिमा रुपान्तरण गर्दै स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउनु आजको आवश्यकताहो। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा गरिएका प्रयासहरूबाट महत्वपूर्ण उपलब्धि हासिल भएको भएता पनि अझैपनि भौगोलिक, आर्थिक र सामाजिक कारणले प्राविधिक शिक्षाएवं सीपमूलक व्यावसायिक तालिमको पहुँचबाट वञ्चित वर्गलाई समावेश गर्न नसकेको स्थिति छ । प्राविधिक शिक्षा गरि खाने शिक्षा भएकाले यसको व्यवस्थापनमा साधारण शिक्षाभन्दा धेरै महँगो पर्ने र शिक्षामा छुट्टाइएको बजेटबाट न्यून मात्रामा उपलब्ध हुने भएकाले चाहे जति प्राविधिक जनशक्ति उत्पादन गर्न गराउन कठिनाइ भएको छ।

प्राविधिक तथा व्यवसायिक शिक्षाले वि.सं. २०४५ मा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को स्थापना पछि नयाँ गति एवं व्यापकता प्राप्त पायो । CTEVT बाट सम्बन्धन प्राप्त गरी सरकारी एवं निजीतवरबाट देशका विभिन्न ठाउँमा विभिन्न खाले प्राविधिक तथा व्यावसायिक शिक्षालयहरू सञ्चालनमा आएका छन । यसका अतिरिक्त विभिन्न विश्वविद्यालयहरुबाट समेत प्राविधिक तथा व्यावसायिक शिक्षका कार्यक्रमहरु सञ्चालन हुदै आएका छन। साविकको शिक्षा विभागबाट समेत प्राविधिक एवं व्यावसायिकधारका माध्यमिक विद्यालयहरु सञ्चालनमा ल्याइएका छन।

### ३.५.२ समस्या एवं चुनौतिहरु

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा सबै क्षेत्र, वर्ग र समुदायको समता मूलक पहुँच सुनिश्चित गर्न,

२. प्राविधिकधार सञ्चालन भएका माध्यमिक विद्यालयहरुको प्राविधिकधार सञ्चालनका लागि आवश्यक सक्षमताको विकास गर्न,

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका लागि प्राथमिकता प्राप्त क्षेत्रको पहिचान गर्न,

४. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमका लागि दक्ष शिक्षक र प्रशिक्षकको व्यवस्था गर्न|

### .३ .५ .३  उद्देश्यहरू

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार गर्नु,

२. प्राविधिक तथा व्यावसायिक शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धी गर्नु,

३. प्राविधिकधारबाट उच्च शिक्षा हासिल गर्न सक्ने जनशक्ति उत्पादन गर्नु,

### ३.५.४ रणनीतिक क्रियाकलापहरु

१. गाउँपालिका भित्र फरक फरक धारको प्राविधिक तथा व्यावसायिक शिक्षा दिने विद्यालयहरु क्रमशःस्थापना गर्नमा विशेष जोड दिने,

२. विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ पहुँच विस्तार गर्न छात्रवृति प्रदान गर्ने ,

३. योग्य,दक्ष र तालिम प्राप्त जनशक्तिलाई प्रशिक्षकका रुपमा नियुक्त गर्नुका साथै आवश्यकता र मागका आधारमा पेशागत सिप विकास तालिम प्रदान गर्ने,
४. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई स्वरोजगार बनाउन सुरुवाती चरणमा आर्थिक सहयोग गरी समय समयमा माग र आवश्यकताको आधारमा व्यावसायिक तालिम उपलब्ध गर्ने,
५. उत्पादित बस्तु तथा सेवाको बिक्रि बितरणका लागि बजारको खोजी गर्न आवश्यक सहयोग गर्ने,
६. उद्यमशीलता विकास तालिम सञ्चालन गरी उद्यमी उत्पादन गर्ने,

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार भएको हुनेछ ,
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धी भएको हुनेछ,
३. प्राविधिकधारबाट उच्च शिक्षा हासिल गर्न सक्ने जनशक्ति उत्पादन भएका हुनेछन् |

**ख)नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | २०८१ (आधार वर्ष) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने विद्यालय सङ्ख्या | १ | १ | २ | २ | २ | २ |
| २ | स्थानीय तहमा बहुप्राविधक शिक्षालय/प्राविधक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने विद्यालय सङ्ख्या | ० | १ | १ | १ | १ | १ |
| ३ | प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा पढदै कमाउदै सार्बजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिवृद्धि हुने विद्यालय सङ्ख्या | १ | २ | ३ | ३ | ३ | ३ |

### ३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | प्रयोगशाला व्यवस्थापनमा सहयोग | विद्यालय | ० | १ | ० | १ | ० | २ |
| २ | छोटो अवधिका सिपमूलक | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| | तालिमहरू सञ्चालन | | | | | | | |
| ३ | प्राविधिक र व्यावसायिक शिक्षा सम्वन्धी पालिका स्तरिय नीतिको तर्जुमा | पटक | ० | १ | ० | १ | ० | २ |
| ४ | युवालाइ खोज र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ |
| ५ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाइ लागत साझेदारीमा आधारित सहयोग | सङ्ख्या | ० | १० | १० | १० | १० | ४० |

### ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

#### ३.५.१ परिचय र वर्तमान अवस्था

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा वाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा वाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणालि अनौपचारिक शिक्षा हो । औपचारिक पद्धति भन्दा वाहिर लचिलो ढँगवाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागिहरु आफ्नो जीवनमा आइपर्ने समस्याहरुका वारेमा छलफल र समाधानका उपायहरु खोजी निर्णय कार्यान्वयन गर्छन । संवैधानिक सुनिश्चिततामा शिक्षा पाउने हक राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त दिगो विकासको लक्ष्य नं ४ लुम्विनी प्रदेशको आवधिक योजना मा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा संगै अनौपचारिक शिक्षा प्रणालिले समेत योगदान गर्दछ । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार अनौपचारिक शिक्षाको माध्यमबाट आधारभूत शिक्षामा प्रवेश गराउने नीति लिएको छ । सामुदायिक अध्ययन केन्द्रलाई जीवनपर्यन्त सिकाइका लागि सामुदायिक अध्ययन केन्द्रलाई सामुदायिक सिकाइ केन्द्रमा परिणत गरिएको छ । विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) अन्तर्गत अनौपचारिक शिक्षा र आजीवन सिकाइका उद्देश्यहरूमा अनौपचारिक शिक्षा र आजीवन सिकाइको महत्वलाई बढावा दिनु, व्यक्तिको जीवनस्तर सुधार्नका लागि सीप र ज्ञान प्रदान गर्नु, व्यावसायिक तालिम र रोजगारीका अवसरहरू सिर्जना गर्नु, सामाजिक समावेशिता प्रोत्साहित गर्नु, समुदायमा सिकाइका अवसरहरू सृजना गर्नु, आधुनिक प्रविधिको उपयोग गरेर सिकाइको पहुँच विस्तार गर्नु, र सार्वजनिक स्वास्थ्य र जीवनशैली सुधार्ने जनचेतना बढाउने उद्धेश्यहरु समावेश गरिएका छन ।

अनौपचारिक शिक्षा तर्फ हाल आधारभूत साक्षरता कार्यक्रम, खुला तथा वैकल्पिक शिक्षा कार्यक्रम र निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइ गरी तीन प्रकारका कार्यक्रम सञ्चालन हुने व्यवस्था छ । साक्षरता कार्यक्रम तर्फ १५ वर्ष माथिका निरक्षर व्यक्तिहरुलाई लक्षित समूहको रुपमा लिइएको छ भने खुला तथा वैकल्पिक शिक्षा कार्यक्रममा विद्यालय भर्ना नै नभएका तथा विद्यालय छाडेका विभिन्न उमेर समूहका विद्यालय बाहिर रहेका किशोर किशोरी, युवा तथा प्रौढहरू र जीवन पर्यन्त सिकाइका लागि सबै उमेर समूहका व्यक्तिहरुलाई लक्षित समूहमा समावेश गरिएको छ |

#### ३.६.२ समस्या र चुनौति

१. खुला सिकाइ तथा निरन्तर सिकाइका प्रयाप्त व्यवस्था गर्न सकिएको छैन ।

२. विगतमा साक्षरता कक्षाहरु सञ्चालन गरिए पनि सिकाइ प्रमाणिकरण गर्न सकिएको छैन|

३. अनौपचारिक शिक्षा, खुला सिकाइ,निरन्तर शिक्षा,जीवनपर्यन्त शिक्षाका कार्यक्रमको स्वरुप, स्रोत साधनको व्यवस्थापन हुन नसक्दा अनौपचारिक शिक्षा एवं वैकल्पिक शिक्षाका कार्यक्रमहरुले प्राथमिकता पाउन सकिरहेका छैनन्

४. सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना तथा तिनीहरुलाई आयआर्जन, आजीवन सिकाइको व्यवस्थापन, सामुदायिक पुस्तकालयको स्थापना र प्रयोग गर्न सकिएको छैन|

५. अनौपचारिक एवम् साक्षरता सम्बन्धी व्यवस्थित सूचना प्रणालीको अभाव रहेको छ।

**३.६.३ उद्देश्य**

१. सामुदायिक सिकाइ केन्द्रको स्थापना गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने।
२. अनौपचारिक तथा निरन्तर एवं जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरि डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्ने।
३. आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै समाजमा पछाडि परेको वर्गलाई मुलधारमा ल्याउने।
४. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि एकीकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्ने।

**३.१.४ रणनीतिहरु**

१. सामुदायिक सिकाइ केन्द्रको स्थापना गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने ,
२. गाउँपालिका भित्र पुन: घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गर्ने,
३. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासंग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने ,
४. नव साक्षर, प्रौढ महिला तथा पुरुषहरुलाई आय आर्जनका कार्यक्रमसंग जोडी आत्मनिर्भर र व्यावसायिक वनाउन सहयोग गर्ने ,
५. मौलिक एवम् परपरागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ,
६. तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरु र भाषिक विविधता अनुरुपका डिजिटल सिकाइ सामग्री विकास, सिकाइ परीक्षण र प्रमाणीकरणका लागि आवश्यक प्रबन्ध गर्ने,

**३.५.५ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

सबै नागरिकहरुले साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त गरेका हुनेछन्।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | २०८१ (अधार वर्ष) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको स्थापना | ० | १ | ० | ० | ० | ० |
| २ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ० | ० | १ | ० | ० | ० |
| ५ | सामुदायिक पुस्तकालयको स्थापना | ० | ० | १ | ० | ० | १ |

### ३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | सामुदायिक सिकाइ केन्द्रको स्थापना गर्ने | सङ्ख्या | ० | १ | ० | ० | ० | १ |
| २ | निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | १ | १ | १ | १ | १ | |
| ३ | बैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | |
| ४ | स्थानीय तह अन्तर्गत रोजगार तथा आयआर्जनका कार्यक्रम संचालन | संख्या | २० | २० | २० | २० | २० | १०० |
| ५ | लक्षित समुदायका लागि साक्षरता कक्षा संचालन तथा निरन्तर शिक्षा कार्यक्रम संचालन | संख्या | २० | ४० | ४० | ४० | ४० | १८० |

# परिच्छेद ४
# परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय र वर्तमान अवस्था

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुदैन ।  देशकाल र परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने  हो भन्नेसँग पनि सम्बन्धित छ । के पढाउने,के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मुल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार  समेत हो । मानवीय चेतना र वौद्धिक विकासको निमित्त लिइएका उद्देश्यहरू पूरा गराउनु हो । बालबालिकाको सर्वांगीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन् ।

मानवीय आवश्यकता,बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ । पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । जसले पामाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजिकरण गरिएको थियो । पाठ्क्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्क्रम विकास केन्द्र स्थापना भयो  । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधारतथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भइ कार्यान्वयन गर्ने क्रममा  २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वन सुरु भएको छ । त्यसैगरी वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ । विजयनगर  गाउँपालिकामा वि सं २०८० देखि कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याइएको छ भने पाठ्यपुस्तक निर्माण गर्ने प्रक्रियामै छ । हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक प्रदान गर्ने नेपाल सरकारले नि:शुल्क व्यवस्था मिलाएको छ । विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ । पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तर सम्वन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ । परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरिएको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको न्यूनतम कार्यक्रमबाट सबै विद्यालयमा शिक्षण सिकाइ सामाग्रीको व्यवस्थापन गरिएको छ ।

**४.१.२ समस्या तथा चुनौतिहरू**

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्न,
२. त्यसैगरी स्थानीय पाठ्क्रम र पाठ्यसामाग्री विकासका लागि क्षमता विकास गर्न ,
३. सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखीकरण गर्न,
४. पाठ्क्रम समय अनुसार अद्यावधिक हुनु र कार्यान्वयन गर्न,
५. अपाङ्गता, अनाथ असहाय भएका बालबालिकाको लागि अनुकूलको पाठ्रयसामाग्रीको व्यवस्था गर्न ।

**४.१.३ उद्देश्य**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा  सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्नु,
२. स्थानीय पाठ्यक्रम परिमार्जन र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु,
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र समय अनुकुल सिकारूमा ज्ञान सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,

### ४.१.४ रणनीति

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गर्ने,

२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गर्ने,

३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने,

४. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने,

५. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने,

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ।

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने छ।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

**ख)नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | २०८१ (अधार वर्ष) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम तथा पाठयपुस्तक लागु गरेका विद्यालय सङ्ख्या | ४४ | ५३ | ५३ | ५३ | ५३ | ५३ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४४ | ५३ | ५३ | ५३ | ५३ | ५३ |
| ३ | सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने विद्यालय सङ्ख्या | ४४ | ५३ | ५३ | ५३ | ५३ | ५३ |
| ४ | निरन्तर विद्यार्थी मुल्यांकन गर्ने बिद्यालय | ४४ | ५३ | ५३ | ५३ | ५३ | ५३ |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
| १ | संस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (विज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको परिमार्जन र | पटक | १ | ० | १ | ० | १ | ३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | | | | | | | |
| २ | आधारभूत तहको पाठ्यक्रमका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | संख्या | ४ | ३ | ३ | ३ | ३ | २० |
| ३ | आन्तरिक र बाह्यय मूल्याङ्कन बिधिका आधारमा बिद्यार्थी मूल्याङ्कन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने (जसमा:- नमूना सामाग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मूल्याङ्कनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | विद्यार्थीको आवधिक मुल्यांकन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ५ | स्टिम अवधारणा अनुसार शिक्षण प्रकृया हुने विद्यालय | पटक | ९ | ९ | ९ | ९ | ९ | ३६ |
| ६ | सिकाई पोर्टल को प्रयोग सम्बन्धी शिक्षक क्षमता विकास | बिद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ७ | प्राविधिक धारको पाठ्यक्रम तथा पाठ्यासामग्री प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | पाठ्यक्रममा समावेश भएको योगा, ध्यान, प्राणायमलाई व्यवहारिक र प्रयोगात्मक अभ्यास | पटक | १ | ० | १ | ० | १ | ३ |
| ९ | पाठ्यक्रम, पाठ्यसामग्री र शिक्षक निर्देशिका प्रवोधिकरण र वितरण | पटक | ० | १ | ० | १ | ० | २ |

### ४.२ शिक्षक व्यवस्थापन र विकास

#### ४.२.१ परिचय र वर्तमान अवस्था

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको

विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित  शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत रुपमा विद्यमान मापदण्ड १ : ५० शिक्षक विद्यार्थी अनुपात  कायम गरिएको छ। शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १५ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना , परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने , प्रविधिको प्रयोग गरी शिक्षण गर्ने , बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन्। विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन्। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो।

पेसागत रुपमा सक्षम ,दक्ष र अभिप्रेरित शिक्षकवाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ। शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला , सेमिनार  कन्फरेन्स , कार्यमूलक अनुसन्धान , शिक्षकहरूको सिकाइ सञ्जाल , अवलोकन भ्रमण मनिटरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि , प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन , सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन , शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम  लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ। कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ। यसमा शिक्षक ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरि शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्धेश्य  पुरागर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

**शिक्षक ब्यबस्थापन र विकास का लागि गरेका प्रयत्न :**

विजयनगर गाउँपालिकामा  सामुदायिक विद्यालयहरुमा सरकारी स्तरबाट स्थायी, अस्थायी / करार ,राहत, शिक्षण सहयोग अनुदान (संघिय, गा.पा.)र निजी स्रोत बाट  शिक्षकहरु कार्यरत रहेका छन। हाल सामुदायिक विद्यालयमा प्राथमिक तहमा निम्नमाध्यमिक तहमा र माध्यमिक तहमा १९३ जना शिक्षक दरवन्दीमा कार्यरत रहेका छन।

**तालिका नं २०**

**शिक्षक विवरण**

| | दरबन्दी | राहत | शिक्षण सिकाइ | | |
|---|---|---|---|---|---|

| क्रसं | तह | अस्थायी | स्थायी | जम्मा | अनुदान | अनुदान संघ | शिक्षण सिकाइ अनुदान गा.पा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | ३ | ६३ | ६६ | १३ | ० | ३८ | ११७ |
| २ | निम्नमाध्यमिक | ० | ७ | ७ | २ | ११ | १२ | ३२ |
| ३ | माध्यमिक | ० | ५ | ५ | २ | १३ | ८ | २८ |
| ४ | साविक उ.मा. तह | २ | ० | २ | ० | ० | ४ | ६ |
| ५ | प्रशिक्षक | १० | ० | १० | ० | ० | ० | १० |
| | कुल जम्मा | १५ | ७५ | ८८ | १७ | २४ | ६२ | १९३ |

**स्रोतः गाउँपालिकाको तलबी प्रतिवेदन प्रथम त्रैमासिक २०८१**

### ४.२.२ समस्या र चुनौतीहरू

१. विद्यार्थी सङ्ख्याको अधारमा शिक्षक दरवन्दी कम हुनु,
२. शिक्षकहरूको लागि प्रबिधिमैत्री क्षमता बिकास कार्यक्रमहरु प्रयाप्त नहुनु ,
३. शिक्षकहरुका लागि प्रोत्सहनमुलक कार्यक्रमहरु कम हुनु ,
४. अंग्रेजी, गणित र विज्ञान शिक्षकको अभाव हुनु |

### ४.२.३ उद्देश्य

१. शिक्षकको छनौट, नियुक्ति तथा बिद्यार्थी संख्याको आधारमा शिक्षकहरुको पुनर्वितरण गर्ने कार्यलाई सुदृढ बनाउने,
२. शिक्षक विकास तथा निरन्तर पेशागत सहयोग प्रणाली स्थापना गर्नु,
३. सुपरिवेक्षण र शिक्षक तालिमको माध्यमबाट शिक्षकलाई पेशाप्रति उत्प्रेरित र जवाफदेही बनाउनु,
४. शिक्षकहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय शिक्षक संस्थाहरूसँग सञ्जाल विकास र अन्वेषण गर्न |

### ४.२.४ रणनीतिक क्रियाकलापहरु

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/ पुनर्वितरण तथा व्यवस्थापन गर्ने तथा रिक्त दरबन्दीमा शिक्षकको व्यवस्थापन गर्ने ,
२. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास लगायतका विषयमा सेवाकालीन तथा पूर्व सेवाकालिन तालिम सञ्चालन गर्ने ,
४. शिक्षकको क्षमता विकासको लागि कार्यमुलक अनुसन्धानमा जोड दिने,
५. अन्तर विद्यालय अवलोकन, राष्ट्रिय तथा अन्तराष्ट्रिय असल अभ्यासहरुको प्रयोगको लागि शिक्षक भ्रमण, गोष्ठी, सेमिनार तथा अन्य संस्था/ निकायसँग भगिनी सम्बन्ध स्थापनामा जोड दिने,
६. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ,
७. शिक्षकहरुको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,
८. कार्य सम्पादन तथा नतिजा विश्लेषणको आधारमा उत्कृष्ट शिक्षकलाई सम्मान गर्ने |

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क)उपलब्धिः**

सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने छ |

**ख)नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ६ | शिक्षक विद्यारथी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने विद्यालय सङ्ख्या | ० | २६ | ० | ० | २६ | ० |
| ७ | शिक्षकको बृत्ति विकासका लागि पारदर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने निर्देशिका निर्माण | ० | १ | ० | ० | १ | ० |

### ४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | ईकाई | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको नतिजा विश्लेषण गर्ने। | जना | ३ | ३ | ३ | ३ | ३ | १५ |
| २ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ-संजाल बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | शिक्षकलाइ परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समुह परिचालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालय तथा पालिका स्तरमा वाल बिकास केन्द्र र प्रारम्भिक कक्षाका शिक्षकलाइ पेसागत सहयोग गर्न शिक्षण सिकाइ समुह वैठक/घुम्ती वैठक सञ्चालन गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ५ | शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | सङ्ख्या | १ | ० | ० | १ | ० | २ |
| ६ | पालिकाले प्र.अ. र प्र.अ.ले शिक्षकहरूसँग करार सम्झौता मार्फत सिकाइ उपलव्धीमा सुधार ल्याउने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | एकीकृत  पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई पठन तत्व तथा  एकीकृत ढाँचाको तालिमको ब्यवस्था | जना | २६ | २८ | ३० | ३० | ३० | १४४ |
| ८ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको ब्यवस्था | पटक | २० | २० | २० | २० | २० | १०० |
| ९ | असल अभ्यासको अनुभव आदानप्रदान तथा अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय तथा वर्तमान अवस्था

पहुँच र सहभागिताको लागि समानतामा पुग्ने उद्देश्य हासिल गर्न असमानताहरू बीच गरिने सकारात्मक विभेदकारी व्यवहार नै समता हो । यो समानताको  गन्तव्यमा पुग्नका लागि आपनाईने असल अभ्यास वा माध्यम हो । विजयनगर  गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा मधेशी, थारु, ब्राह्मण, क्षेत्री, दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाहरूको बसोबास छ। विभिन्न शारीरिक क्षमता भएका,कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका ब्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । आर्थिक, सामाजिक, सास्कृतिक हक अधिकार को प्रयोगको हिसाब ले हेर्दा पुरुषको तुलनामा महिलाहरुमा उपयोगिताको कमी छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद

विद्यमान छ । बालबालिकाहरू विशेषत अपाङ्गता भएका, दलित, विपन्न परिवारमा जन्म भएका आदिहरूको लागि शिक्षामा पहुँच कठीन रहेको छ ।

बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ ।यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ । यसमा देखिएका अन्तर तथा चुनौतिहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ|

अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रबृत्ति प्रदान गर्ने कानुनी ब्यवस्था गरिएको छ । जातीयताको हिसावले दलित तथा जनजाति समेतलाई पछाडि परेको बर्गको रुपमा लिइन्छ । यस गाउँपालिकामा विद्यार्थी कुल भर्नामा दलितको सङ्ख्या २८७ रहेको छ भने जनजातिको सङ्ख्या ९०४ रहेको छ।समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन । ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, र अभिभावकबिहिन बालबालिकाहरू समेत समुदायमा रहेका छन् तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन ।त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ | समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई शैक्षिक मूलप्रवाहीकरणमा ल्याउन अझैपनि सकिएको अवस्था छैन ।

### ४.३.२ समस्या तथा चुनौतिहरू

१. अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन बिश्लेषण र अभिलेखीकरण हुन नसक्नु ।
२. विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु ।
३. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु ।
४. समाजमा अझैपनि विभेद, दुर्व्यवहार,हेपाइ जस्ता व्यवहार कायमै हुनु र बालमैत्री व्यवहार नहुनु ।
५. समाजमा पछि परेको वर्ग दलित, गरिब, अपाङ्गता भएको व्यक्ति समेतलाई प्रदान गरिने सहायता न्यून हुनु ।

### ४.३.३ उद्देश्य

१. आर्थिक, सामाजिक, भौगोलिक, अपांगता लगायत विभिन्न कारणबाट पछाडि पारिएका वर्गका लागि शिक्षामा समतामूलक पहुँच सुनिश्चितता गर्नु ।
२. लक्षित समूहको सिकाइमा सहभागिता वृद्दि गरी गुणस्तर अभिवृद्दि गर्नु ।
३. शिक्षाका हरेक क्षेत्रमा हुनसक्ने विभेदको अन्त्य गरी अनुकुल सिकाइ वातावरण सिर्जना गर्नु ।

### ४.३.४ रणनीतिक क्रियाकलापहरु

१. पालिकाभित्र घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सो अनुसार शैक्षिक प्रबन्ध गर्ने,
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी सबै बालबालिकाहरुलाई विद्यालय शिक्षा उपलब्ध गराउने,
३. लक्षित बालबलिकाहरुलाइ आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराउने,

४. सबै विद्यालयहरुमा विभेदरहित बालमैत्री वातावरण सिर्जना गर्ने,
५. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने,
६. विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गर्ने।
७. समावेशी शिक्षाको व्यवस्थापनका लागि योजना निर्माण गर्ने प्रा.अ. हरुकालागी समावेशी शिक्षण गर्नका लागि शिक्षकहरुको क्षमता विकास गर्ने |
८. स्थानीय तहमा बन्ने नीति कानुन मापदण्ड तथा कार्यक्रमहरुलाई समावेशी हुनेगरी तर्जुमा तथा कार्यन्वयन मा ल्याउने |

**४.३.५ उपलब्धि**

- आर्थिक, सामाजिक, भौगोलिक, अपांगता लगायत विभिन्न कारणबाट पछाडि पारिएका वर्गका लागि शिक्षामा समतामूलक पहुँच सुनिश्चितता भएको हुनेछ ।
- लक्षित समूहको सिकाइमा सहभागिता वृद्दि गरी गुणस्तर अभिवृद्दि भएको हुनेछ ।
- शिक्षाका हरेक क्षेत्रमा हुनसक्ने विभेदको अन्त्य गरी अनुकुल सिकाइ वातावरण सिर्जना भएको हुनेछ ।

**ख)नतिजा तथा परिमाणात्मक लक्ष्य**

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा लैंगिक अनुपात सूचक प्रतिशत | ०.८५ | ०.८८ | ०.९२ | ०.९६ | ०.९८ | १.० |
| २ | माध्यमिक तहमा लैंगिक अनुपात सूचक प्रतिशत | ०.८६ | ०.८९ | ०.९१ | ०.९६ | ०.९८ | १.० |
| ३ | विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | `४४ | ४४ |

**४.३.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
| १ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | भवन सबलीकरण | विद्यालय | ५ | ६ | ७ | ७ | ७ | ३२ |
| ३ | सबै प्रकारका विभेदको अन्तकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| ४ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने | पटक | ४४ | ५३ | ५३ | ५३ | ५३ | २५६ |

| क्र स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
| | अधिकारीको व्यवस्था | | | | | | | |
| ५ | सुझाव पेटीका | विद्यालय | २२ | ० | ० | ० | ० | २२ |

### ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

#### ४.४.१ परिचय र वर्तमान अवस्था

स्वस्थ्य शरीर र भोकरहित वातावरण बालबालिकाको सिकाइका निम्ति आधारभूत सर्त हुन् । यही तथ्यलाई आत्मसात गरी बालबालिकाको शैक्षिक पहुँच, सहभागिता र सिकाइ स्तर अभिवृद्धि गर्न र उनीहरुको स्वास्थ्य तन्दुरुस्त राख्न धेरैजसो मुलुकहरुमा विद्यालय खाजा कार्यक्रम सञ्चालित छ । तत्कालीन रुपमा बालबालिकाको भोक न्यूनीकरण गर्दै उनीहरुको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता, निरन्तरता र सिकाइ स्तर समेत अभिवृद्धि गर्ने दीर्घकालीन लक्ष्यका साथ नेपालमा विभिन्न जिल्ला र क्षेत्रहरुमा विभिन्न ढाँचाका दिवाखाजा कार्यक्रम आधारभूत विद्यालय तहमा विगत केही दशक देखि कार्यान्वयन थियो भने आ.व. ०७७।०७८ देखि सामुदायिक विद्यालयका प्रारम्भिक बालशिक्षा देखि कक्षा ५ सम्मका देशभरिका सबै विद्यार्थीका लागि दिवाखाजा कार्यक्रम कार्यान्वयनमा छ।

विद्यालयका बालबालिकाका लागि दिवाखाजा स्वास्थ्य, शिक्षा, सामाजिक न्याय तथा समानताका पक्षबाट महत्वपूर्ण मानिन्छ । बालबालिकाको विद्यालयमा पोषणयुक्त खाजा खाने अवसरले स्वास्थ्य राम्रो हुने र सर्वपक्षीय मानवीय क्षमताको विकास हुने अध्ययनहरूको निचोड छ । विद्यालयमा पोषणयुक्त दिवा खाजा बाट बालबालिकामा कुपोषण बाट देखिने पुड्को, अल्पपोषण जस्ता समस्या नहुने हुन्छ । राष्ट्रिय स्तरमै स्वास्थ्य सूचकहरूमा उल्लेखनीय प्रगति हासिल हुन्छ । यसले विद्यालयमा बालबालिकाको उपस्थिति बढ्ने र विद्यालय छाड्ने दरमा कमी ल्याउँछ। विद्याथीको शैक्षिक उपलब्धिमा समेत उत्साहजनक रूपमा अभिवृद्दि हुने कुरा धेरै अध्ययन र अनुसन्धानहरूले देखाएका छन्। दिवाखाजा कार्यक्रमले बालबालिका को शारीरिक, बौद्धिक बिकास मा टेवा पुग्दछ ।

विद्यालय शिक्षाको पाठ्यक्रमले स्वास्थ्य सम्बन्धी विषयलाई समेटेको छ । स्वस्थकर आहार, बानी व्यवहार र विभिन्न प्रकारका रोगहरुका लक्षण र बच्ने उपायहरु समेत स्वास्थ्य शिक्षा अन्तर्गत पर्दछन । विद्यालय शिक्षाको पाठ्यक्रम एवम् पाठ्य सामग्रीमा समावेश भएका विषयहरुलाई कसरी बढी भन्दा बढी प्रभावकारी रुपमा प्रस्तुत गर्ने र पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु तर आमजन स्वास्थ्य सँग प्रत्यक्ष सरोकार राख्ने विषयहरुलाई विद्यार्थी, अभिभावक र विद्यालय परिवारलाई सिकाइ उनीहरुमा सकारात्मक परिवर्तन सहित अभ्यस्त पार्न आवश्यक छ । स्थानीय स्तरमै उत्पादित खाद्यान्नको छनौट र सन्तुलित उपभोग गर्दै स्वस्थ मानव उत्पादनमा तीनै तहका सरकारले उचित प्रवन्ध गर्नु आवश्यक भएको साथै स्वस्थ शरिरमा स्वस्थ दिमागको विकास हुने र स्वस्थ बालबालिकहरुको सिकाइ सहभागिता वृद्धि हुने साथै निर्धारित सक्षमता हासिल गर्न सक्ने भएकोले यस विषयलाई शिक्षा क्षेत्रको अन्तर सम्बन्धित विषयको रुपमा समेटिएको हो।

नेपालको संविधानले प्रत्याभूति गरेको शिक्षा, स्वास्थ्य र खाद्य सम्बन्धी अधिकारहरू, खाद्य सम्प्रभुता सम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्टिय शिक्षा नीति २०७६, बालबालिका सम्बन्धी कानुन, दिगो विकास लक्ष्य जस्ता कानुनी तथा नीतिगत प्रावधानहरूले दिवा खाजा सहितको विद्यालय स्वास्थ्य तथा पोषणलाई शिक्षा क्षेत्रको योजनामा समावेश गरी कार्यान्वयन गर्नुपर्ने आधार तयार गरेको छ । यस खण्डमा दिवा खाजा सहितको विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमका सन्दर्भमा हाल सम्मका

प्रयासहरूको संक्षिप्त समीक्षा गरी त्यसमा देखिएका चुनौतीहरूको पहिचान गरिएको छ । ती चुनौतीहरूको सामना गर्ने गरी यस योजनामा दिवा खाजा सहितको विद्यालय स्वास्थ्य र पोषणसँग सम्बन्धित उद्देश्य, रणनीति र कार्यक्रमहरू तय गरिएको छ ।

विजयनगर  गाउँपालिकामा वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण आइरन चक्की र फोलिक एसिड  वितरण, प्राथमिक उपचार सामग्री बाकसको उपलब्धता पक्षहरुमा गाउँपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय समन्वयमा विद्यालयमा कार्यान्वयन गरिएको छ । प्राथमिक उपचार सामग्रीको बाकस र आवश्यक औषधिहरु एकपटक प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध गराउन सकिएको छैन । उपलब्ध गराइएका प्राथमिक उपचार बाकसमा उपचारका सामग्री औषधि तथा अत्यावश्यक उपकरणहरू समावेश गर्न सकिएको छैन । विद्यालयमा महिनावारी स्वच्छता सम्बन्धमा छात्राहरूका लागि उपलब्ध गराइएको छ । दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न आवश्यक वृहत तथा सूक्ष्म पौष्टिक तत्व  समावेश भएका बहुमेनुहरू स्थानीय स्तरमै  तयार गर्ने कार्यलाई प्राथमिकता दिन सकिएको छैन । यद्यपि दिवा खाजा व्यवस्थापनका लागि जनशक्तिको अभाव विद्यालयहरूले झेल्दै आएका छन् । दिवा खाजाका सन्दर्भमा जङ्कफुडको प्रयोगलाई प्रतिबन्ध लगाइए पनि यसको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन कम हुने गरेको छ। प्लास्टिक मुक्त विद्यालय क्षेत्र बनाउनका लागि अभियान सञ्चालन गर्न सकिएको छैन। विजयनगर  गाउँपालिकाको सवालमा बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य पोषण र सरसफाई तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक रहेको छ ।

तालिका न.२१

**बिद्यालयमा स्वास्थ्य तथा पोषणको अवस्था**

| विद्यालयको सङ्ख्या | प्राथमिक उपचार बक्स तथा औषधी भएको | | नर्सको व्यवस्था | | सेनेटरी प्याडको व्यवस्था भएको | | विद्यार्थीहरुको बर्षमा २ पटक स्वास्थ्य जाँच गरेको | | विद्यालय स्वस्थ्य तथा पोषण फोकल शिक्षक | | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **भएको** | **नभएको** | **भएको** | **नभएको** | **भएको** | **नभएको** | **भएको** | **नभएको** | **भएको** | **नभएको** | |
| ४४ | ६ | ३८ | ० | ४४ | १३ | ३१ | ४४ | ० | १३ | ३१ | |

**(यस तालिका संग सम्बन्धि बिवरणलाई अनुसूची नं २ मा राखिएको छ )**

### ४.४.२ समस्या तथा चुनौतीहरू

१. दिवा खाजा स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका लागि मितब्ययी, प्रभावकारी, दिगो र पर्याप्त व्यवस्थापन नहुनु
२. विद्यालयहरुमा स्वास्थ्य कर्मीको व्यवस्था गर्न नसकिनु।
३. दिवा खाजाका लागि अत्यन्त न्यून रकमको उपलब्धता, स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध नहुनु।
४. विद्यालय खाजा व्यवस्थापनका लागि मानव स्रोतको व्यवस्था गर्न नसकिनु।
५. विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न नसक्नु।
६. विद्यालय स्वास्थ्य र पोषणका कार्यक्रमलाई प्रभावकारी रुपमा अनुगमन गर्ने र समयबद्ध मूल्याङ्कन पद्धतिको विकास गर्न नसक्नु।
७. विद्यालय खाजा विद्यालय स्वास्थ्य पोषण तथा सफाई तथा स्वच्छता सम्बन्धी नीतिगत तथा कार्यक्रमगत बहुक्षेत्रीय समन्वयलाई प्रभावकारी बनाउन नसकिनु तथा सरसफाई कार्यक्रमसँग सम्बन्धित मुख्य चुनौतीहरु रहेका छन।

### ४.४.३ उद्देश्य

१. शिक्षण सिकाइमा बालबालिकाहरुको सहभागिता वृद्धि र सिकाइ स्तर सुधार गरी गुणस्तरीय शिक्षामा समतामूलक पहुँच बढाउने।
२. दिवा खाजा सहित विद्यालय स्वास्थ्य र पोषणसँग सम्बन्धित सेवाहरूमा सुधार गरी विद्यार्थीहरूको स्वास्थ्य स्थितिमा सुधार गर्ने।
३. बालवालिकाहरुमा पोषण युक्त खाना खाने वानीको विकास गर्ने
४. विद्यालय र स्थानीय कृषि उपज बिच सम्बन्ध स्थापित गरी कृषि प्रतिफल बढाउने र स्थानीय आर्थिक बजार विस्तार गर्ने।

### ४.४.४ रणनीतिक क्रियाकलापहरु

१. सानाकिसान, कृषि सहकारी, स्थानीय खाद्य व्यवसायी र विद्यालय बिचमा दिवा खाजाका लागि खाद्य सामग्री स्थानीय आपूर्ति श्रृंखला स्पष्ट र सुदृढ बनाइने छ।
२. शिक्षासँग स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छतालाई आबद्ध गर्दै लैजान कानुनी आधार तयार गर्ने,आवश्यक मापदण्ड एवम् कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ।
३. बालबालिकाको लागि विद्यालयमा नै स्थानीय कृषिउपजको प्रयोगसहित सन्तुलित पौष्टिक आहार सहितको खाजा व्यवस्थापन गर्नुका साथै प्राथमिक उपचार वाकसको व्यवस्थापन गर्ने।
४. विद्यालयमा स्वास्थ्य सेवा विस्तारका लागि विद्यालय स्वास्थ्यकर्मीको व्यवस्था तथा परिचालन गर्ने।
५. नमुना विद्यालय बाट शुरुवात गरी क्रमश अन्य बिद्यालयमा समेत एक नर्स एक बिद्यालय कार्यक्रम लागु गर्ने
६. स्वास्थ्य र पोषण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने
७. विद्यालयमा शौचालय, खानेपानी तथा सरसफाइ, घेरावार आदिको उपयुक्त व्यवस्था मिलाइने छ।
८. महिनावारी हुने छात्राहरुका लागि भिटामिन ए, आइरन चक्की र स्यानिटरी प्याड वितरणको व्यवस्था गरिने छ।
९. बालबालिकाको लागि विद्यालयमा सफा ताजा र पोषिलो खाजा तयारीका लागि चाहिने भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने भाडावर्तन र अन्य सामग्रीहरु लगायतको सुविधा विस्तार गरिने छ।
१०. आधारभूत तहका (वा.वि.के. देखि कक्षा ५ सम्म) सम्पूर्ण बालबालिकाहरुका लागि विद्यालयमा दिवा खाजा उपलब्ध गराइने छ। अभिभावकको संलग्नतामा संचालित बाकि कक्षाका विद्यार्थीहरु का लागि दिवा खाजाको प्रबन्ध गर्ने।

११. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको नियमित अनुगमन तथा मूल्यांकन गरी प्रभावकारी बनाइने छ।

**४.४.५ उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ।

**ख)नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकामध्ये प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये सबैले आवश्यक खोप प्राप्त गरेका हुनेछन | ४४४१ | ४७१० | ४८०० | ४९०० | ५००० | ५२०० |
| २ | सबै विद्यालयले गुणस्तरिय तथा स्थानिय उत्पादनलाइ प्रोत्साहन गर्ने दिवा खाजा कार्यक्रमलाइ प्रभावकारी कार्यान्वयन गरेका हुनेछन। | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ३ | सबै विद्यालयमा वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने ब्यवस्था भएको हुनेछ। | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ४ | सबै विद्यालयमा खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेको हुनेछ। | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ५ | विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित भएको हुनेछ। | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |

**४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ /८३ | २०८३/८४ | २०८४/ ८५ | २०८५/८६ | २०८६ /८७ | जम्मा |

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ /८३ | २०८३/८४ | २०८४/ ८५ | २०८५/८६ | २०८६/ ८७ | जम्मा |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार एवम् थप भाँडावर्तनको प्रबन्ध | बिद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २ | दिवा खाजा व्यवस्थापन सम्बन्धि सरोकारवालाहरुलाई क्षमता विकास | पटक | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ३ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय, शुद्ध खानेपानीको व्यवस्था गर्ने | बिद्यालय | ३ | ४ | ४ | ४ | ५ | २० |
| ४ | विद्यालयलाई प्राथमिक उपचारका लागि औषधिको व्यवस्थापन गर्ने | बिद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० |
| ५ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि, भिटामिन र आइरन ट्याबलेट कार्यक्रम | पटक | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ६ | किशोरी महिनावारी स्वच्छता कार्यक्रम | पटक | १७ | १७ | १७ | १७ | १७ | ८५ |
| ७ | छात्राहरु लाई सेनेटरी प्याडको व्यवस्थापन | छात्रा | २०२७ | २१५० | २२५० | २३०० | २३५० | ११०७७ |
| ८ | स्वास्थ्य तथा पोषण सम्बधि सरोकारवाला संग सचेतना कार्यक्रम | | १ | १ | १ | १ | १ | ५ |
| ९ | बा.वि.के. देखी कक्षा ५ सम्म विद्यार्थी लाई दिवा खाजा संचालन | विद्यालय | १२१०१ | १२३०० | १२५०० | १२७०० | १२८०० | ६२४०१ |

### ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

#### ४.५.१ परिचय र वर्तमान अवस्था

नेपाल विश्वमा विपद् जोखिम र जलवायु परिवर्तनको असरबाट उच्च प्रभावित मुलुकको रुपमा रहेको छ। त्यसैले यहाँको शिक्षा क्षेत्र पनि विपद्को कारण अत्यन्तै धैरै प्रभावित भइरहने क्षेत्र हो। तसर्थ विपद्का कारण विद्यालयमा हुनसक्ने मानवीय क्षति कम गर्नु, शिक्षक, कर्मचारी र विद्यार्थीलाई चोटपटक लाग्न र घाइते हुनबाट बचाउनु, शिक्षा क्षेत्रमा भएको लगानी सुरक्षित गर्नु र विपद् पछिको अवस्थामा समेत सुरक्षित वातावरणमा भयरहित अवस्थामा सिकाइ निरन्तरतालाई सुनिश्चित गर्नु आवश्यक हुन्छ।

विद्यालय क्षेत्रमा विपद् जोखिमका असरहरुलाई न्यूनीकरण गर्दै विपद्का कारण अवरुद्ध हुनसक्ने शिक्षण सिकाइलाई सुचारु गरेर शिक्षा क्षेत्रमा विपद्को प्रभाव कम गर्ने, शैक्षिक निरन्तरता तथा गुणस्तरीय शिक्षाका लागि उपयुक्त वातावरण निर्माण गर्नु गराउनु पर्दछ। विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता सुदृढिकरण गर्न, विपद् पूर्वतयारी तथा प्रतिकार्यका व्यवस्थित प्रयत्न मार्फत शिक्षा क्षेत्रमा हुने क्षति साथै प्रभाव न्यून गर्न र सुरक्षित वातावरणमा पठनपाठनलाई निरन्तरता दिन शिक्षाक्षेत्रको उत्थानशील क्षमता अभिवृद्धि गरी आपत्कालिन अवस्थामा बालबालिकाहरुमा हुनसक्ने जोखिमहरु तथा निकृष्ट कृयाकलापलाई नियन्त्रण गर्न संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकाय, समुदाय तथा सरोकारवालाहरुको साझा प्रयास हुनु आवश्यक छ।

भौगोलिक अवस्थितिको हिसाबले तराई प्रदेशको कपिलवस्तु जिल्लामा अवस्थित विजयनगर गाउँपालिका भूकम्प, बाढी, हुरीबतास, रोगव्याधिको महामारी, आगलागी, लु, शितलहर, खडेरी, सडक दुर्घटना, शर्पदंश जस्ता विभिन्न प्रकारका प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपको उच्च जोखिममा छ। यी प्रकोपबाट हरेक वर्ष साना ठूला विपद्जन्य घटना भइरहन्छन्। विपदबाट यहाँको शैक्षिक क्षेत्र प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले प्रभावित हुने गर्दछ। २०७२ सालको भूकम्प, वर्षेनी आउने हावाहुरी, कोभिड-१९ महामारी, लु र शितलहर लगायतका कारण यस गाउँपालिकाको शिक्षा क्षेत्रमा भौतिक र आर्थिक क्षतिका साथसाथै नियमित पठनपाठन समेत अवरुद्ध हुँदै आएको छ।

कोभिड-१९ को कारण अवरुद्ध शैक्षिक कृयाकलापबाट शैक्षिक क्षेत्रमा परेको नकारात्मक प्रभावलाई न्यूनिकरण गर्न विजयगनर गाउँपालिकाले वैकल्पिक माध्यम (Virtual class) बाट कक्षा सञ्चालनका प्रयासहरुबाट बालबालिकाले पढ्न एवं सिक्न पाउँने अधिकारको प्रत्याभूति गर्न निरन्तर प्रयत्नशिल रहँदै आएको छ ।

सुरक्षा निकायसँगको साझेदारीमा विपद्जन्य घटनाबाट अपनाउनुपर्ने सावधानीका विषयमा विद्यालयहरुमा सचेतना कक्षा सञ्चालन गर्ने, सचेतना सम्बन्धी जानकारीमूलक विषयहरु विद्यालय परिसरमा Wall Painting गर्ने र विद्यालय स्तरीय विपद् समिति गठन लगायतका अभ्यास भइआएका छन्।

विपद्जन्य समस्याहरुबाट भविष्यमा शिक्षा क्षेत्रका भौतिक पूर्वाधार, सिकाई वातावरण, सिकाईका लागि आवश्यक शैक्षिक सामाग्री तथा स्रोतहरु, आपतकालिन अवस्थामा शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिन आवश्यक पर्ने व्यवस्थापकीय प्रबन्धका साथै आपतकालिन पूर्व तयारी, प्रतिकार्य र पुनरुत्थानको लागि आवश्यक प्रणालीको विकास गर्नु आजको तड्कारो आवश्यकताको रुपमा रहेको छ।

#### ४.५.२ समस्या तथा चुनौतीहरु

१. भूकम्प प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण र मर्मतमा कमी हुँदा सुरक्षा जोखिम बढ्नु,
२. विद्यालयमा आपतकालीन योजना र सुरक्षा प्रोटोकलको कमीले विपत् व्यवस्थापनमा समस्या निम्त्याउँनु,
३. शिक्षक र विद्यार्थीहरूलाई विपत् न्यूनीकरण र प्रतिकार्य तालिमका अभावले संकटको समयमा प्रभावकारी प्रतिक्रिया दिन कठिनाइ,
४. विद्यालय सुरक्षा र विपत् न्यूनीकरणका गतिविधिहरूमा स्थानीय समुदायको संलग्नता न्यून रहनु ,
५. सुरक्षा उपकरण र विपत् न्यूनीकरणका लागि आवश्यक साधनहरूको अभाव

#### ४.५.४. उद्देश्यः-

१. विद्यालय क्षेत्रमा विपद् जोखिमका असरहरुलाई न्यूनीकरण गर्दै विपद्का कारण अवरुद्ध हुनसक्ने शिक्षण सिकाइलाई सुचारु गरी शिक्षा क्षेत्रमा विपद्को प्रभाव कम गर्ने, जुनसुकै परिस्थितिमा पनि बालबालिकाको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकारको प्रत्याभूत गर्न स्थायी वातावरण निर्माण गर्नु गराउनु,

२. सम्भावित विपद्/संकटको सामना गर्न भौतिक, मानविय र आर्थिक स्रोतको व्यवस्थापन गर्नु,

३. विद्यालय क्षेत्रलाई विपद्को जोखिमबाट मुक्त गर्न सरोकारवाला सम्पूर्ण निकायसँग समन्वय र सहकार्य गर्नु।

**४.५.५. रणनीतिहरुः-**

१. विद्यालय शिक्षामा प्रभाव पार्न सक्ने विपद् वा संकटजन्य घटनाहरुको पूर्वानुमान तथा त्यसबाट सम्भावित क्षतिको मूल्यांकन तथा विश्लेषण गर्ने,

२. पूर्वानुमान एवं मूल्यांकनका आधारमा गाउँपलिका स्तरीय र विद्यालय स्तरीय विपद् प्रतिकार्य योजना निर्माण गर्ने,

३. विपद् प्रतिरोधी भौतिक पूर्वाधार निर्माण तथा पुनर्स्थापना गर्ने,

४. शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिन आवश्यक यन्त्र उपकरण, औषधि तथा शैक्षिक सामग्रीको प्रवन्ध गर्ने,

५. विपद् व्यवस्थापनको पूर्वतयारी, तयारी, प्रतिकार्य र पुनर्स्थापनाका लागि सरकारी तथा गैरसरकारी साझेदारहरुको सहभागिता र सहयोगसमेत परिचालन गर्ने,

६. शिक्षक, विद्यार्थी एवं अभिभावकको विपद् रोकथाम, प्रतिकार्य र पुनर्स्थापनाका लागि क्षमता विकास गर्ने,

७. विपद्का कारण सिर्जना हुनसक्ने मनोसामाजिक समस्या समाधानका लागि परामर्श सेवा प्रदान गर्न आवश्यक जनशक्ति तयार गर्ने।

**४.५.५ प्रमुख उपलब्धि तथा नतिजा**

क) उपलब्धि

१. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ।

**ख)नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिप सहित महामारी तथा विपत् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | ९ | ९ | ९ | ९ | ९ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ५ | १५ | २० | २५ | ३५ | ४४ |
| ४ | हरित विद्यालय कार्यढाँचा योजनालाइ प्रभावकारी कार्यान्वयन हुने बिद्यालय | ४ | २० | २० | ४४ | ४४ | ४४ |

#### ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/ ८२ | २०८२/८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/८६ | जम्मा |
| १ | स्थानीय तहका पदाधिकारी, प्रधानाध्यापक, वि.व्य.स. तथा शिक्षकलाई वृहत विद्यालय सुरक्षा, जलवायु परिवर्तन तथा हरित विद्यालय सम्बन्धी क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | गाउँपालिकाको आपतकालीन शिक्षण योजनाको अध्यावधिक र कार्यान्वयन | पटक | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ३ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | पटक | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ४ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्द्धन | बिद्यालय | ४९ | ४९ | ४९ | ४९ | ४९ | ४९ |
| ५ | विपद व्यवस्थापन कोष स्थापना , बजेट विनियोजन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | आपतकालीन अवस्थामा सिकाई निरन्तरताको लागी स्थानीय तहको शिक्षा समुह गठन तथा परिचालन | पटक | ० | १ | ० | १ | ० | २ |
| ७ | आपतकालीन अवस्थामा सिकाई निरन्तरताको लागी सरोकारवालाहरु संग अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षा ऐन तथा नियमावलीमा तोकेको मापदण्ड अनुसार बालबालिकाको पठनपाठनको लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसा पिसाबका लागि शौचालय, सरसफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार

विद्यालयका आधारभूत संरचनाहरु हुन् । राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, पुस्तकालय, बुक कर्नर, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, सभाहल, कम्प्युटर कक्ष, मञ्च, बगैंचा जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने जस्ता नीतिगत व्यवस्था गरिएको छ ।

**४.६.२ वर्तमान अवस्था**

बिद्यालयको भौतिक संरचनाको निर्माण पश्चात उक्त संरचनाको मर्मत सम्भार र व्यवस्थित प्रयोग आजको आवश्यकता हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ ज (१३) मा सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन नगरपालिकाको काम, कर्तव्य र अधिकारको रुपमा उल्लेख भएको छ । विद्यालय भौतिक संरचनाको दिगोपनाको लागि सरकारी तथा गैर सरकारी संघसंस्थाको सहयोगमा निर्माण भएका सामुदायिक विद्यालयहरुको विद्यालय परिवार, स्थानीय समुदाय, नागरिक समाजका साथै विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाको सहभागितामा मर्मत सम्भारका कार्यहरु अगाडि बढाउन सहयोग प्राप्त भएको छ | यस गाउँपालिकामा ४४ ओटा सामुदायिक तथा धार्मिक विद्यालयहरू मध्ये धेरै विद्यालयमा भवन र कक्षाकोठा पर्याप्त भएतापनि केही विद्यालयमा अझैपनि अभाव देखिन्छ । कतिपय विद्यालयमा खेल्नका लागि खेलकुद मैदान, घेरावार, खानेपानी, पुस्तकालय, प्रयोगशाला, जिन्सी कोठा, बुक कर्नर जस्ता पूर्वाधार पुग्न सकेका छैनन् । कक्षाकोठा, प्रशासन, लेखा, बैठक कक्ष जस्ता सुविधाहरू अझै नपुग देखिन्छ । कतिपय विद्यालयमा त सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था समेत छैन । पुस्तकालयका लागि फर्निचर, प्रयोगशाला सामग्रीको अभाव छ । प्राथमिकता प्राप्त न्यूनतम सक्षमता भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालय, बुक कर्नर समेत हालसम्म पूर्ण हुन सकेको छैन । भौतिक पूर्वाधार सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरिए पनि प्राविधिक एवम् वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन ।

तालिका न. २१

**विद्यालयमा उपलब्ध भौतिक सुविधा:**

| विद्यालय सङ्ख्या | भवन किसिम | | जम्मा कक्षाकोठा | | छापामय वातावरण | पढाइ कूना | पुस्तकालय | विज्ञान प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | पक्की | कच्ची | पक्की | कच्ची | | | | | |
| ४४ | १६९ | १७ | ३६० | ५३ | ५५ | ३० | ९ | ७ | |

**(यस तालिका संग सम्बन्धित विवरण अनुसूची नं ३ मा रहेको छ )**

**तालिका नं २२**

**वातावरण, पिउनेपानी तथा सरसफाई**

| विद्यालय को सङ्ख्या | पर्खाल घेरावर | | | | शौचालय | | | पिउने पानीको व्यवस्था | | | खेलकूद मैदान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कच्चि | पक्कि | तारबार | स्थानिय सामग्री | छात्र | छात्रा | शिक्षक | इनार | धारा | मुलको पानी | | |
| ४४ | ४ | | | | | | | | | | | |

**(यस तालिका संग सम्बन्धित विवरण अनुसूची नं ४ मा रहेको छ )**

**४.६.२ समस्या तथा चुनौतीहरु**

१. विद्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्न बजेटको कमी

२. भूकम्प, बाढी जस्ता विपद्ले विद्यालय संरचनामा दीर्घकालीन क्षति पुऱ्याउने खतरा

३. सबै विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला र डिजिटल शिक्षाको सुविधा पुग्न नसक्दा विद्यार्थीहरूको सिकाइ प्रभावित रहेको
४. पुनर्निर्माण र नयाँ विद्यालय भवन निर्माणका लागि सरकारी निकाय, निजी क्षेत्र, र अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगको अपर्याप्तता
५. स्थानीय समुदायको सहभागितामा सबै विद्यालय संरचना मर्मत र सुधार गर्न नसकिएको

**४.६.४ उद्देश्य**

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्डलाई कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु

**४.६.५ रणनीति**

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपणको आधारमा मापदण्ड विकास गर्ने
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण एवम् मर्मत सम्भार गर्ने
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने

**४.६.६ प्रमुख उपलब्धि तथा नतिजा**
**क) उपलब्धि**

१. सबै विद्यालयहरुमा पर्याप्त भौतिक संरचना निर्माण भएको हुनेछ
२. विद्यालयहरुका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित भएको हुनेछ|

**ख)नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय कक्षाकोठा संख्या | ११० | १४० | १५० | १६० | १७० | १८० |
| २ | मर्मत सम्भार गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ३० | ३५ | ४० | ४५ | ५० | ५५ |
| ३ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ० | १५ | २५ | ३५ | ४० | ४५ |
| ४ | बाढी लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ० | २ | ३ | ० | ० | ० |

**४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | भुकम्प प्रतिरोधी कक्षाकोठा निर्माण | कक्षा कोठा | ३० | १० | १० | १० | १० | ७० |
| २ | विद्यालयको रंगरोगन तथा सबलीकरण | सङ्ख्या | १० | १० | १० | ७ | ७ | ४४ |
| ३ | मर्मत सम्भार गर्नुपर्ने कोठा | विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ४ | विद्यालयमा नयाँ फर्निचर निर्माण तथा मर्मत सम्भार | विद्यालय सङ्ख्या | १० | १० | १० | ७ | ७ | ४४ |
| ६ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रुजुसूची भर्ने | केन्द्र | १ | १ | १ | १ | १ | ५ |
| ८ | बाउण्ड्रीवाल निर्माण | पटक | ५ | ३ | ३ | ३ | ३ | १७ |
| ९ | स्वच्छ पिउने पानी तथा सरसफाईको प्रबन्ध | बिद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सामान्यतया सूचना तथा सञ्चार प्रविधि भन्नाले सूचनाको सङ्कलन, सम्प्रेषण एवं सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, इन्टरनेट आदिको समष्टिगत रुप भन्ने बुझिन्छ । सूचनाभित्र खबर, विचार, संवेग, अनुभव, दृष्टिकोण, तर्क, तथ्य, वर्णन आदि पर्दछन् । सूचना आदान प्रदान गर्ने कार्य सञ्चार हो भने सूचनाको सञ्चार गर्ने आधुनिक माध्यम प्रविधि हो । कम्प्युटर, इमेल, इन्टरनेट आदिको उपयोग गरी शिक्षा प्रदान गर्ने कार्य यसभित्र पर्दछ । आजको दुनियाँ डिजिटल दुनियाँ हो । विश्व नै सूचनाका प्रविधिले एउटा 'स्मार्ट भिलेज' बनिरहेको र अहिलेका बालबालिकालाई प्रविधिसँग सुसूचित गराउन, पाठ्यक्रम तथा मूल्याङ्कनमा समेत समावेश गरिएका प्रविधिसम्बन्धी विषयवस्तुसँग परिचित हुन, शिक्षक सक्षमता प्रारूप, २०७२ अनुसार उल्लेख गरिएका सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सक्षमता हासिल गर्न समेत वर्तमान अवस्थामा नेपालको विद्यालय शिक्षामा यसको प्रयोग अपरिहार्य देखिएको छ । शिक्षक सक्षमताको प्रारूप, २०७२ ले शिक्षाका आठ वटा सक्षमता तोकेकोमा सक्षमता नं. ८ मा सूचना तथा सञ्चार प्रविधि रहेको छ, जस अन्तर्गत शिक्षक निम्न कुरामा सक्षम हुनुपर्ने उल्लेख गरिएको छ:

- सिकाइलाई सहजीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको एकीकृत सिकाइ रणनीतिको छनोट तथा उपयोग गर्न,
- सिकारुका आवश्यकता अनुकूल डिजिटल सामग्री विकास गर्न तथा उपलब्ध सामग्रीको अनुकूलन गरी उपयोग गर्न,
- सूचना प्रविधिका साधनमार्फत सिकारूको स्वसिकाइ प्रवर्धन गर्न, आपसी सञ्चार र सहकार्यलाई प्रभावकारी बनाउन,
- सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्न,
- शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे परिचित हुँदै सो अनुकूल पेसागत व्यवहार प्रर्दशन गर्न।

### ४.७.२ वर्तमान अवस्थाः

विजयनगर गाउँपालिका अन्तर्गत सञ्चालित रहेका सामुदायिक संस्थागत र धार्मिक विद्यालयहरुमा सूचना प्रविधिको प्रयोगको लागि सबै सामुदायिक विद्यालयमा ईन्टरनेटको पहूँच र १६ वटा सामुदायिक विद्यालयमा **ICT LAB** स्थापना गरिएको छ । नेपाल सरकारबाट प्राप्त हुने सर्शत अनुदानबाट नै सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरुमा **ICT LAB** व्यवस्थापनका लागि अनुदान प्राप्त गरेतापनि जुन उद्देश्यले उक्त अनुदान प्रदान गरिएको हो सो अनुसारको व्यवस्थापन र प्रयोगमा केही कमी पाईन्छ । त्यस्तै संस्थागत विद्यालयहरुमा पनि विद्यालयले आफ्नै स्रोतबाट **ICT LAB** व्यवस्थापन गरी विद्यार्थीका लागि सूचना प्रविधिको माध्यमबाट शिक्षण सिकाई क्रियाकलाप गर्न खोजेको भएता पनि प्रभावकारी रुपबाट व्यवस्थापन गरिएको पाईदैन । विद्यालयले इन्टरनेट जडान गरी शिक्षण सिकाईका क्रममा आवश्यक जानकारी तथा सूचनाहरु इन्टरनेटको माध्यमबाट खोजी गरी शिक्षण गर्ने परिपाटी सुरु भएको छ । यसरी विभिन्न स्रोत र तरिकाबाट सामुदायिक विद्यालयमा सूचना तथा संचार प्रविधिको विस्तारका लागि विभिन्न कार्यक्रम कार्यन्वयन गरेता पनि अनुदान रकम प्रयाप्त नहुनु, सबै विद्यालयमा अनुदान दिन नसक्नु, प्रयोगको लागि दक्ष जनशक्ति नहुनु जस्ता विविधकारणले गर्दा प्रभावकारी रुपमा व्यवस्थापन भई कक्षाकोठाको शिक्षण सिकाई क्रियाकलापमा सूचना तथा प्रविधिको उपयोग कम मात्रै विद्यालयमा गरेको पाईन्छ । संस्थागत विद्यालयमा पनि सामान्यखालको कम्प्यूटर ल्याब निर्माण र इन्टरनेट जडान गर्नु बाहेक शिक्षण सिकाई क्रियाकलापमा **ICT** को प्रभावकारी व्यवस्थापन भएको पाइँदैन । विद्यालयमा भएका **ICT LAB** को प्रयोगको अवस्था पनि सन्तोषजनक छैन । वजेटको कमी, विद्यालयको इच्छाशक्ति, सम्बन्धित निकायको अनुगमन र नियमन र दक्ष जनशक्तिको अभावका कारण अनुदान पाएका विद्यालयमा पनि शिक्षण कार्यमा **ICT** को प्रयोगको अवस्था दयनीय नै छ ।

विद्यालयमा सूचना तथा संचार प्रविधिको पहुँच तथा विस्तारका सम्बन्धमा विजयनगर गाउँपालिकाले गरेका केही असल अभ्यासलाई देहाएबमोजिम उल्लेख गर्न सकिन्छ ।

- सम्पूर्ण माध्यमिक तथा ७ वटा निम्न माध्यमिक विद्यालयमा **ICT LAB** व्यवस्थापनको लागि अनुदान उपलब्ध गराएको छ।
- सम्पूर्ण सामुदायिक विद्यालयमा इन्टरनेटको लागि अनुदान प्रदान गरेको छ।
- केही विद्यालयको लागि **ICT LAB** व्यवस्थापनका लागि कम्पयूटर लागि अनुदान प्रदान गरेको छ।
- केही वालविकास केन्द्रका लागि इन्टरनेट जडान सहितको टेलिभिजन जडान गर्न सहयोग गरेको छ।
- सम्पूर्ण विद्यालयको लागि एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली **(IEMIS)** सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरेको।

**समस्या/चुनौती**

- **ICT** युक्त बातावरण सिर्जना गर्नका लागि पूर्वाधारको अभाव हुनु,
- सूचना प्रविधि सम्बन्धी दक्ष मानवीय स्रोतको कमी,
- सबै विषय, तह र कक्षाका पाठ्यसामग्री डिजिटाइजेसन हुन नसक्नु,
- प्रविधिको दुरुपयोग हुने डर (साइबर अपराध,**Bullying,Hacking)**।

**४.७.३ उद्देश्यः**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु,
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु,

**रणनीति**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने
५. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने
६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने।
७. **ICT LAB** व्यवस्थापनका लागि विद्यालयलाई आवश्यक आर्थिक सहयोग गर्ने।

**४.७.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने छ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।
३. सूचना तथा सञ्चार प्रविधिको प्रभाकारी व्यवस्थापनका कारण सामुदायिक विद्यालयहरुमा विद्यार्थीको संख्या वृद्धि हुनेछ।
४. विद्यार्थीको विद्यालयमा नियमित उपस्थितिदरमा वृद्धि हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ३ | विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने बिद्यालय संख्या | ४ | ६ | ८ | ९ | १० | १२ |
| ४ | सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली लागु भएको बिद्यालय संख्या | ५३ | ५३ | ५३ | ५३ | ५३ | ५३ |

**४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
| १ | विद्यालयमा ICT मैत्री संरचना विस्तार गरि इ-लाईब्रेरी स्थापना | संख्या | १ | १ | १ | १ | १ | ५ |
| २ | सबै शिक्षण संस्थाहरुमा विद्युतका साथै इन्टरनेट सेवा विस्तार | विद्यालय | ४९ | ४९ | ४९ | ४९ | ४९ | ४९ |
| ३ | शिक्षक तथा कर्मचारूहरुको सञ्चार, प्रविधि सम्बन्धि क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | एक शिक्षक एक ल्यापटप लागत साझेदारीमा कार्यक्रम | सङ्ख्या | ० | २० | १० | १० | १० | ५० |
| ५ | सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजिटल लर्निङ सेन्टरको रुपमा विकास | संख्या | ० | ० | १ | ० | ० | १ |
| ६ | अभिभावकहरुलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | EMIS सम्बन्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | साइबर कानूनको प्रभावकारी कार्यान्वयन र | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जनचेतना स्तर अभिवृद्धि गरी सूचना र सञ्चारको दुरुपयोग र साइबर अपराधका घटनाहरुमा न्यूनीकरण (6-12 संचालित सबै विद्यालयहरु) | | | | | | | |
| | सामुदायिक र धार्मिक विद्यालयहरुको वेभसाइट र इ-हाजिरी | विद्यालय | २६ | ६ | ८ | ४ | ५ | ४९ |

**परिच्छेद-५ अन्य उपक्षेत्र**

५.१ मदरसा शिक्षाः

५.१.१ परिचयः

नेपाल र भारतीय उपमहाद्वीपमा मदरसा धार्मिक तथा सांस्कृतिक शिक्षा प्रदान गर्ने मुसलमानहरुको सबैभन्दा भरोसायोग्य शैक्षिक संस्थाको रुपमा विकास भएको पाइन्छ। नेपालका मदरसाहरु सयौ वर्षदेखि अस्तित्वमा रहेका छन्।यसले परम्परागत शैलीमा मुस्लिम समुदायलाई शिक्षा प्रदान गर्दछन्।मदरसाहरुको आफ्नै पाठ्यक्रम छ। वर्तमान अवस्थामा मदरसाको परम्परागत पाठ्यक्रमलाई केही हदसम्म आधुनिक शिक्षा वा मूल प्रवाहको पाठ्यक्रमसँग समायोजन गरी विकसित गरिएको छ जसमा मुख्य विषयहरु अंग्रेजी, गणित, विज्ञान जस्ता विषयहरु पनि समावेश गर्न थालिएको छ।

वि.स.२०६३ सालमा मदरसाहरुलाई साबिक जिल्ला शिक्षा कार्यालयले मुलधारको विद्यालय सरह दर्ता गर्न शुरु गर्यो। जिल्ला शिक्षा कार्यालयले आह्वान गरेपछि धेरैजसो मदरसाहरु दर्ता भए। यी दर्ता भएका मदरसाहरुले धार्मिक तथा सांस्कृतिक(इस्लामी) विषयहरुसँगै आफ्नो पाठ्यक्रमा मूलधारका विषयहरु समावेश गरे। सरकारले मदरसाहरुलाई शिक्षाको मूलधारसँग जोड्ने उद्देश्यले यसको विकास र प्रबर्द्धनका लागि केही प्रयासहरु गरेको पाइन्छ। प्रदेश सरकारले समेत मुस्लिम समुदायको धार्मिक तथा परम्परागत शिक्षालाई व्यवस्थित गर्दै सो समुदायका बालबालिकाहरुलाई दिदै आएको मदरसा शिक्षालाई शिक्षाको मूल प्रवाहमा ल्याई शिक्षाको मूलधारबाट बाहिर रहेका मुस्लिम समुदायका बालबालिकाको शिक्षामा पहुँच पुर्याउन र गुणस्तरीय शिक्षा प्रदान गर्न नीतिगत प्रबन्ध गरेको छ।

५.१.२ वर्तमान अवस्थाः

नेपालको संविधानले व्यवस्था शिक्षाको मौलिक हकको कार्यान्वयनका सिलसिलामा मुस्लिम समुदायका बालबालिकाहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याई शिक्षाको पहुँच सुनिश्चित गर्न मदरसा विद्यालयहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्नुपर्ने जिम्मेवारी मुख्य रुपमा स्थानीय तहको रहेको सन्दर्भमा विजयनगर गाउँपालिका अन्तर्गत हाल आधारभूत तह कक्षा बालविकास -५ संचालित मदरसा १६, कक्षा १-८ संचालित २ गरी जम्मा १८ ओटा मदरसाहरु संचालनमा रहेका छन्। शैक्षकि सत्र २०८१ मा मदरसा विद्यालयमा अध्ययन गर्ने जम्मा विद्यार्थीहरु २९४२ जसमध्ये छात्रा ......... जना र छात्र ....... रहेका छन्। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिष्ट गरेको पाठ्यक्रम अनुसार मुख्य विषयहरु नेपाली, अंग्रेजी, गणित, विज्ञान, सामाजिक जस्ता विषयहरुसँगै उर्दू, दिनियात, कुरान, अरबिक जस्ता विषयहरुसमेत पठनपाठन भएका छन्। नेपाल सरकारले मदरसा विद्यालयहरुको संचालन तथा व्यवस्थापनका लागि एकमुष्ठ वार्षिक अनुदान रकम समेत व्यवस्था गरेको र गाउँपालिकाबाट १३ जना स्वयंसेवक शिक्षकहरुसमेत व्यवस्था गरिएको छ। साथै नेपाल सरकारबाट अन्य सामुदायिक विद्यालयसरह पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा लगायतका शिर्षकहरुमा अनुदान रकम निकासा गरिएको छ। नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले परम्परागत शिक्षण संस्था(संचालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ तर्जुमा गरी कार्यान्वयनमा रहेको छ यसले मदरसा विद्यालयलाई राष्ट्रिय प्रणालीमा आबद्ध गरी प्रभावकारी रुपमा संचालन, व्यवस्थापन तथा नियमन गर्न आधार तय गरेको छ। तथापी मदरसा शिक्षालाई प्रभावकारी रुपमा संचालन गर्न तथा नियमन गर्न गाउँपालिकाबाट छुट्टै कानुनी व्यवस्था नहुँदा व्यवस्थापनमा चुनौती रहेको छ। मदरसा शिक्षामा

विशिष्ट प्रकृतीका विषयहरु अध्यापन गर्ने मौलानाहरुको छनौट प्रक्रिया, शैक्षिक योग्यताको समकक्षता नहुँदा समेत समस्या सृजना भएको छ।

५.१.३ उद्देश्यः
१.मदरसा शिक्षालाई राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार संचालन गर्नु,
२.मदरसा विद्यालय संचालन तथा व्यवस्थापनका लागि कानुनी प्रबन्ध गर्नु,
३.मदरसा शिक्षालाई मूल प्रवाहमा ल्याई गुणस्तरीय शिक्षा प्रदान गर्नु|

५.१.४.रणनीतिः
१. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार मदरसा शिक्षाको पाठ्यक्रम कार्यान्वयन गर्ने,
२.मदरसाहरुको भौतिक पूर्वाधारहरुको व्यवस्थापन गर्ने,
३. मदरसा संचालन तथा व्यवस्थापनका लागि छुट्टै कानुन तर्जुमा गरी कार्यान्वयन गर्ने,
४.मदरसा शिक्षालाई मूल प्रवाहमा ल्याई गुणस्तरीय शिक्षा प्रदान गर्ने,
५.मदरसा विद्यालयहरुको नक्साङ्कन र समायोजन गर्ने,
६.मदरसा विद्यालयमा समेत कक्षा १-३ मा एकिकृत पाठ्यक्रमका आधारमा शिक्षण गर्ने
७. सामुदायिक र धार्मिक विद्यालयहरुमा एकरुपमा कायम गर्न वार्षिक शैक्षिक क्यालेण्डर तयार गरी कार्यान्वयन गर्न पहल गर्ने
९. शिक्षणमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक व्यवस्था मिलाउने
१०.मदरसा शिक्षाको विद्यार्थी मूल्याङ्कन, परीक्षा संचालनमा एकरुपता कायम गर्ने
११.मदरसामा कार्यरत शिक्षक, विद्यालय व्यवस्थापन पदाधिकारीहरुको क्षमता विकास गर्ने
१२. महिला मदरसा(Girls Madrasa) हरुलाई विशेष सुविधा प्रदान गर्ने

**५.१.५. प्रमुख उपलब्धि तथा नतिजाः**
मदरसा शिक्षा संचालन तथा व्यवस्थापनको कानुनी प्रबन्ध भई सबै बालबालिकाहरु शिक्षाको मूलधारमा आइ गुणस्तरीय शिक्षा प्राप्त गरेका हुनेछन्।

नतिजा तथा परिमाणात्मक लक्ष्य

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | मदरसा विद्यालय संचालन तथा व्यवस्थापनका लागि कार्यविधि निर्माण भएको मदरसा सङ्ख्या | ० | १८ | १८ | १८ | १८ | १८ |
| २ | परम्परागत शिक्षण संस्था संचालन तथा व्यवस्थापन मापदण्ड २०७९ कार्यान्वयन गर्ने मदरसाको संख्या | १८ | १८ | १८ | १८ | १८ | १८ |
| ३ | तालिम प्राप्त शिक्षक र मौलानाको संख्या | २० | ४० | ६० | ६० | ६० | ६० |

### ५.१.६ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्यः

| क्र . स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | लक्ष्य भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | मदरसा विद्यालय संचालन तथा व्यवस्थापनका लागि कार्यविधि निर्माण | पटक | १ | ० | ० | १ | ० | २ |
| २ | शिक्षक र मौलानाहरु को क्षमता बिकास | संख्या | २० | २० | २० | २० | २० | १०० |
| ३ | मदरसा विद्यालयहरुको नक्साङ्कन र समायोजन | पटक | ० | १ | ० | ० | ० | १ |
| ४ | मदरसा विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | मदरसा | १८ | १८ | १८ | १८ | १८ | १८ |
| ५ | विद्यार्थी परीक्षण तथा मूल्याङ्नमा एकरुपता | मदरसा | १८ | १८ | १८ | १८ | १८ | १८ |

## परिच्छेद ६

### ६.१. सुशासन तथा व्यवस्थापन

### ६.१.१ परिचय र वर्तमान अवस्था

विद्यालय व्यवस्थापन एवं शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरु निर्माण तथा कार्यान्वयनका लागि नेपालमा केन्द्रीय तह देखि स्थानीय तह सम्म विभिन्न संस्थागत संरचनाहरु रहेका छन् । केन्द्रिय तहमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । यसले शिक्षा सम्बन्धि नीति निर्माण, योजनाहरुको कार्यान्वयनको रेखदेख, वित्तियव्यवस्था, अनुगमन तथा मूल्यांकन लगायतका कार्यहरु गर्दै आएको छ । शिक्षा मन्त्रालय अन्तर्गत रहने संघमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, लगायतका केन्द्रिय निकायहरु र जिल्ला तहमा शिक्षाविकास तथा समन्वय एकाइहरु क्रियाशील रहेका छन् । त्यसै गरि

स्वायत्त संस्थाको रुपमा शिक्षक सेवा आयोग र राष्ट्रिय परीक्षा वोर्ड रहेका छन् । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र सो अन्तर्गत शिक्षा विकास निर्देशनालय र प्रादेशिक तालिम केन्द्रले शैक्षिक क्षेत्रमा सुशासन कायम गर्न क्रियाशील छन्

मुलुक संघीयतामा प्रवेश गरे सँगै विद्यालय व्यवस्थापनको अधिकार स्थानीय तहलाई प्राप्त भएको छ । गाउँपालिकाका सम्पूर्ण बिद्यालयहरुलाई आवस्यक सहजीकरण गर्न शिक्षा युवा तथा खेलकुद शाखा क्रियाशील रहेको छ |विद्यालयले प्रत्येक वर्ष अन्तरिक र बाह्य परीक्षण गर्ने प्रावधान रहेको छ |व्यवस्थापनको पाटोलाई चुस्तदुरुस्त बनाउन विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको संरचनात्मक व्यवस्था गरिएको छ । विद्यालयको सम्पूर्ण व्यवस्थापकीय कार्य विद्यालय व्यवस्थापन समितिले गर्दै आएको छ।

विद्यालय व्यवस्थापनको मुख्य जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको हुने भएकोले प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति हुने कानुनी व्यवस्था रहेको छ। विद्यालयको प्राज्ञिक एवं प्रशासनिक व्यक्तिको रुपमा प्रत्येक विद्यालयमा प्रधानाध्यापक हुने व्यवस्था छ।

**विद्यालय सुशासन तथा व्यवस्थापनको अवस्था**

| विद्यालय संख्या | विद्यालय सुधार योजना | | सामाजिक परिक्षण | | बि व्य स | | शि अ संघ | | अभिभावक भेला | | बाल क्लब गठन | | बाल क्ब गठन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | |
| ४४ | ४४ | ० | ४४ | ० | ४४ | ० | ४४ | ० | ४४ | ० | १९ | २५ | ४४ |

(यस सम्बन्धि विवरण अनुसूची नं ५ मा रहेकोछ)

### ६.१.२ उद्देश्य

१. शैक्षिक सुशासन कायम गर्ने
२. आवश्यक जनशक्तिको व्यवस्थापन र क्षमता अभिवृद्धि गर्ने
३. शैक्षिक सुशासन र व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको प्रबन्ध मिलाउने
४. शैक्षिक सुशासन र व्यवस्थापनका लागि आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने

### ६.२.५ रणनीति

१. स्थानीय तहमा शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति नियम बनाउने,
२. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई क्रियाशील बनाउने,
३. बिद्यालयमा कार्यरत जनशक्ति तथा सरोकारवालाहरुको क्षमता विकास गर्ने,
४. विद्यालयको आर्थिक कारोवारलाई डिजिटल मध्यम बाट अध्यावधिक गर्ने,
५. प्रधानाध्यापकको क्षमता अभृबद्धि गर्दै समग्र प्रशासनिक क्षमतामा सुधार गर्ने।

### ६.२.६ समस्या र चुनौतिहरुः

१. शिक्षा क्षेत्रमा आवश्यकता अनुसारको बजेट विनियोज गर्न नसकिएको,
२. सबै प्रकारका बिद्यालय हरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रभावकारी अनुगमन तथा मुल्यांकनको कमी,

३. ब्यवस्थापन समिति र शिक्षक अभिभावक संघको सक्रियतामा अनुगमन र साझेदारी स्रोतको खोजी गर्न नसकिएको,

४. बालक्लब लगायतका विद्यार्थी समावेश भएका समुहहरुको क्षमता अभिवृद्धि गर्न नसकिएको,

५. सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई प्रोत्साहन गर्न नसकिएको,

६. विद्यालय सुधार योजनालाई व्यवहारिक बनाउन नसकिएको,

७. शैक्षिक संस्थाहरु सुधारको लागि सरोकारवाला निकायहरु संग समन्वयको कमी,

८. विज्ञ समुहको रोष्टर निर्माण गरी शिक्षकको पेशागत बिकासको लागि परिचालन गर्न नसकिएको,

९. पर्याप्त अनुगमन र मुल्याङ्कन गरी प्राप्त परिणामका आधारमा विद्यालयहरुलाई प्रोत्साहन गर्न नसकिएको,

**उपलब्धी:**

आवश्यक नीति नियमको व्यवस्था भई शैक्षिक संस्थाहरुमा सुशासन कायम हुनुका साथै शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ |

### ६.२.७ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | २०८१ (अधार वर्ष) | पाँच वर्षको भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | |
| १ | बिद्यालय व्यवस्थापन समिति , शिक्षक अभिभावक संघका अध्यक्षहरुलाई नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त बिद्यालय सङ्ख्या | १५ | २५ | ३० | ३५ | ४४ | ४४ | |
| २ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्राधानाध्यपक/ सहायक प्र.अ. संख्या | ५ | ९ | ९ | ९ | ९ | ९ | |
| ३ | आधारभूत विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्राधानाध्यपक/ सहायक प्र.अ. संख्या | १५ | २० | २५ | ३० | ३५ | ३५ | |
| ४ | लेखापरीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय संख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | |
| ५ | बिद्यालयसंग आवद्ध पदाधकिारीहरुलाई क्षमता विकास र सुशासन सम्वन्धी तालिम | ३० | ४४ | ४४ | ४४ | ४४ | ४४ | |
| ६ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्राधानाध्यापक नियुक्ति गर्ने माध्यमिक विद्यालयको संख्या | ० | १ | १ | १ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय स्वमूल्याङ्कन कार्यक्रम | ० | ४४ | ४४ | ४४ | ४४ | ४४ | |

## ६.२.८ प्रमुख क्रियाकलाप तथा परिणात्मक

| क्र .स. | प्रमुख क्रियाकलाप | इकाइ | लक्ष्य भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | आवश्यक कानून निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | ० | १ | ० | १ | ३ |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | १ | ० | १ | ० | १ | ३ |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अध्यावधिक | पटक | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ५ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तर्क्रिया | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | लेखा परीक्षण तथा सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहजिकरण | पटक | २ | २ | २ | २ | २ | १० |
| ८ | गाउँपालिका शिक्षाको पार्श्व चित्र निर्माण | पटक | ० | १ | ० | ० | १ | २ |
| ९ | विद्यालयमा सूचना अधिकारी को व्यवस्था | पटक | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| १० | बिद्यालयमा विद्यार्थी, शिक्षक, अभिभावकहरुको आचार संहिता निर्माण तथा कार्यान्वयन | पटक | १ | ० | ० | ० | ० | १ |
| ११ | संस्थातग विद्यालय संचालन मापदण्ड तथा संचालन निर्देशिका सरोकारवालाहरुलाइ प्रवोधिकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |

### ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय र वर्तमान अवस्था

यस गाउँपालिकाले शिक्षाका कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप संचालन गरेको छ। स्थानिय तह र विद्यालयमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ । प्रत्येक विद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन। कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन

गरिनेछ । विद्यालय अनगुमनका क्रममा पालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट समय समयमा अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको शिक्षा समिति र जनप्रतिनीधिहरुलाई समेत सहभागी गराई संयुक्त अनुगमन गरिएको छ । विद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ ।

**(क) समस्या तथा चुनौतीहरु**

१. पर्याप्त बजेट नहुँदा योजनाको प्रभावकारी कार्यान्वयन गर्न कठिन हुनु,
२. कार्यान्वयनका लागि आवश्यक जनशक्ति, उपकरण अभाव रहनु,
३. सरकारी निकाय, विद्यालय, तथा समुदायबीच समन्वयमा कमी रहनु,
४. सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसारमा कमी रहनु|

**६.२.२ उद्देश्यहरू**

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चतता गर्नु,
२. बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,
३. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्ने र सुधार गर्ने,
४. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने,

**६.२ .३ रणनीतिहरू**

१. सङ्घीय तथा प्रदेश सरकारमार्फत प्राप्त अनुदान, गाउँपालिकाको आफ्नो स्रोत र अन्य सहयोगी संघ, संस्थाहरुबाट प्राप्त बजेटसमेतबाट वार्षिक शिक्षा योजना, बजेट तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने,
२. योजना कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका निर्माण गर्ने तथा कानूनको समय सापेक्ष परिमार्जन गरी कार्यान्वयन गर्ने,
३. योजना, कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन, मूल्यांकन तथा सहजीकरण गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने,
४. सम्पूर्ण शैक्षिक सूचनाहरुको एकिकृत व्यवस्थापन गर्ने, त्यसबाट प्राप्त नतिजाको विश्लेषण गर्दै सो को समीक्षा गरी थप सुधारमा प्रयास गर्ने,
५. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको नियमित गठन गर्ने र विद्यालय सुधार योजना निर्माण गरी सोको कार्यान्वयन गर्ने,
६. विद्यालय व्यवस्थापनलाई सशक्त एवं सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवार एवं जवाफदेही बनाउने,
७. विद्यालयहरुमा हुने आर्थिक क्रियाकलाप, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने
८. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रियाका लागि बैठक आयोजना गर्ने तथा सामाजिक परीक्षणलाई नियमित र प्रभावकारी बनाउने,
९. नियमित शैक्षिक कार्यक्रमका अलावा अतिरिक्त कृयाकलाप सञ्चालन मार्फत् विद्यार्थीको वहुपक्षिय क्षमता विकास गर्ने,

१०. बिद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गर्ने |

**६.२.४ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ।

२. प्रभावकारी अनुगमन को माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समय मै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कन मा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने छ |

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | **आधार वर्ष (२०८१)** | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | अनुगमन का आधारमा नतिजा सुधार हुने विद्यालय सङ्ख्या | ३२ | ३५ | ४४ | ४४ | ४४ | ४४ |
| २ | कार्यक्रम कार्यान्यिवन पश्चात सिकाईहरुको दस्तावेज तयार हुने विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |

**६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ३ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ४ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |

## परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

### ७.१ परिचय

संवैधानिक एवम् कानूनी प्रावधान अनुसार विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी रहने व्यवस्था छ। नेपालको संविधानले सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध हुने व्यवस्था गरेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। मौलिक हकको रुपमा रहेको निःशुल्क शिक्षालाई पूर्णतः कार्यान्वयन गर्न स्थानीय तह जिम्मेवार हुनुपर्ने देखिन्छ। स्थानीय तहमा प्राप्त हुने संघीय तथा प्रादेशिक स्रोतको शसर्त अनुदान, समानिकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानले मात्र नभई पालिकाले निःशुल्क शिक्षाको लागि आन्तिरक स्रोतको पहिचान, संकलन र परिचालन गर्न जरुरी छ। पालिकाले माध्यमिक तहसम्मको शिक्षालाई अपनत्व ग्रहण गर्दै बालबालिकाको सहज पहुँच विस्तार गर्ने, आवश्यकता अनुसार भौतिक, शैक्षिक तथा मानविय व्यवस्थापनका लागि योजना निर्माण र कार्यान्वयन गर्ने, त्यस्तै शिक्षकहरुको क्षमता विकास, प्रतिभाशाली विद्यार्थीहरुको

प्रतिभा पहिचान र प्रतिभा अनुसारको अवसर निर्माणका लागि लाग्नुपर्ने देखिन्छ । यसका अतिरिक्त शैक्षिक गुणस्तर विकासका लागि योजना निर्माण तथा कार्यान्वयन गर्न सरोकारवाला निकायसँग परामर्श र समन्वय गर्दै अगाडी बढ्नुपर्ने देखिन्छ । प्रारम्भिक बालविकास शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका सिकाई केन्द्रहरुका नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्र भित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

विकासका पूर्वाधारहरूको पनि पूर्वाधार शिक्षा हो । शिक्षाको समयसापेक्ष विकास हुन नसकेमा भौतिक विकासले मात्र समाजिक परिवर्तन हुन सक्दैन । विश्वमा विकसित राष्ट्रहरुले आफ्नो बजेटको कम्तिमा २० प्रतिशत बजेट शिक्षामा विनियोजन गरेको भएतापनि हाम्रो देशमा सो अनुपातमा बजेट विनियोजित हुन सकेको छैन यद्यपी संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लैजाने नीति उल्लेख गरिएको छ ।

### ७.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित हुनुपर्ने देखिन्छ ।

पञ्चवर्षीय गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई आवश्यकताको आधारमा क्षेत्रगत रुपमा साझेदारी गरिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउने, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यक क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन् । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था पालिकाले गर्नुपर्ने देखिन्छ ।

केन्द्रिय शिक्षा वजेटका अतिरिक्त स्थानीय माग र आवश्यकता लाई सम्वोधन गरी शिक्षामा पहूँच, सहभागिता, गुणस्तर, क्षमता विकास, समता र समावेशिकरण लाई अभिवृद्धि गरी शैक्षिक सुशासन कायम गर्न यस विजयनगर गाउँपालिकाले शिक्षा क्षेत्रका लागि नियमित वजेट विनियोजन गर्दै आएको छ शिक्षा क्षेत्रमा घर परिवार र निजी क्षेत्रको लगानी के कति छ भनि यकिनका साथ भन्न गाह्रो भएता पनि धर परिवार र निजी क्षेत्रको ठूलो लगानी रहेको सहजै अनुमान गर्न सकिन्छ । शिक्षा क्षेत्रमा भएका संवैधानिक एवं कानुनी व्यवस्था, सरकारको शिक्षा नीति आदि कारणहरुले शिक्षामा सार्वजनिक एवं घरपरिवार तथा निजी लगानी लाई प्रभावित गर्दछ । हाम्रो परिवेशमा हेर्दा आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य हुने र माध्यमिक शिक्षा निःशुल्क हुने संवैधानिक व्यवस्था रहेको छ भने शिक्षालाई अधिकारको रुपमा शिक्षा नीतिले लिएको छ । यो परिस्थितिमा तिनै तहका सरकारहरुको समन्वय र सहकार्यमा शिक्षामा सार्वजनिक लगानी वढाउनु पर्ने अवस्था रहेको छ ।

### ७.४ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु

२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

### ७.५ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने
३. वार्षिक रूपमा सशर्त अनुदान बाहेक स्थानीय तहले कुल बजेटको १५ प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित प्रोत्साहन तथा प्रवर्द्धन गर्ने,
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति तयार गर्ने,
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने,
७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने |

### ७.६ प्रमुख उपलब्धि

शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सहितको आवश्यक स्रोतको व्यवस्थापन हुनेछ।

### ७.७ प्रमुख क्रियाकलाप र लक्ष्य

यो शिक्षा योजना कार्यान्वयनमा प्रत्येक पाँच वर्षको क्रियाकलापहरुलाई बजेटमा रुपान्तरण गरि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा गैह सरकारी संस्थाहरु मार्फत प्राप्त हुने अनुमान गरिएको बजेट उपक्षेत्र तथा अन्तरसम्बन्धित विषयक्षेत्रलाई आधार मानी तल उल्लेखित तालिकामा प्रस्तुत गरिएको छ। तल उल्लेखित तालिका अनुसार यस गाउँपालिकाको पाँच वर्षको कुल बजेट एक अर्ब सन्ताउन्न करोड साठी लाख सन्ताउन्न हजार हुने अनुमान गरिएको छ।

**योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया**

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान(हजारमा) | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०८२/०८३ | ०८२/०८४ | ०८२/०८५ | ०८२/०८६ | ०८२/०८७ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १९६८२ | १८२७७ | १८२९९ | २०७९४ | १९१५९ | ९६२१० |
| २ | आधारभूत शिक्षा | १३८८०० | १३९९५१ | १४०३०० | १४११९२ | १४४९२३ | ७०५१६६ |
| ३ | माध्यमिक शिक्षा | ३९८४३ | ४१०४७ | ४२०६८ | ४१०६८ | ४३१७८ | २०७२०४ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १०० | २१५० | १७०० | २१५० | १७०० | ७८०० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ९०० | २००० | १५०० | १५०० | १५०० | ७४०० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ११०५० | ९८५० | १०८५० | ९८५० | १०८५० | ५२४५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | शिक्षक व्यवस्थापन र विकास | १०१० | ९२० | ९३० | १०३० | ९३० | ४८२० |
| ८ | शिक्षामा समता र समावेशीकरण | १३९२ | १६१५ | १८१५ | १८१५ | १८१५ | ८४५२ |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ४९६७० | ५१२३४ | ५२०७४ | ५२८५४ | ५३९७४ | २५९८०६ |
| १० | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | १९८५ | २०८५ | १९८५ | २०८५ | १९८५ | १०१२५ |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ४८१०० | १९८०० | १९८०० | १८९०० | १८९०० | १२५५०० |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १०८४५ | १०८४५ | ११८४५ | ११४४५ | ११३४५ | ५६३२५ |
| १३ | मदरसा शिक्षा कार्यक्रम | २९९५ | ३०९० | २९९० | २९९५ | २९९० | १५०६० |
| १४ | शुसान तथा व्यवस्थापन | १९५७ | २००२ | १९५२ | १८०२ | २१५२ | ९८६५ |
| १५ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | १४२० | १४२० | १४२० | १४२० | १४२० | ७१०० |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ५५५ | ५५५ | ५५५ | ५५५ | ५५५ | २७७५ |
| **जम्मा** | | **३३०३०४** | **३०६८४१** | **३१००८३** | **३११४५५** | **३१७३७५** | **१५७६०५७** |

(यस तालिका संग सम्बन्धित सम्पूर्ण बिवरण अनुसूची नं ६ मा उल्लेख गरीएको छ)

माथि उल्लेखित तालिका अनुसार शिक्षा क्षेत्रका १६ वटा उपक्षेत्रहरूमा प्राथमिकताका आधारमा प्रत्येक वर्षका लागि बजेट अनुमान गरीएको छ । शिक्षामा सबैको पहुँच सहित गुणस्तरीय सार्वजनिक शिक्षा प्रदान गर्नका लागि प्रस्तावित बजेटले मार्गनिर्देश गर्नेछ । योजना कार्यान्वयनको पहिलो वर्षको तुलनामा अरु वर्षको बजेट वृद्धि गर्दै लगिएको छ । प्रस्तुत बजेटको अनुमान सङ्घ, प्रदेश र स्थानीय तहलाई समेत ध्यानमा राखी प्रस्तुत गरीएको छ ।

यो योजनालाई सार्थक रुप प्रदान गर्नका निम्ति संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विद्यालय र विभिन्न गैह्र सरकारी संस्थाहरु मार्फत श्रोतको आंकलन गरिएको छ । तसर्थ तल उल्लेखित तालिकामा पाँच वर्षको योजना कार्यान्वयनको दौरान माथि उल्लेखित निकायहरु मार्फत बाट प्राप्त हुन सक्ने बजेटलाई आंकलन गरीएको छ ।

**शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा विभिन्न क्षेत्रबाट ५ वर्षको अवधिमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.स. | वित्तिय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | ९९०९७२०२०. | ६२.८८ | |
| २ | प्रदेश सरकार | ८४०००००. | ०.५३ | |
| ३ | स्थानीय सरकार | ४५९९५०२००. | २९.१८ | |
| ४ | सङ्घ संस्था तथा दातृनिकाय | ११६७३५०००. | ७.४१ | |
| **जम्मा** | | **१५७६०५७२२०.** | १००. | |

## परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन

### ८.१ परिचय र बर्तमान अवस्था

अनुगमन र मूल्याङ्कन भनेको अपेक्षित परिवर्तन र वास्तविक परिवर्तनको विश्लेषण गर्ने प्रक्रिया हो। कार्यक्रमबाट मूल्याङ्कन हटायो भने क्रियाकलाप लक्ष्य विहिन हुन्छ। मूल्याङ्कनले कार्यक्रमलाई अझ राम्रो पार्न दिशा निर्देस गर्दछ। लगानीको उपलब्धि मापन गर्नेकाम मूल्याङ्कनले गर्दछ। मूल्याङ्कनले कार्यक्रमको डिजायन गर्न, सुधार गर्न, प्रभावकारी गराउन र पुनरावलोकन गर्न सहयोग गर्दछ। जवाफदेहिताकोलागी, योजनाको विस्वसनीयता वृद्धि गर्न, तुलना गर्न र योजनालाई सुधार गर्न पनि मूल्याङ्कन अयिवार्य हुन्छ। त्यस्कारण मूल्याङ्कन कार्यक्रमको अभिन्न अङ्ग हो। यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। स्थानिय तह र विद्यालय को आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक विद्यालय ले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन। कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा बि।व्या।स। र प्र।अ।को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा पालिकाले समग्र पक्षको ९शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक नियमित अनगुमन, सपुरिक्षण, निरीक्षण गर्नेछन्। अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

बर्तमान अवस्थामा भौतिक निर्माण तर्फको अनुगमन मूल्याङ्कन खासगरी प्राविधिक शाखा मार्फत गराइन्छ। यसबाहेक गाउपालिका स्तरीय अनुगमन टोली मार्फत भौतिक तथा शैक्षिक कार्यक्रमको अनुगमन गरी पृष्टपोषण दिने गरिन्छ। शैक्षिक कार्यक्रमको सम्बन्धमा शिक्षा साखाबाट आवश्यकताका आधारमा अनुगमन मूल्याङ्कन र पृष्टपोषण गर्ने व्यवस्था गरिएको छ। समुदाय स्तरमा बार्षिक एक पटक समग्र कार्यक्रम सामाजिक परीक्ष गरेर पृष्टपोषण दिने व्यवस्था छ । विद्यालय स्तरमा प्रधानाध्यापकले कक्षा शिक्षण तथा विद्यालयको समग्र कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पृष्टपोषण गरी त्यसको प्रतिवेदन शिक्षा साखामा पेश गर्ने अभ्यास गरीएको छ।

चुनौती तथा अवसरहरू

क) समस्या र चुनौतिहरूः

१. गाउँपालिकामा पर्याप्त कर्मचारीको कमी ,

२. बिद्यालयको समग्र बिकास कार्यक्रमहरुमा अभिभावकहरुको संलग्नता न्यून रहनु |

### ८.४ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकिकृत प्रणाली विकास गर्ने,
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्ने,
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने।

### ८.५ रणनीति

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
३. विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने,
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन विज्ञ टोलीबाट कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने,
५. योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने,
६. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गर्ने|

### ८.६ प्रमुख उपलब्धि तथा नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुने छ,
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ,
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | **आधार वर्ष (२०८१)** | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | अनुगमनका आधारमा नतिजा सुधार हुने विद्यालय सङ्ख्या | ३२ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| २ | अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको विद्यालय सङ्ख्या | ३२ | ४४ | ४४ | ४४ | ४४ | ४४ |

### ८.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र.सं.** | **प्रमुख क्रियाकलाप** | **एकाइ** | **भौतिक लक्ष्य (पाँच वर्ष)** | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **२०८२** | **२०८३** | **२०८४** | **२०८५** | **२०८६** | **जम्मा** |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका | पटक | १ | ० | १ | ० | ० | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लागि सूचक  तयार तथा अद्यावधिक गर्ने | | | | | | | |
| ३ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ४ | विद्यालयहरुको शैक्षिक, भौतिक, प्रशासनिक र व्यवस्थान लगायतका समग्र पक्षको अनुगमन र प्रतिवेदन तयारी तथा समिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ |

## अनुसुचीहरु

### अनुसूची नं १
### प्रारम्भिक वालविकास को अवस्था

| क्र.स. | नाम | सहजकर्ताको तालिमको अवस्था | | छुट्टै कोठाको व्यवस्था | | | बसाई व्यवस्था | | भित्ता सजावट | | सिकाई सामाग्री व्यवस्था | | | खेल सामाग्री व्यवस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तालिम पाएको | तालिम नपाएको | छ | छैन | खाली भुई | उपयुक्त फर्निचर सहित कार्पेटिङ | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीकै | हुँदै नभएको | Indoor out door दुबै | Indoor मात्र | out door मात्र | कुनै छैन | कैफियत |
| १ | श्री दुधाधारी मा.वि, विजयनगर १ गुगौली | छ | छैन | छ | छैन | | छ | | छ | | | छ | | छ | | छैन | | |
| २ | श्री जन जागृति मा.वि, विजयनगर 2 लोहरौला | छ | छैन | | छ | | छ | | छ | | | छ | | छ | | छैन | | |
| ३ | श्री नेपाल तारा मा.वि, विजयनगर 2 महुवाबारी | छ | छैन | | छ | | छ | | छ | | | छ | | छ | | छैन | | |
| ४ | श्री भुवनेश्वरी मा.वि, विजयनगर ३, जगदीशपुर | छ | छैन | | छ | | छ | | छ | | | छ | | छ | | छैन | | |
| ५ | श्री शिव मा.वि, विजयनगर ५ डालपुर | छ | छैन | | छ | | छ | | छ | | | छ | | छ | | छैन | | |
| ६ | श्री लौटन राम द्रोपदी देवी मा.वि, विजयनगर ७ गणेशपुर | छ | छैन | | छ | | छ | | छ | | | छ | | छ | | छैन | | |
| ७ | श्री आधारभूत विद्यालय, विजयनगर १ थरौली | छ | छैन | छ | | | छ | | छ | | | छ | | छ | | छैन | | |
| ८ | श्री आधारभूत विद्यालय, विजयनगर १ नेवलागंज | छ | छैन | छ | | | छ | | छ | | | छ | | छ | | छैन | | |
| ९ | श्री जनज्योति आधारभूत विद्यालय, विजयनगर ४ | छ | छैन | छ | | | छ | | छ | | | छ | | छ | | छैन | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शंकरपुर | | | | | | | | | | | | | | | | | |
| १० | श्री त्रिनेत्र माध्यमिक विद्यालय, विजयनगर ७ मधुनगर | छ | छैन | छ | | | छ | | छ | | | छ | | छ | | छैन | | |
| ११ | श्री जनज्योति आधारभूत विद्यालय, विजयनगर ७ मानपुर | छ | छैन | छ | | | छ | | छ | | | छ | | छ | | छैन | | |
| १२ | श्री रामशरण आधारभूत विद्यालय, विजयनगर ६ जुडपनिया | छ | छैन | छ | | | छ | | छ | | | छ | | छ | | छैन | | |
| १३ | श्री हरिबोध माध्यमिक विद्यालय, विजयनगर ६ प्रेमनगर | छ | छैन | छ | | | छ | | छ | | | छ | | छ | | छैन | | |
| १४ | श्री पंचजन आधारभूत विद्यालय  विजयनगर ३ महदेइया | छ | छैन | | छै | | छ | | छ | | | छ | | छ | | छैन | | |
| १५ | श्री कामना प्रा.वि विजयनगर १ जववैराठ | छ | छैन | छ | | | छ | | छ | | | छ | | छ | | छैन | | |
| १६ | श्री जनचेतना प्रा.वि.विजगनयर १ गोबरहवा | छ | छैन | छ | | | छ | | छ | | | छ | | छ | | छैन | | |
| १७ | श्री अर्रा प्रा.वि, विजयनगर १ वीरनगर | छ | छैन | छ | | | छ | | छ | | | छ | | छ | | छैन | | |
| १८ | श्री शान्ती दीप प्रा.वि, विजयनगर २ जर्लैया | छ | छैन | छ | | | छ | | छ | | | छ | | छ | | छैन | | |
| १९ | श्री जनता आधारभूत विद्यालय ३ पत्थरदेईया | छ | छैन | छ | | | छ | | छ | | | छ | | छ | | छैन | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | आधारभूत विद्यालय विजयनगर ३ मयनारी | छ | छैन | छ | | | छ | | छ | | | छ | | छ | | छैन | | |
| २१ | महाकाली आधारभूत विद्यालय विजयनगर ४ वेतनी | छ | छैन | छ | | | छ | | छ | | | छ | | छ | | छैन | | |
